# अध्याय - एक

## १. परिचय

### १.१ अध्ययनको पृष्ठभुमि

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक विशेषता युक्त  देश हो (अन्तरिम संविधान २०६३:१) । भौगोलिक एवं सांस्कृतिक विविधताले भरिपुर्ण भएको यो देश आर्थिक रुपले गरिब र क्षेत्रफलको हिसावले सानो भएपनि जातजाति, भेषभुषा, भाषा, धर्म र संस्कृतिका दृष्टिले निकै ठुलो र धनि मानिन्छ । नेपालको इतिहासलाई हेर्ने हो भने विभिन्न समयमा विभिन्न जाति र समुदायका मानिसहरु उत्तर र दक्षिणबाट नेपालमा प्रवेश गरेको पाइन्छ । यसरी यिनीहरु नेपालमा प्रवेश गर्दा आफ्नो भाषा, धर्म र संस्कृतिलाई पनि संगै लिएर आए र पछि समयक्रम संगसंगै परिवर्तन हुँदै गयो । यसैले नेपालमा जातिय विविधता देखापऱ्यो । उत्पतिका हिसावले नेपालमा आर्य, मंगोल, आष्ट्रिक र द्रविण जातिहरुको बसोबास छ । (न्यौपाने सन् २०००:२)  यसरी आर्य, मंगोल, आष्ट्रिक र द्रविण हाँगामा विभिन्न जनजातिहरु बसोबास गर्ने भएकोले नेपालमा यति नै जनजाती छन् भन्ने कुरामा विद्वानहरु विच एकमत छैन । वि.स. २०४८ सालको जनगणनामा सबैभन्दा पहिले जनजातिहरुको तथ्याङ्क संकलन गरिए पनि २६ वटा जनजातिहरुको मात्र जनसांख्यिक विवरण प्राप्त छ । बाँकी जनजातिहरुलाई अन्य शिर्षकमा राखिएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसुचीमा ५९ वटा जनजातिहरु देशका विभिन्न भागमा छरिएर रहेका छन् भने तापनि जनगणना २०५८ मा जम्मा ४३ जनजाति समुहको तथ्याङ्क संकलन गरिएको छ । (के.त.वि. २०५८) यि विभिन्न जनजातिहरुको अध्ययन अनुसन्धान गरी उनीहरुको भाषा धर्म, संस्कार र संस्कृतिको जगेर्ना गर्नु सम्पूर्ण जातिहरुको साझा दायित्व हो ।

नेपालको हिमाली क्षेत्रमा मंगोलीयन मुलका शेर्पा, ल्होमी, थकाली, भोटे आदि पहाडी क्षेत्रमा गुरुङ्ग मगर, राई, लिम्बु, तामाङ्ग आदि जनजातिहरु बस्दछन् । यसैगरी पहाडी क्षेत्र तथा बेसी खोच र भित्री मधेशमा दनुवार माझी जस्ता पिछडिएका जातिहरु बसोबास गरेको पाइन्छ । भने तराई क्षेत्रमा थारु, मुसहर, यादव, सिंह राजवंशी आदि जातिहरुको बसोबास पाइन्छ । यस्का साथै दुई बेग्लाबेग्लै भौगोलिक र सांस्कृतिक परम्परा भएका विशाल छिमेकी देश भारत र चिनको माझमा रहनु र प्राचिन कालदेखि नै समय-समयमा यहाँ विभिन्न हिसावले अनेक जाति उपजातिहरुका मानिसहरु मिसिने प्रकृया बारम्बार चल्दैआउनु जस्ता कुराले पनि नेपालमा जातिय, भाषिक र सांस्कृतिक विविधताको स्थिति रहन गएको कुरामा कसैको दुईमत छैन । अत, नेपालको आकार सानो भएपनि विभिन्न जाति समुदायहरुको बसोबास र उनीहरुको आफ्नै भाषा धर्म, संस्कृतिले अरु मुलुक भन्दा फरक ढंगले चिनाएको छ । आज विश्व २१ औ शताब्दिमा प्रवेश गरेको छ । आजभोलि जुनसुकै राष्ट्रमा पनि आदिवासी जनजति समुदायसंग सम्बन्धित मुद्दाहरु प्रशस्तै उठेका छन् । आदिबासी जनजाति प्रतिको विभेद र उनीहरुको सिमान्तिकरण मुलुकमा विद्यमान सांस्कृतिक विविधताको कारण वर्तमान नेपालको समान जातिय संरचनाको लागि चुनौतीको रुपमा रहेको छ । नेपालमा वर्तमान अवस्थामा संविधान सभाको निर्वाचन पछि देश नयाँ संविधान निर्माण र राज्यको पुनसंरचनाको प्रकृयामा छ । राज्यको संविधानमा सबैलाई समान अवसर दिई देश विकासको मुल प्रवाहमा सहभागी गराउनु पर्ने कुराहरु आदिबासी जनजातिहरुको सवालसँग सम्बन्धित छन । नेपालमा वर्षौ देखि पिछडिएका यी जनजातिहरुको भाषा, धर्म लिपि, संस्कार आदिलाई संरक्षण र तिनीहरुलाई शिक्षा, रोजगार र स्वास्थ्य मात्र नभई राज्यको तह र संयन्त्रहरुमा पहुँच दिने निति नेपाल सरकारले बनाउनुपर्ने आवश्यकता देखिन्छ ।

वास्तवमा आदिबासी जनजातिको हुन भन्ने सन्दर्भमा नेपाल सरकारले नेपालको करिव ३६.३ प्रतिशत जनसंख्यालाई आदिबासी जनजातिका रुपमा सुचिकृत गरेको छ । (के.त.वि. २०५८) 'आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८' ले ५९ थरिका सांस्कृतिक तथा भाषिक समुदायलाई सुचिकृत गरि आदिवासी जनजातिका रुपमा किटान गरेको छ । ऐनले आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रितिरिवाज, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई जनाउँछ भनि परिभाषित गरेको छ । आदिबासी जनजातिहरुको आफ्नै पृथक पहिचान, संस्कृति, भाषा, धर्म इतिहास र संस्थागत संरचना सहित पुर्खौली भूमिसंग भावानात्मक सम्बन्ध राख्दछन् । आफ्नो विशिष्ट परम्परागत कानुन, ज्ञान, मुल्य मान्यता संगै नेपालका आदिवासी जनजाति हिन्दु वर्णाश्रममा आधारित जातिय पद्धति भन्दा पृथक स्वरुप बोकेका समुदायका रुपमा स्थापित छन् ।

२००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोन पछि आएको परिवर्तन र निजिकरण, खुल्ला अर्थव्यावस्था यातायात, सञ्चार प्रविधि, एक ठाउँबाट अर्को ठाउँमा हुने बसाईसराईको कारणले विभिन्न जाति समुदायहरुको मौलिक भाषा, संस्कृति लोपहुने अवस्थामा छन् । २०५८ सालको जनगणना अनुसार नेपालका जनजातिहरु मध्ये मुख्यत पहाडी भागमा बसोबास गर्दै आइरहेको मगरहरुको जनसंख्या सबैभन्दा धेरै छ । उनीहरु १६,२२४२१ जना अर्थात जनजाति जनसंख्याको २१.१७ प्रतिशत रहेका छन् । (के.त.वि.२०५८) मंगोलियन मुलका जाति समुदाय भित्र पर्ने मगरहरु लुम्बिनी, राप्ती, धौलागिरी र गण्डकी अञ्चलमा धेरै वर्ष पहिलेदेखि बसोबास गर्दै आएको पाइन्छ । तर वर्तमान अवस्थामा मगरहरु नेपालका सबै भु-भागका साथै भुटान, सिक्किम, दार्जिलिङ्गमा पनि छरिएर रहेका छन् । मगराँती भाषा मगरहरुको मातृभाषा हो । यो भाषालाई दुई समुहमा विभाजन गरिएको छ । अठार

मगराँती भाषा र बाह्र मगराँती भाषा अठाँर मगराँती भाषा अर्न्तगत खाम भाषा र काइके भाषा पर्दछन् र यो भाषा विशेष गरी गुल्मी, रोल्पा सल्यान, प्यूठान, बागलुङ्ग, रुकुम, डोल्पा आदि जिल्लाहरुमा बसोबास गर्ने मगरहरुले बोल्ने गर्दछन् । अठाँर मगराँती भाषाको विकास, संरक्षण र सम्बर्द्धनको लागि 'अठाँर मगराँत मगर भाषासाहित्य प्रतिष्ठान' नामक संस्था क्रियाशिल पनि छ । त्यस्तै बाह्रमगराँती भाषा बोलिने जिल्लाहरु पाल्पा, तनहु, स्याङ्गजा चितवन, नवलपरासी, रामेछाप, सिन्धुली, उदयपुर महोत्तरी, इलाम, पाँचथर, धनकुटा र सर्लाही रहेका छन् । यि भाषाहरु सबै भोट बर्मेली भाषा अर्न्तगत पर्दछन् । (http://Nepali Janajati.com)

मगर जातिलाई मुख्यतया २ भागमा विभाजन गरिएको छ । अठाँर पन्थी र बाह्र पन्थी । कैंयौ मानवशास्त्रीहरुले अठाँर पन्थीलाई चौंध पन्थीमा पनि विभाजन गरेको पाइन्छ तर यि मगरहरुमा सानोठूलो भन्ने भेद भाव कतै पाइदैन । भाषामा विविधता भएपनि यिनीहरुको अधिकांश परम्परा, रितिरिवाज र संस्कृति एक आपसमा मिल्दछन् । अठाँर पन्थी मगरहरको पनि आफ्नै लोक संस्कृतिहरु छन्, झिमकिरी, पैसेरु जस्ता नाँचहरु पनि छन् तर हालको परिवर्तनसिल समाजमा मगराँती लोक संस्कृतिको भाविष्य माथिको प्रश्नमा गहिरिएर सोच्नुपर्ने देखिन्छ । त्यसैले मगरहरुको लोक संस्कृतिलाई अध्ययन र अनुसन्धान गरि संरक्षण गर्नु नेपालको मौलिक संस्कृतिको जगेर्ना गर्ने सन्दर्भमा महत्वपूर्ण देखिन्छ । नेपालका जनजातिहरु मध्ये मगर जाति सबैभन्दा धेरै जनसंख्या भएको जाति हो अथवा सम्पूर्ण जातिहरुको जनसंख्यालाई हेर्दा तेस्रो धेरै जनसंख्या भएको जाति हो । भाषिक हिसावले मगर मातृभाषा बोल्ने मगरहरुको जम्मा जनसंख्या ७,७०,११६ रहेको छ । जस्मा पुरुष ३,७२,५६८ र महिला ३,९७,५४८ रहेको छ । (के.त.वि. २०५८)

मगरहरुको शारीरिक विशेषतालाई हेर्दा मंगोलियन विशेषता भएका जाति समुदाय हुन । यिनीहरु बोद्धमार्गी हुन तर प्राचिन कालदेखि खस-बाहुनसंगको निकट

सम्बन्धले गर्दा हिन्दु धर्मको प्रभाव परि धेरै हिन्दु धर्म मान्दछन् । हिन्दु धर्म माने पनि हिन्दुहरुले भन्दा भिन्न शिकारी देवता, घर र बाहिरका देविदेवताहरु, बाजेबज्यै पितृ देवताहरु अझै पनि मान्ने गर्दछन् । आफ्नै मौलिक पुजा पद्धती अपनाउँदछन् । यिनीहरु धामी झाक्रीमा बढी विश्वास राख्ने गर्दछन् । यिनीहरुको धामीलाई 'दाङ्गर' र झाँक्रीलाई 'रमा' भनिन्छ । मगरहरुको परम्परागत आध्यात्मिक तथा सामाजिक नेतालाई 'भुषाल' भनिन्थ्यो जो पहिले धेरै शक्तिशाली थिए । मगरहरुको धार्मिक क्रियाकलापको संचालन, सामाजिक व्यावस्था र उत्पादन प्रणालीको सुदृढिकरण, स्रोत व्यावस्थापन, झगडा तथा विवादहरुको निर्क्योल, मनोरञ्जन र सामुदायिक ऐक्यवद्धता जस्ता कार्यहरुलाई व्यावस्थित गर्न आफ्नै संस्था'भेजा' हुन्छ । मगरहरुको संस्कार सम्पन्न गर्नको लागि धेरै ठाउँमा पुरेतको सट्टा कुटुम्व लगाइ पहिलो पटक जन्मिएको छोराको लागि फूल टिका दिएर अन्नप्रासनको संस्कार सम्पन्न गर्ने चलन छ । (http:// Nepali Janjati.com)

सोझो व्यवहार मिलनसार प्रकृति लगन शील र बहादुर जातिय स्वाभाव भएका कारण मगरहरु पृथ्वीनारायण शाहको पालादेखि सैनिक र निजामति सेवामा भर्ती भई हाल सम्म पनि ब्रिटिस, भारतिय र नेपाली सेनामा भर्ती भई विरता र बहादुरी देखाउन सफल भएका छन् । यिनीहरुको परम्परागत पेशा भनेको कृषि र पशुपालन हो तर वर्तमान अवस्थामा भने यिनीहरु उद्योगधन्दा, व्यापार व्यावसायतर्फ पनि आकर्षित भइरहेको पाइन्छ ।

## १.२. समस्याको कथन

नेपाल भौगोलिक रुपले सानो मुलुक भएपनि यहाँ बसोबास गर्ने समुदायहरु र तिनीहरुका बेग्ला बेग्लै भाषा, धर्म, संस्कृतिले गर्दा एउटा सानो फूलवारी भित्र अनेक थरीफूलहरुको साझा फूलवारी बनेको छ । यहाँ बसोबास गर्ने जाति समुदायहरुको बारेमा समाजशास्त्रीय दृष्टिकोणले अझै राम्रो सँग अध्ययन हुन सकेको छैन । आज

कतिपय अल्पसंख्यक जनजातिहरुका संस्कृतिहरु लोप हुने अवस्थामा छन् भने कतिपय जनजातिरुलाई आफ्नो इतिहास, भाषा, संस्कृति नै थाहा छैन । आफ्नो पुर्खाले अगाल्दै आएको संस्कृतिलाई त्यागेर अन्य जाति समुदायसँग समायोजन भई उनीहरुको भाषा धर्म, संस्कृति भग्नावशेषको रुपमा मात्र रहेको छ । यसरी अध्ययन हुन बाँकी समुदायहरुका संस्कृतिहरु लोप हुने स्थितिमा पुगेका छन् । भने अध्ययन अनुसन्धान भएका जाति समुदायका सांस्कृतिक र सामाजिक अवस्थामा पनि अध्ययनको लामो अन्तरालपछि निकै परिवर्तन भई सक्ने हुनाले मगर जातिमा पहिले देखि चलिआएका संस्कृति र वर्तमान अवस्थामा यसको परिवर्तनको बारेमा अध्ययन हुन बाकी नै रहेको  छ । मौलिक लोक संस्कृति रितिरिवाजका धनि मगरहरुको आफ्नै रितिरिवाज विवाह संस्कार, चाडपर्व, पुजाआजा विस्तारै परसंस्कृति ग्रहणको कारणले गर्दा हराउदै जाने स्थितिमा छ र यो जातिको संस्कृति हराउदै जानु भनेको एउटा सिङ्गो राष्ट्रको साझा सम्पति लोप हुनु हो ।

हंशपुर गा.वि.स. मा पर्ने सुजिनपुर गाउँका मगर जातिको यस अध्ययन /अनुसन्धानको निम्न लिखित प्रश्नहरुको समाधान गर्ने प्रयास गरेकोछु ।

- सुजिनपुर गाउँका मगरहरुको सांस्कृतिक सामीजक पक्ष के कस्तो अवस्थामा जिवन्त रहेको छ ?
- संस्कृतिमा के कस्तो परिवर्तनहरु भएका छन् ?
- परिवर्तन आउनुका कारणहरु के के हुन् ?
- सांस्कृतिक र सामाजिक पक्षको परिवर्तनबाट के कस्तो परिणाम देखिएको छन् ?

यी माथिका समस्याहरुको समाधानका लागि यो शोधपत्र आधारित रहेकोछ । यी प्रश्नहरुको उत्तरको खोजीका लागि प्यूठान जिल्ला हंशपुर गा.वि.स. मा पर्ने सुजिनपुर गाउँका मगरहरुको सांस्कृतिक र सामाजिक पक्षको अध्ययन गरिएकोछ ।

### **१.३. अध्ययनको उद्देश्यहरु**

मगर जातिको लोप हुन लागेको भाषा, संस्कृति परम्परा, चालचलन, भेषभुषा आदिको खोज अनुसन्धान गरि उनीहरुको लोक संस्कृतिलाई जीवित राख्ने कार्यको साथै संरक्षण र सम्बद्धन गर्न सहयोग पुर्‍याउने उद्देश्यले यो विषयको अध्ययन/अनुसन्धान गरिएको छ । यस अध्ययनको लागि निम्न उद्देश्यहरु राखिएको छ ।

- सुजिनपुर गाउँका मगरहरुको सांस्कृतिक र सामाजिक पक्षको जातिय वर्णनको आधारमा विवरण तयार गर्ने ।
- मगरहरुको रहन-सहन, रितिरिवाज, भेषभुषा, चाडवर्प आदिमा आएको परिवर्तनको बारेमा जानकारी दिने
- सांस्कृतिक तथा सामाीजक पक्षमा देखिएका असल अभ्यासहरुको अभिलेख तयार गर्ने ।
- यो जातिको सांस्कृतिक जीवनमा आएको परिवर्तनबाट निस्कने परिणामहरुको बारेमा प्रकाश पार्ने ।

### **१.४. अध्ययनको महत्व एवं सार्न्दभिकता**

समाजको अध्ययन/अनुसन्धान एक निरन्तर चलिरहने प्रकृया भएकाले गतिशिल समाजको अध्ययन अनुसन्धान गर्नु एक महत्वपूर्ण कार्य हो । कुनैपनि जाति समुदायको अध्ययनबाट त्यस समुदायको बारेमा विभिन्न तथ्यहरु पत्ता लाग्दछ ।

उनीहरुमा आएको परिवर्तन, परिवर्तनलाई ग्रहण गर्ने तरिका, उनीहरुका व्यावहारका साथै उनीहरुका समस्याहरुको वास्तविक तथ्यहरु पत्ता लगाउन अनुसन्धान विना सम्भव छैन । तसर्थ देशका विभिन्न भागमा छरिएर रहेका मगरहरुको अध्ययन अनुसन्धान गरि उनीहरुका संस्कृति संस्कारहरु तथा हाल उनीहरुको विद्यमान समस्याहरु पत्ता लगाई जनसमक्ष ल्याउनु यो अनुसन्धानको महत्वपुर्ण पक्ष रहेको छ ।

यसका साथै यस अध्ययनको सैद्धान्तिक र व्यावहारक महत्व पनि रहको छ । सैद्धान्तिक महत्व अर्न्तगत समाज विकासको क्रममा यस जातिको अध्ययनबाट प्राप्त हुने जानकारीले योजातिको उत्पती, नेपाल आगमनका साथै वर्तमानमा उनीहरुको सामाजिक सांस्कृतिक अवस्था आर्थिक शैक्षिक अवस्थाको समेत पत्ता लाग्दछ । यसका साथै यस जातिको परम्परा, चालचलन, मुल्यमान्यता रितिरिवाज, आदिमा भइरहेको परिवर्तन र परिवर्तनको दिशा, स्वाभाव एवं गतिको बारेमा पनि सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ । व्यावहारिक महत्व अर्न्तगत यस जातिको अध्ययन /अनुसन्धानबाट पत्ता लागेको तथ्यहरुको आधारमा निति निर्माण गर्ने तहहरुमा समस्याको विस्तृत जानकारी प्राप्त हुन सक्दछ । त्यस्ता किसिमका जाति वा स्थानमा कुनै कार्यक्रम लागुगर्ने, योजनाविद, सरकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रले कार्ययोजना निर्माण गरी कार्यक्रम सञ्चालन गर्न सजिलो हुन्छ साथै समय, धन र शक्तिको वचत समेत हुन्छ ।

मगरहरु प्राचिन कालदेखि नै नेपालका विभिन्न भागका साथै यस प्यूठान जिल्लाको हंशपुर गा.वि.स. सुजिनपुर मा बसोबास गर्दै आएका जनजातिहरु हुन वर्तमान अवस्थामा अन्य जाति वा समुदायहरुसंगको सम्बन्धका कारण उनीहरुको परापुर्वकाल देखिचल्दै आइरहेका मौलिक भेषभुषा भाषा, संस्कारहरुमा परिवर्तन भइरहेको छ । यस्को बारेमा अध्ययन गरी उनीहरुको मौलिक संस्कृतिलाई जगेर्ना गर्न सहयोग पुऱ्याउने आशा लिएको छु ।

# अध्याय - दुई

## २. सन्दर्भ साहित्यको समिक्षा

नेपाल मानवशास्त्रीय दृष्टिकोणले अध्ययन अनुसन्धानको निम्ति स्वर्ग नै मानिन्छ । (विष्ट १९७६) नेपालमा समाजशास्त्रीय/मानवशास्त्रीय अध्ययन ग्रामीण विकास कार्यक्रमको पुर्वाधार संगै भएतापनि नेपाली समाजको विभिन्न पक्षको अध्ययन १८ औ शताब्दिको अन्त्यतिरबाट ब्रिटिश civil servant यात्री missionaries जस्तो कर्क प्याट्रिक (१८११) हड्सन (१८७४) फादर गुडसिप आदिले शुरु गरेको जातिगत विवरणबाट शुरुवात भएको देखिन्छ । सन् १९५० देखि भने थुप्रै स्वदेशि तथा विदेशी समाजशास्त्री तथा मानवशास्त्रीहरुले नेपाली समाजको अध्ययन अनुसन्धान गरेको पाइन्छ । विभिन्न क्षेत्रको मगर जातिको अध्ययन अनुसन्धान भएतापनि नेपालको पश्चिमी क्षेत्रमा रहेको प्यूठान जिल्लाको पनि दक्षिण पुर्वी भागमा रहेको पिछडिएको, आफ्नै मौलिक भाषा, संस्कृति परम्परा र रितिरिवाजमा सुशजित भएका हंशपुर गा.वि.स.वडा नं. ५ सुजिनपुर  मा बसोबास गर्ने मगर जातिको अध्ययन अनुसन्धान भएको पाइदैन । विभिन्न जाति/जनजातिहरुमा विभाजित नेपाली समाजमा आ-आफ्नै धर्म संस्कृति, परम्परा, रितिरिवाज, चालचलनहरु रहेका छन् । त्यसैले यहाँ बसोबास गर्ने सबै जाति/जनजातिहरुको सामाजिक तथा सांस्कृतिक पक्षको गहिरो अध्ययन अनुसन्धान गरि समुन्नत राष्ट्रको निर्माण गर्न सजिलो हुने आशाका साथ यस सुजिनपुर गाउँका मगर जातिको अध्ययन/अनुसन्धान गरिएको छ ।

जुनसुकै विषयवस्तु वा जाति/जनजातिको अध्ययन अनुसन्धान गर्दा त्यस जातिको बारेमा के, कति, कोबाट, कहिले र कुन पक्षको बारेमा अध्ययन अनुसन्धान भएको छ । सो को बारेमा व्यापक अध्ययन गर्नु आवश्यक देखिन्छ । यसै सन्दर्भमा नेपालमा परापुर्वकाल देखि नै बसोबास गर्ने मगर जातिको बारेमा पनि विभिन्न स्वदेशी तथा

विदेशी समाजशास्त्री/मानवशास्त्रीहरुका साथै विभिन्न विधानहरुले अध्ययन अनुसन्धान गरेको पाइन्छ । यिनै विभिन्न विद्यानहरुले विभिन्न समयमा यस जातिको बारेमा गरिएको अध्ययन अनुसन्धानलाई यहाँ चर्चा गर्ने प्रयत्न गरिएको छ ।

## २.१ सैद्धान्तिक दृष्टिकोण

समाजशास्त्रीय अनुसन्धानका क्रममा अहिले सम्म भएका केही महत्वपूर्ण अनुसन्धानलाई सैद्धान्तिक दृष्टिकोण अन्तर्गत राखिएको छ । जसअनुसार मानवशास्त्री H.Spencer, Lewis H. Morgon and E.B. Tylor ले समग्र दृष्टिकोणबाट समाज तथा सांस्कृतिको अध्ययन गरेका थिए । उनीहरुले सामुहिक रुपमा इतिहास, जीव विज्ञान, पुरातत्वशास्त्र, धर्मलाई समान क्षेत्रको रुपमा हेर्थे । उद्विकासवादी सिद्धान्तको प्रभाव १९ औ र २० औ शताब्दीमा बढी रहेको थियो । त्यस्तै Sir James frazer (1990) M.H.R. Rivers (1914) / Hanry Maine (1871) ले समग्र दृष्टिकोणबाट मानव व्यवहार र समाज साँस्कृतिको अध्ययन गरे ।

त्यस्तै गरेर (Bronislaw Molinoswki) ले सबैभन्दा पहिला जातजातिको अध्ययन गरेका थिए । उनले यस अध्ययनका क्रममा अध्ययन क्षेत्र (१९१४-१९२०) प्रत्यक्ष रुप्मा बसेर (Argonauts of the Western Pacific)भन्ने कृति तयार पारे उनले यस कृति न्यूगिनीको ट्रोवियण्ड टापुमा बसेर गरेका थिए । यसमा Malinoskwi ले सैद्धान्तिक र व्यवहारिक रुपमा मानव व्यवहारको अध्ययन र अनुसन्धानलाई जोड दिए । यस अध्ययन Malinowski ले जनजातीय ढाँचा अपनाएर गरेका थिए । उनका अनुसार जुन जातिको सँस्कृतिक अध्ययन गरिन्छ त्यहि जातिको मातृभाषा अनिवार्य रुपले सिक्नुपर्नेमा जोड दिएका छन् । उनले टापुमा बारेमा अध्ययन गर्दा उनीहरुको गाउँमा बसी उनीहरुसँग भिजेर चार्डपर्व र साँस्कृतिक क्रियाकलापमा भाग लिएर सँस्कृतिको अवलोकन गरेका थिए ।

हिमाली क्षेत्रको जनताको बारेमा पहिलो अध्ययन गर्ने मानवशास्त्री C.F Hamindrof मानिन्छ । उनको "नेपालका शेर्पाहरु" (१९६४) एउटा परम्परागत जनजातिय अध्ययन हो । यस कृतिमा लेखकले सोलखुम्बु जिल्लाका शेर्पाहरु जो खुम्बु भूभागमा बस्छन् उनीहरुको, कृषि, व्यवहार, पशुपालनलाई कसरी अनुकुल गरेका छन् भन्ने बारेमा अध्ययन गरेका छन् ।

Lionel Caplan ले Land and social change in east Nepal भन्ने पुस्तक लेखेका छन् । जुन पुस्तक नेपालको पूर्व पहाडी जिल्ला इलामको इन्द्रेणी क्लस्टरका लिम्बुहरुको किपट भूमिको स्वामित्व र त्यस विषयमा देखा परेका द्वन्दलाई आधार मानेर यो पुस्तक तयार पारिएको हो । जसमा इन्द्रेणी क्लष्टरको संरचना लिम्बु र ब्राह्मण बीचको आर्थिक, राजनीतिक र साँस्कृतिक सम्बन्ध एवं द्वन्द र किपट भूमि रैकरमा परिणत भएको कुरालई प्रष्ट्याइएको छ ।

त्यस्तै गरी A.P Caplan ले Priest and Cobbers भन्ने पुस्तक लेखेका छन् । जसमा काठमाडौं देखि २५० माईल टाढा बेल्सापुर जिल्लाको दुराई गाउँमा अवस्थित उच्च ब्राम्मण एवम् अछुत वर्ग बीचको सम्बन्धलाई आधार मानि लेखिएको छ । यो पुस्तक क्षेत्र अध्ययन अनुसन्धानमा आधारित छ । नेपालमा राणाशासनको अन्त्यसँगै विभिन्न परिवर्तनहरु देखा परे । राजनीतिक परिवर्तनसँगै विभिन्न सामाजिक सम्बन्ध र आर्थिक पक्षमा पनि परिवर्तनका लहरहरु आए तर दलितहरुको स्थितिमा कुनै परिवर्तन आएन उनीहरुको अवस्था जस्ताको तस्तै भयो । जसले गर्दा उच्च ब्राह्मणहरुले उनीहरुलाई जहिले पनि शोषण नै गरिरहे ।

Fisher ले तरङ्गपुर गाउँमा बसोबास गर्ने मानिसहरुको व्यापारिक, आर्थिक, तथा सामाजिक, साँस्कृतिक अर्न्तक्रियालाई आधार मानेर तयार पारेका छन् । यस पुस्तकमा तरङ्गपुर बासीले तिब्बत खसान एवम् भारतीयक्षेत्रमा व्यापार विस्तार गर्दै जाँदा उनीहरुको आर्थिक, सामाजिक, साँस्कृतिक पक्षमा आएको परिवर्तनलाई व्याख्या

गरेका छन् । विश्व व्यवस्थात्मक परनिर्भरता एवं साँस्कृतिक अन्तक्रिया उपागमनको माध्यमबाट तरङ्गपुरवासीहरुको जनजीवनको विविध पक्षलाई बाह्य क्षेत्रबाट अलग रहेको तरङ्गपुर विश्व बजारमा प्रवेश गरेको भनी पूँजीवादी अर्थतन्त्रमा संम्लग्न हुन पुगेको पाइन्छ । तरङ्गपुर विश्व व्यवस्थात्मक उपगमनका पृष्ठ क्षेत्रमा रहेको छ पहिलो तथा दोस्रो व्यापारिक चक्रमा यो क्षेत्र परनिर्भरता शोषित, निम्न स्थानमा रहेका छ ।

## २.२ मगर जातिको बारेमा भएका अध्ययनहरु

बराल मगर (२०५०) का अनुसार नेपालका मगरहरु पाँच समुहबाट नेपाल प्रवेश गरेका थिए । जसमा पहिलो समुह पश्चिम भेगबाट आएका मनाङ्गवाका सन्तानहरु नै सर्वप्रथम २३०० इ.पु.तिर प्रवेश गरेका थिए । त्यस्तै दोस्रो समुह आसामबाट र पाँचौ समुह दक्षिण भेगबाट नेपालमा प्रवेश गरेका हुन भन्ने भनाइ छ । मगर जातिको उत्पति चीनको ‘सीम’ भन्ने स्थान बाट भएको र यिनीहरुलाई स्थानीय बासिन्दाहरुले ‘तानसाङ थापा’ भन्थे किनभने तानसाको अर्थ उत्तर र आङ को अर्थमा भन्ने हुन्छ । यसरी उत्तरबाट आएका मगरहरुको मुल बासस्थान उच्च हिमाली भाग हुनुपर्ने हो । यसरी उनले विभिन्न विद्यानहरुको भनाइ र किमदन्तीहरुलाई आधार मानेर तार्किक रुपले पुष्टि गर्ने प्रयास गरेका छन् ।

मगर समाजमा विभिन्न संस्कार र चाडपर्वमा नाचिने नाचहरु सोरठी, घाँटु, कोह्रा र यौनाँच हुन । मगर जातिको चार सय जति थरहरु छन् जसमध्ये पाँच ओटा थरहरु प्रमुख छन् । ती थरहरु थापा, राना, घर्ती, आले र पुन हुन ।

मगरहरुको थर, उपथर बसाइसर्दा उनीहरुको पुर्खाको नाम र कामको आधारमा राखिएको हुदाँ यत्ति नै थर छन् भनेर यकिन गर्न सकिदैन मगरहरुको थर भित्र सयौं उपथरहरु र उपथर भित्र पनि थुप्रै खलकहरु, यसभित्र पनि थुप्रै वंश र गोत्रहरु छन् ।

मगरहरुको गोत्र प्रायः गरेर ब्राह्मण सँग मिल्दछ । नेपालको उत्तरी भेगका मानिसहरु आफ्नो गोत्रको सट्टा कूल बताउने गर्दछन् र कूललाई नै उनीहरु थर मान्ने गर्दछन् । मगरहरुको उपथरहरुको निर्माण विवाहद्वारा पनि हुन्छ । यदि एउटै कूलको केटा र केटीको विवाह हुन पुग्यो भने कुलका केटा छुट्टिन्छन् साथै नयाँ उपथरको जन्म हुन्छ । मगरहरु विभिन्न थर र उपथरका भएपनि सानोठूलो भन्ने भेदभाव हुदैन तर अन्तर भने पाइन्छ । राना थापा आले मगरहरु मात्र शुद्ध मगरहरु हुन तर पुन, बुढाथोकी र घर्ती मगरहरु शुद्ध मगरहरु होइनन् भन्ने उल्लेख गरेको पाइन्छ तर यसो भएको देखिदैन । राना, थापा र आले मगरहरु प्रायः गरेर पश्चिम पहाडी भागमा छन् भने पुन बुढाथोकी र घर्ती मगरहरु प्रायः सुदुर पश्चिम पहाडी भागमा छन् भने पुन बुढाथोकी र घर्ती मगरहरु प्राय सुदर पश्चिमाञ्चलको सुदुर उत्तरी भागमा बसोबास गरेको पाइन्छ भौगोलिक कारणले भाषा संस्कृतिमा अन्तर भए पनि सामाजिक मान्यतामा भेद पाइदैन ।

विष्ट (१९७६) भन्छन् मगरहरु भोट बर्मेली परिवारको भाषा बोल्दछन् । मगरहरुको मुख्य थलो बाह्र मगराँत (लुम्बिनी, राप्ती, भेरी) भएता पनि हालका वर्षहरुमा यिनीहरु नेपालको पुर्वदेखि पश्चिमसम्मका सम्पूर्ण जिल्लाहरुमा फैलिएका छन् । यिनीहरुको मुख्य पेशा कृषि हो । कृषिका साथसाथै यिनीहरु पशुपालन, काठको काम, ढुङ्गाको काम र भवन निर्माण जस्ता कामहरुमा समेत संलग्न रहि आएका छन् । मगरहरु पृथ्वीनारायण शाहका पालादेखि ने सैनिक सेवामा भर्ती भएको हुदाँ यिनीहरु ठूलो संख्यामा गोर्खासैनीकमा लागेका देखिन्छन् । उत्तरतिरका मगरहरुमा बढी जसो केटी भगाएर लैजाने प्रथा कायम छ । उनीहरुले केटीको घरमा सौगात पठाउदँछन् र स्विकार भएपछि विवाह पक्का मानिन्छ । मगरहरु हिन्दु मगरहरु र बुद्धिष्ट मगरहरु गरी दुई प्रकारका धर्म मान्दछन् । हिन्दु मगरहरु कुनैपनि धार्मिक कामकाज गर्नुपर्दा ब्राह्मण पुरेतलाई लगाउदछन् । बच्चा जन्मिएपछि दश दिनसम्म

सुतक बार्दछन् । र एघार दिनमा बच्चाको न्वारान  गर्दछन् । मगर संस्कार अनुसार गरिने छेवार कार्य बच्चा छोरा ५ वा ६ वर्षको उमेरमा गरिन्छ । मगरहरु नजिकको नातेदार मर्दा तेह्र दिनसम्म जुठो वार्ने गर्दछन् । मगरहरु ब्राह्मण पुजारी नअपनाउनेहरुले भाञ्जा वा ज्वाइलाई धार्मिक कार्य सम्पन्न गर्न लगाउदछन् सो कार्य गरेवापत तिनलाई कपडा, खानेकुरा र दक्षिणा दिइन्छ । ब्राह्मण पुजारी नलगाउनेहरु बच्चा जन्मेकामा सुतक केवल ३ दिनसम्म बार्दछन् र चौथो दिनमा न्वारान सम्पन्न गर्दछन् । बुद्धिष्ट मगरहरुको धार्मिक कार्यहरु सम्पन्न गर्नुपर्दा ब्राह्मणको सट्टा लामालाई बोलाउने गर्दछन् । यिनीहरुमा मान्छे मर्दा लाशलाई गाड्ने चलन छ ।

बुढा मगर (२०५३) का अनुसार इशाको नवौ शताब्दिमा युरालसबाट आएका मग्यार घोडचढीहरुले हँगेरीमा अवस्थित देवदुत र तिजामा आई बसोबास गरेका हुन । मगर भाषासँग यी घोडचढीहरुको भाषाका शब्दहरु उच्चारणमा समानता भेट्टिएको छ । यस्तै  १६ औं शताब्दिको अन्त्य र १७ औं शताब्दिको शुरुमा मगराँत देश भानि प्रसिद्धि पाएको पाल्पाको मानचित्र हालको जस्तो सानो नभएर एकदम विस्तृत थियो ।

शर्मा (२०५२) का अनुसार मगरहरुको बसोबास मुख्य तया पाल्पा, प्यूठान, रोल्पा, डोल्पा रुकुम आदी जिल्लाहरुमा भएको पाइन्छ । पहिला पाल्पा जिल्ला विशाल मगराँतको एक मुख्य भाग थियो । यस क्षेत्रमा सेनहरुको प्रभुत्व हुनु अगाडी यहाँका हर्ताकर्ता मगरहरु नै थिए । त्यसबेला यहाँ मगरहरु सबैभन्दा ठूलो संख्यामा रहेतापनि सेन वंशको अन्त्य पछि अन्य जातिको तुलनामा यिनीहरुको संख्या तेस्रो स्थानमा पर्न गयो । यसैले पाल्पा जिल्लालाई मगरहरुको मुख्य थलोको रुपमा मान्न सकिन्छ । मगरहरुको परम्परागत  घर ढुङ्गा माटोले बनेको भित्र बाहिर गोवर माटोले लिउन लगाएको र खरले छाएको हुन्छ । कुनै घरमा बार्दली पनि निकालिएको हुन्छ ।

भुइतलामा अगेना चुलो राखिएको र एउटा कुनामा घरका देवताहरु राखि पूजा गर्ने गरेको पाइन्छ । हरेक परिवारका कूल देवता हुन्छन् जसलाई साधारण तया भान्सा कोठामा राख्ने गर्दछन् । जेठ महिनामा कूल देवताको पूजा हुन्छ । विवाहको सम्बन्धमा दुलाहाले दुलाहिको घरमा उपहार पठाउने र सो उपहार दुलहीका तर्फबाट स्वीकार भएपछि मात्र विवाह पक्का भएको मानिन्छ । यस विधिबाट कुनै कारणवंश विहे नहुने भएमा दुलहीका तर्फबाट हर्जना तिर्ने गरेको पाइन्छ । विहेको खर्चालु प्रवृतिबाट जोगिन केटी भगाउने चलन पनि मगर समुदायमा रहेको छ । मगर समाजमा विधवा विवाहलाई पनि मान्यता दिइन्छ र यस्तो विहेमा केटी भित्राउदा केटाले चुरा मात्र दिन्छ सिन्दुर भने दिदैन । मगर समाज पुरुष प्रधान भएपनि नारी स्वतन्त्रता पाइन्छ । मगर बुहारीहरुले सासु ससुराको नजिक पर्दा घुम्टो काट्नु नपर्ने, पेवा आफु खुसि गर्ने पाउने, विवाहित आइमाईको आफ्नो सम्पत्तिमा हक लाग्नेर लोग्ने सँग मन नमिलेमा माइती फर्कन सक्ने वा पारपाचुके गर्न सक्ने आदि पाइन्छ । मृत्यु संस्कारमा गाड्ने र जलाउने दुवै संस्कार पाइन्छ । बढीमा १३ दिनसम्म जुठो बार्ने चलन छ ।

शर्मा (२०५७) को भनाइ छ मंगोल, किराँत रक्तको छाप परेकोले शारिरीक बनावट थापा, राना, आले मगरका थरको तुलनात्मक अध्ययन गर्दा यी तिनै प्रकारका मगरहरु मुलतः एउटै वंशका थिए तर पछि अलग भएका हुन । सम्भवतः दक्षिणबाट हाम्रो यस प्रदेशमा आउँदा यो जाति तीन हुल भएर आयो । त्यसैले तीन प्रकारका देखिए ।

श्रीस (२०३८) का अनुसार, किराँत प्रदेशमा बसोबास गर्ने जतिलाई किराँत भनिन्थ्यो भने मगर प्रदेशमा बसोबास गर्ने जातिलाई मगर  भनिन्थ्यो । जन्मजयको शासनकालमा नागयज्ञहोम गर्ने कुराले डराएर नाग जाति नेपाल प्रवेश गरेका थिए र उनीहरुले यो कुरा छिपाउनलाई नाग क्षेत्री भन्न छाडि मगर भन्न थाले मगर

जातिको धर्म, सांस्कृतिक उत्पत्तिका बारेमा विभिन्न विद्यानहरुको खोजको आधारमा उनले यस पुस्तकमा उल्लेख गरेका छन् ।

Hamilton (१८१९) का अनुसार मगरहरु उदार स्वाभाव भएका हुन्छन् । यिनीहरुले राजपुतहरुलाई सौहार्दपुर्ण भावनाले स्वागत गरेका थिए र राजपुतहरुको रहनसहन र परम्परा अंगालेको पाइन्छ । गोर्खा राजपरिवार चितौरबाट आएको र राजपुत नभई यिनीहरुको पूर्खा मगर परिवारको भएको उल्लेख गरेका छन् । जेठा दाजु खान्चा खान मगर परिवारका मतबोली शाखाका प्रवर्तक थिए भने भाई मिन्चा खान जनै धारण गरी नुवाकोटको राजा भएका थिए ।

Hitchock (१९६६) का अनुसार, Banyan Hill का मगरहरुको बारेमा विस्तृत अध्ययन गरेका छन् उनका अनुसार मगर समुदायमा रहेका मामा चेली फुपु चेला बीच विवाह गर्ने चलन छ । यिनीहरुको मुल बासस्थान बाह्र मगराँत हो । यस जातिको मुख्य थर थापा, राना, आले र बुढाथोकी हो । यिनीहरु अधिक मात्रामा हिन्दु धर्मबाट प्रभावित छन् । यिनीहरु तिब्बती र भोट वर्मेली परिवारको भाषा बोल्दछन् । यिनीहरुको मुख्य पेशा कृषि  हो । कृषिमा धान, गहुँ, जौ र मकै उत्पादन गर्दछन् ।

माथिका उल्लेखित साहित्य समिक्षालाई हेर्दा विभिन्न विद्यानहरुले विभिन्न समयमा मगर जातिको सम्बन्धमा विभिन्न पुस्तकहरु प्रकाशित गरेतापनि मगर समुदायका सांस्कृतिक अवस्थाको गहन अध्ययन नगरेको अवस्थामा प्रस्तुत अध्ययनमा एक निश्चित क्षेत्र प्यूठान जिल्लाको हंशपुर गा.वि.स.को को वाड नं. ५ सुजिनपुर गाउँमा बसोबास गदै आएका मगरहरुको सांस्कृतिक र सामाजिक पक्षको संरचनात्मक प्रकार्यवादि अवधारणा अनुसार गहन अध्ययन गर्ने प्रयास गरिएकोले महत्वपूर्ण हुन जानेछ  भन्ने आशा गरेको छु ।

# अध्याय - तीन

## ३. अनुसन्धान पद्दति

कुनैपनि विषयमा अनुसन्धान गर्नको एकै प्रकारको अनुसन्धान विधिले मात्र सम्पूर्ण तथ्य जानकारी र सुचनाका श्रोतहरु थाहा पाउँन सकिदैन तसर्थ यस अनुसन्धान पद्दति भित्र अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, समग्र नमुना र नमुना छनौट, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क संकलन विधि, तथ्याङ्कको प्रस्तुति एवं विश्लेषण र अध्ययनको सिमा जस्ता कुराहरुलाई हेरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

नेपालमा मगरहरु विभिन्न भागमा बसोबास गर्दै आइरहेको भए पनि मगरहरुको पुरानो बसोबासको क्षेत्र मानिने राप्ती अंचलको प्यूठान जिल्ला भित्र पर्ने हंशपुर गा.वि.स. भित्र अरु जाति जनजाति भन्दा धेरै जनसंख्या रहेको छ ।अध्ययन क्षेत्र सुजिनपुरमा ७६ घरधुरी सवै मगरहरु बसोबास गर्दछन् । त्यसैले सुजिनपुर गाउँलाई अध्ययन क्षेत्र छानिएको छ । यहाँका मगरको मुख्य पेशा, कृषि, भर्ती र व्यापार व्यावसाय रहेको छ । यस अध्ययन क्षेत्रलाई छनौट गर्नुको औचित्य यसप्रकार रहेको छ ।

- सोधकर्ता स्यमं यस अध्ययन क्षेत्रको भएको हुनाले अनुसन्धान गर्न साधन र श्रोतको सुविधाको साथै मगरहरुसँग शोध कर्ता नजिक भएको कारणले अनुसन्धान गर्न सजिलो हुन जाने हुनाले ।
- यस अध्ययन क्षेत्रका मगरहरुका सांस्कृतिक र सामाजिक पक्षमा परिवर्तन भइरहेको हुनाले सो परिवर्तनका कारणहरु पत्ता लगाइने कार्यमा अध्ययन गर्न अध्ययनकर्ताको रुचि भएको कारणले ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानको प्रकृति वर्णनात्मक ढाँचामा रहेकोछ । जसमा मगर जातिको सांस्कृतिक र सामाजिक पक्षलाई वर्णनात्मक ढंगले प्रस्तुत गरिएको छ ।

## ३.३ समग्र, नमुना र नमुना छनौट

यस अध्ययन क्षेत्रमा बसोबास गर्ने कुल घरसंख्या ७६ मध्ये मगरहरुको घरसंख्या सवै अर्थात ७६ नै रहेको छ । जसमध्ये ५० प्रतिशतले हुन आउने ३८ घर लाई नमुनाको रुपमा छनौट गरिएको छ । नमुना छनौट गर्दा घरधुरी सर्वक्षणको आधारमा विजोर सँख्यामा पर्ने घरधुरीलाई लिइएको छ । यी ३८ घर मात्र नमुना लिनुको कारण यो जातिको समाज सजातिय भएको र यिनीहरुको सामाजिक सांस्कृतिक अवस्था पनि समान खालको भएकाले ३८ घरले यस समुदायको सम्पूर्ण रुपमा प्रतिनिधित्व गर्ने गरि लिइएकोछ । नमुना छनौट गर्नेक्रममा सर्वप्रथम सर्वेक्षणको आधारमा सबै घरहरुबाट घरमुलीको नाम संकलन गरिएकोछ । यसरी नमुना छनौटमा परेका घर परिवारबाट एक एक जना घरमुलीलाई आवश्यकता अनुसार आफूले तयार गरेको प्रश्नावली र चेकलिष्टको आधारमा आवश्यक पर्ने तथ्याङ्क संकलन गरिएको छ । यसरी तथ्याङ्क संकलन गर्ने क्रममा अन्तर्वार्ता लिंदा निर्मित तथा अनिर्मित प्रश्नहरु सोधी आवश्यक तथ्याङ्क, संस्कारहरुको बारेमा गाउँका जान्ने बुढापाका व्यक्तिहरु, शिक्षक, स्थानीय नेताहरुलाई मुख्य सुचनादाताको रुपमा लिइएको छ र मुख्य सुचनादाताहरुलाई प्रश्न सोधि आवश्यक पर्ने महत्वपुर्ण तथ्यहरु संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको श्रोत र प्रकृति

यस अध्ययनको निम्ति प्राथमिक र द्धितिय दुवै प्रकारका तथ्याङ्कका श्रोतहरु लिइएको छ । प्राथमिक श्रोत अर्न्तगत तथ्याङ्क संकलन गर्न अवलोकन, अन्तर्वार्ता

सूचि र आफूले तयार पारेको चेकलिष्टको आधारमा तथ्याङ्क संकलन गरिएको छ । द्धितीय श्रोतका रुपमा समाजशास्त्री र इतिहासकारहरुले लेखेको लेख प्रकाशित पुस्तकहरु वा पत्रपत्रिकाबाट लिइएको छ । यस किसिमले तथ्याङ्कहरु गा.वि.स. को कार्यलय, केन्द्रीय तथ्याङ्क विभाग, गैरसरकारी संघ संस्थाहरुको अभिलेखहरुको सहायता लिइएको छ तर यस अध्ययनमा द्धितिय श्रोतलाई भन्दा प्राथमिक श्रोतलाई नै मुख्य रुपले अध्ययन गर्दा समेटिएको छ ।

संकलित तथ्याङ्क परिमाणात्मक र गुणात्मक दुवै हुने हुँदा अध्ययनको प्रमाणिकता र औचित्यता रहको छ । गुणात्मक प्रकृति अर्न्तगत त्यस क्षेत्रमा बसोबास गरी रहेका मगरहरुको सामाजिक स्थिति, रहनसहन बोलिचाली, भेषभूषा, चाडपर्व, संस्कार जस्ता कुराहरु समेटिएको छ । त्यसैगरी परिणात्मक प्रकृतिका तथ्याङ्कहरु सबै स्थलगत सर्वेक्षणबाट लिइएको छ । जसअन्तर्गत पारिवारीक बनौट, जम्मा जनसंख्या आयव्ययको स्थिती, उत्पादन, भू-स्वामित्व जस्ता कुराहरु समेटिएका छन् ।

### ३.५ तथ्याङ्क संकलनको विधि

कुनैपनि विषयको अध्ययन/अनुसन्धान गर्नको लागि तथ्याङ्क संकलनका विधिहरुको महत्वपुर्ण भूमिका रहन्छ । यो अध्ययन समाजशास्त्रीय /मानवशास्त्रीय अध्ययन भएको हुनाले तथ्याङ्क संकलन गर्दा प्रश्नावली, अर्ध सहभागी अवलोकन पद्दति र मुख्य सूचना दातासँगको अन्तर्वार्ताद्धारा तथ्याङ्क संकलन गरिएको छ ।

#### ३.५.१ प्रश्नावली

सुजिनपुरका गाउँका ७६ घर संख्यामध्ये नमुना छनोटमा परेका ३८ घर परिवारमा निर्मित प्रश्नावली प्रयोग गरी शोधकर्तालाई आवश्यक पर्ने तथ्यहरु संकलन गरिएको छ । प्रश्नावलीका माध्यमबाट मगरहरुको जनसंख्या स्थिती,

रितिरीवाज, चालचलन, धर्म, विवाह, अन्य संस्कारहरुका साथै विविध सांस्कृतिक र सामाजिक पक्षको बारेमा तथ्याङ्कहरु संकलन गरिएको छ ।

### ३.५.२ अर्ध सहभागी अवलोकन पद्दति

यस अध्ययनमा साधारण अवलोकन पद्दतिलाई अपनाई तथ्याङ्क संकलन गरिएको छ । यो पद्दतिद्वारा यिनीहरुको खानपान, रहनसहन घरको बनावट, खेती गर्ने तरिका र बसोबासका बारेमा तथ्याङ्क संकलन गरिएकोछ । त्यस्तै यस अवलोकनद्वारा यिनीहरुको विभिन्न चाडपर्व मनाउने तरिका संस्कारहरु सम्पन्न गर्ने तरिका र बस्ती आदिको बारेमा आफै सहभागी भई अवलोकनबाट तथ्याङ्क संकलन गरिएकोछ । यसरी अध्ययनकर्ताको विषयसँग सम्बन्धित तथ्यहरु र सूचनाहरु अध्ययन कर्ताको दैनिक जीवनको सम्पर्कको अनुभवबाट पनि लिइएकोछ ।

### ३.५.३ मुख्य सूचनादाता संगको अन्तर्वार्ता

अन्तर्वार्ताको क्रममा निर्मित र अनिर्मित दुवै प्रकारका अर्न्तर्वाता/अनुसूचि प्रयोग गरिने छ । यसरी अन्तर्वार्ता लिने क्रममा अनिर्मित प्रश्नहरु पनि प्रयोग गरिएकोछ । तथ्याङ्क संकलन गर्दा मुख्य सूचनादाताहरु बुढापाका शिक्षक स्थानिय नेताहरुसँग विशेष समय लिएर मगर जातिको उत्पती, विकास, धर्मसंस्कृति, रहन सहन भेषभुषामा आएको परिवर्तनहरुको बारेमा प्रश्नहरु सोधी अन्तर्वार्ता /अनुसूचिको माध्यमद्वारा तथ्याङ्क संकलन गरिएकोछ ।

## ३.६ तथ्याङ्कको प्रस्तुति एवं विश्लेषण

तथ्याङ्क संकलनको क्रममा प्राथमिक र द्धितिय श्रोतको आधारमा संकलन गरिएका तथ्याङ्कहरुलाई तथ्याङ्कको प्रकृति अनुसार वर्गिकरण गरिएकोछ । यो अध्ययन कुनै सैद्धान्तिक रुपले हेर्ने भन्दापनि मगर जातिको बारेमा एक वर्णनात्मक अध्ययन भएको हुनाले वर्णनात्मक र व्याख्यात्मक रुपले प्रस्तुत गरिएकोछ । यसरी वर्गिकरण

गरिएका तथ्यहरुलाई बढी मात्रामा वर्णनात्मक रुपमा व्याख्या गरिने छ । गुणात्मक प्रकृतिका सूचनाहरुलाई आवश्यक अनुसार व्याख्या विश्लेषण गरि तथ्यपरक, बोध गम्य बनाउन त्यसलाई विश्लेषण साथै विस्तार गरिएकोछ । परिमाणात्मक प्रकृतिका तथ्याङ्कहरुलाई पनि आवश्यकता अनुसार टेवुल बनाई सूचनाहरुलाई तुलनात्मक र बोधगम्य बनाउन तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएकोछ ।

**३.७ अध्ययनको सिमाहरु**

प्रत्येक अध्ययन अनुसन्धानको आ-आफ्नै क्षेत्र र सिमाहरु हुन्छन् । अनुसन्धान कार्य भनेको नै कुनै पनि निश्चित अवधिमा निश्चित ठाउँमा र निश्चित उद्देश्य प्राप्त गर्न गरिने कार्य भएको हुनाले यसबाट प्राप्त परिणाम र व्याख्या पनि त्यहि अवस्थामा मात्र सामान्यीकरण हुन सक्दछ । त्यसैले यो अध्ययनको पनि आफ्नो निश्चित सिमाहरु रहेको हुनाले त्यहि सिमा भित्र मात्र यसको परिणाम र निष्कर्षहरु मान्य हुनेछन् ।

- प्रस्तुत अध्ययनमा विषयवस्तु बनाइएका मगर जाति नेपालका अधिकांश भु-भागमा बसोबास गर्दै आइरहेका हुनाले सबै ठाउँका मगरहरुको अध्ययन/अनुसन्धान गर्न समय, स्रोत र साधनले संभव नहुने भएको हुनाले प्यूठान जिल्लाको हंशपुर गा.वि.स.को सुजिनपुर गाउँका मगरहरुको प्राप्त तथ्याङ्कहरुका आधारमा निष्कर्ष निकालिएकोछ । जुन सबै ठाउँका मगरहरुको अवस्थासंग मेल नखान सक्दछ ।
- यस अध्ययनमा शोधकर्ता विद्यार्थी भएको कारणले समय र स्रोत साधनको अभावका कारणले सबै विषयहरुमा विस्तृत अध्ययन नगरी आफ्नो आंशिक आवश्यकता पुरा गर्ने अभिप्रायले अध्ययन गरिएको हुनाले सबै विषयको गहिरिएर अध्ययन गर्न सकिएको छैन ।

- यस सुजितपुर गाउँमा गा.वि.स. वडा नं. ५ मा बसोबास गर्ने ७६घर सख्या मध्ये नमुना छनौटको आधारमा ३८ घरसंख्यालाई मात्र नमुनाको रुपमा लिइएको हुनाले सम्पूर्ण घरसंख्याको विस्तृत अध्ययन गर्न सकिएको छैन ।
- यस अनुसन्धानमा वर्णनात्मक अनुसन्धान ढाँचालाई मात्र प्रयोगमा ल्याइएको छ ।

## अध्याय - चार

### ४. अध्याय क्षेत्रको परिचय

यस अध्यायमा अध्ययन क्षेत्रको भौगोलिक अवस्था, हावापानी प्राकृतिक स्रोत, जनसंख्याको विवरण आदिको बारेमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### ४.१ भौगोलिक अवस्था

मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने, राप्ती अञ्चालका ५ वटा जिल्लाहरु मध्ये एउटा जिल्ला प्यूठान हो । अत्याधिक भु-भाग पहाडी रहेको यो जिल्लालाई पुर्वतर्फ गुल्मी र अर्घाखाँची पश्चिमतर्फ रोल्पा र दाङ्ग उत्तरतर्फ बाग्लुङ र रोल्पा र दक्षिणतर्फ अर्घाखाँची र दाङ्ग जिल्लाहरुले घेरेको छ । कुल १,३२,८९० हेक्टर क्षेत्रफल रहेको यो जिल्लाको भौगोलिक अवस्थिती २७°५२'-२८°२१' उत्तरी अक्षांस र ८२°-३६'-८३°३६ पुर्वी देशान्तरको विचमा पर्दछ । यो जिल्ला समुन्द्री सतहदेखि अधिकतम ३६५९ मि. र न्युनतम ३०५ मी. उचाइमा पर्दछ । यस जिल्लाको गर्मी समयमा अधिकतम तापक्रम २४.१ सेल्सियस र ठण्डी समयमा न्युनतम १४.८° सेल्सियस रहने गर्दछ । वार्षिक करिव १३०० मी.लि. पानी पर्ने गर्दछ । (जिल्लाको अभिलेख २०५८)

राप्ती अञ्चलको पूर्वी भागमा पर्ने यस प्यूठान जिल्लामा २ वटा निर्वाचन क्षेत्र र ४९ वटा गा.वि.स. हरु छन् । यसको सदरमुकाम खलङ्गा हो यो समुन्द्रि सतहदेखि करिव १२८० मी. उचाइमा रहेको छ । प्यूठान जिल्लाको कुल जनसंख्या २,१२,४८४ मध्ये पुरुष ९८३९० र महिला १,१४,०९४ जना रहेको छ । जसअनुसार पुरुषको भन्दा महिलाको जनसंख्या १६,७०४ ले बढी रहेको छ । (जिल्लाको अभिलेख २०५८)

बहुजातिय, बहुभाषिक विशेषतायुक्त प्यूठान जिल्लाको जातिय आधारमा जनसंख्याको विवरण यस प्रकार रहेको छ ।

**तालिका नं. १**

**प्यूठान जिल्लाको जाति जनजातिहरुको जनसंख्या विवरण**

| सि.नं | जाति/जनजाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | ६५,१२३ | ३०.६४ |
| २ | क्षेत्री | ५७,४९५ | २७.१० |
| ३ | ब्राह्मण | २४,६२६ | ११.५९ |
| ४ | कामि | २३,४१८ | ११.०२ |
| ५ | दमाई | ६०२८ | २.८४ |
| ६ | सार्कि | ७८७३ | ३.७१ |
| ७ | सन्यासी | ६५७९ | ३.१० |
| ८ | सोनार | ४३८८ | २.०७ |
| ९ | नेवार | २९०५ | १.८४ |
| १० | कुमाल | २७३९ | १.२९ |
| ११ | ठकुरी | २६३२ | १.२४ |
| १२ | गुरुङ | ३१९५ | १.५० |
| १३ | अन्य | ४४८३ | २.११ |
| जम्मा | | २,१२,४८४ | १०० |

(स्रोत  के.त.वि.२०५८)

वि.सं. २०५८ सालको जनगणना अनुसार प्युठान जिल्लामा सबैभन्दा धेरै ३०.६४ प्रतिशत जनसंख्या मगरहरुको रहेको छ । भने क्षेत्री र ब्राह्मणहरुको जनसंख्या क्रमश दोस्रो र तेस्रो स्थानमा रहेको पाइन्छ त्यसैगरी कामि, दमाई, सार्की सन्यासीहरुको जनसंख्या क्रमश चौथो, पाचौ छैठौ र सातौ स्थानमा रहेको छ ।

प्यूठान जिल्लाको अभिलेख २०५८ अनुसार ८९ प्रतिशत जनसंख्याले नेपाली भाषा, ९ प्रतिशत जनसंख्याले मगर भाषा र १.५ प्रतिशतले नेवारी र बाँकीले अन्य भाषा बोल्ने गर्दछन् । त्यसैगरी धेरै जनसंख्याले हिन्दु धर्म मान्दछन् भने केही जनसंख्याले बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्दछन् । प्यूठान जिलामा कुल जनसंख्याको ४७.१८ प्रतिशत शिक्षित जनसंख्या रहेको छ भने त्यसमा महिला ३३.८४ प्रतिशत र पुरुष ६२.२८ प्रतिशत साक्षर रहेका छन् ।

प्यूठान जिल्लाको सदरमुकाम खलङ्गा महेन्द्र राजमार्गको भालुवाङ देखि ६८ कि.मी. टाढा रहेको छ । प्यूठान जिल्लामा स्वर्गद्धारी, ऐरावती, मल्लरानी, गौमुखी, विजुलीकोट दाङ्गवाङ्गकोट, खैराकोट र हंशपुरकोट जस्ता महत्वपूर्ण धार्मिक र सांस्कृतिक स्थानहरु रहेका छन् । यहाँ प्रमुख रुपमा माण्डवी र झिमरुक नदि अविरल रुपमा बगिरहेका छन् । (जिल्लाको अभिलेख २०५८)

### ४.२ अध्ययन क्षेत्र हंशपुर गाउँ विकास समिति

हंशपुर गाउँ विकास समिति प्यूठान जिल्लाको दक्षिण पुर्वी भागमा अवस्थित छ । यस गा.वि.स. को पुर्वतर्फ अर्घाखाची जिल्लको जलुके गा.वि.स. पश्चिमतर्फ ढुङ्गेगढी गा.वि.स. दक्षिणतर्फ वाङ्गेशाल गा.वि.स. र उत्तर तर्फ दाङ्गवाङ्ग, वरौला, पकला र धुवाङ्ग गा.वि.स. रहेका छन् । यस गा.वि.स. को नजिकको बजार बडडाँडा बजार हो ।

## ४.३ प्राकृतिक सम्पदा

प्रकृतिमा निशुल्क रुपमा प्राप्त उपहारलाई प्राकृतिक सम्पदा भनिन्छ । प्राकृतिक सम्पदाबाट नै मानिसले आफ्ना आधारभुत आवश्यकताहरु प्राप्त गरी बाँचिरहेको हुन्छ । अध्ययन क्षेत्र हंशपुर गा.वि.स. का वन, भूमि, पानी महत्वपुर्ण प्राकृतिक सम्पदाहरु हुन । जस्ले अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरुको आर्थिक अवस्था र जिवनशैलीमा महत्वपुर्ण भूमिका खेलेको छ ।

### ४.३.१ वन

हरियो वन नेपालको धन भनेझैं हंशपुर गा.वि.स. को पनि वन एउटा महत्वपुर्ण प्राकृतिक स्रोत हो । मगरहरुको मुख्या पेशा कृषि र पशुपालन भएको हुनाले कृषिका लागि आवश्यक औजारहरु पशुपालनका लागि घाँस, स्याउला र चरन क्षेत्रको रुपमा वनकै प्रयोग गर्दछन् । त्यसैगरी घर निर्माणका लागि काठ, इन्धनको रुपमा दाउरा औषधी उपचारका लागि जडिबुटिहरु वनबाटै प्राप्त गर्दछन् । त्यसैगरी वन विकास र संरक्षणका लागि सामुदायिक वनहरु निर्माण गरि काम गरिरहेको हुनाले गाउँको आर्थिक विकासको एउटा महत्वपुर्ण स्रोत पनि वन रहको  छ । यहाँ साल,साज, चिलाउने, तिल्को, हर्रो, वर्रो, अमला जस्ता वनस्पतीहरु पाइन्छन् ।

### ४.३.२ भूमि

भूमि एउटा महत्वपूर्ण प्राकृतिक सम्पदा हो किनभने भूमिमा नै मानिसहरु बसोबास गर्ने, खेतीपाती गर्ने लगायतका सम्पुर्ण क्रियाकलापहरु सञ्चालन गर्ने गर्दछन् । अध्ययन क्षेत्र हंशपुर गा.वि.स. सुजिनपुर गाउँका अधिकांश मगरहरुको मुख्य पेशा कृषि हो । एकातिर उनीहरुको भुमि माथिको पहुँच कम, कम उत्पादकत्व, सिँचाइको अभावको कारण कृषि उत्पादन अत्यन्त कम हुने गर्दछ । यहाँ वारीमा

मकै, जौ, गहु, कोदो, फापर, अदुवा, बेसार लगाउने गर्दछन् भने बेसीमा केही सिचाइ योग्य खेत रहेको छ जहाँ धान, गहुको खेती गरिन्छ ।

### ४.३.३ पानी

पानी पनि अर्को महत्वपुर्ण प्राकृतिक स्रोत हो । पानी मानिसका लागि नभइनहुने आवश्यक वस्तु हो । पानी पिउन, सरसफाइ गर्न खाना बनाउन र सिँचाइको लागि आवश्यक पर्दछ । हंशपुर गा.वि.स. पहाडी भु-भाग भएको हुनाले उच्च ठाउँहरुमा पानीको अभाव रहेको छ भने तल्लो टार र वेशी क्षेत्रमा केहीपानीका मुहानहरु रहेका छन् । अध्ययन क्षेत्र सुजिनपुर गाउँ केही तल्लो क्षेत्रमा रहेको हुनाले खानेपानीको समस्या रहेको छैन भने केही जग्गा समेत सिचित छन् । यस गा.वि.स. मा 'पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाइ कार्यक्रम' सञ्चालनमा रहेको हुनाले पानीको स्रोत भएको ठाउँमा खानेपानीको निर्माण कार्य हुँदै गरेको छ ।

### ४.३.४ हावापानी

हंशपुर गा.वि.स. को हावापनी मध्यम खालको पाइन्छ । यहाँ धेरै गर्मी पनि हुदैन र धेरै ठण्डी पनि हुदैन । बसोबासको लागि उपयुक्त हावापानी रहेको यस गा.वि.स. को अन्य तथ्याङ्कहरु स्रोतको अभावका कारण उल्लेख गरेको छैन ।

### ४.४ जनसंख्या विवरण

नेपाल एक बहुजातिय, बहुभाषिक र बहुधार्मिक विशेषता युक्त देश हो । कुनैपनि समाजको जातिगत संरचनाले त्यस ठाउँको क्रियाकलाप र नेतृत्वलाई प्रभाव पार्ने गर्दछ । अध्ययन क्षेत्र हंशपुर गा.वि.स. को वडागत जनसंख्याको वितरण निम्न अनुसार रहेको छ ।

**तालिका नं. २**

**हंशपुर गा.वि.स. को जनसंख्या विवरण**

| वडा नं. | घरधुरी | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ९९ | ६७६ | १३.९७ |
| २ | ५४ | ३६४ | ७.५२ |
| ३ | ५८ | ३९१ | ८.०८ |
| ४ | ६९ | ४६८ | ९.६७ |
| ५ | ७६ | ६२० | १२.८१ |
| ६ | १०७ | ७३१ | १५.११ |
| ७ | ८१ | ५५१ | ११.३९ |
| ८ | ७८ | ५३६ | ११.०८ |
| ९ | ७३ | ५०२ | १०.३७ |
| जम्मा | ६९५ | ४८३९ | १०० |

स्रोत गा.वि.स. का अभिलेख २०६६

माथिको तालिका अनुसार हंशपुर गा.वि.सं ६९५ घर धुरिहरु मध्ये सबैभन्दा धेरै घरधुरी वडा नं. ६ मा छ। जहाँ १०७ घरधुरीमा कुल जनसंख्या ७३१ छ भने सबैभन्दा कम घरधुरी वडा नं. २ मा ५४ घरधुरीर ३६४ जनसंख्या रहेको छ भने अध्ययन क्षेत्र वडा नं. ५ मा ७६ घरधुरी र ६२० जना जनसंख्या रहेको छ।

यसैगरी हंशपुर गा.वि.स. को जाति/जनजाति र लिङ्गको आधारमा जनसंख्याको अवस्था निम्न अनुसार रहेको छ।

**तालिका नं.३**

**हंशपुर गा.वि.स. को जातिगत जनसंख्या वितरण**

| सि.नं | जाति/जनजाति | घरधुरी | महिला | पुरुष | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | मगर | ४१२ | १६२१ | १६५२ | ३२७३ | ६७.६४ |
| २ | कामी | ९६ | २०९ | २२५ | ४३४ | ८.९७ |
| ३ | दमाई | ३८ | १०३ | १२१ | २२४ | ४.६३ |
| ४ | गुरुङ्ग | ३८ | १०४ | १०९ | २१३ | ४.४० |
| ५ | सार्कि | २५ | ९७ | १११ | २०८ | ४.२९ |
| ६ | क्षेत्री | ३२ | ८३ | ९४ | १७७ | ३.६६ |
| ७ | ब्राह्मण | २९ | ६४ | ६७ | १३१ | २.७१ |
| ८ | मुस्लिम | २५ | ९५ | ८४ | १७९ | ३.७० |
| | जम्मा | ६९५ | २३७६ | २४६३ | ४८३९ | १०० |

स्रोतः गा.वि.स. अभिलेख २०६६

माथिको तालिका अनुसार हंशपुर गा.वि.स. मा सबैभन्दा धेरै जनसंख्या मगरहरुको छ उनीहरुको जनसंख्या ३२७३ अर्थात ६७.६४ प्रतिशत रहेको छ ने कामि, दमाइ, गुरुङ्ग, सार्किको जनसंख्या क्रमश दोस्रो, तेस्रो, चौथो र पाँचौ स्थानमा छ । अध्ययन क्षेत्र हंशपुर गा.वि.स. को सुजिनपुरका कूल ७६ घरधुरी सबै मगर जातिको बसोबास रहेको छ । उक्त वडाको लिङ्गगत जनसंख्याको विवरण यसप्रकार रहेको छ ।

**तालिका नं. ४**

**सुजिनपुरको लिङ्गगत जनसंख्याको अवस्था**

| घरसंख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| ७६ | ३१३ | ५०.४८ | ३०७ | ४९.५२ | ६२० | १०० |

स्रोतः हंशपुर गा.वि.स. को अभिलेख २०६६

माथिको तालिका अनुसार अध्ययन क्षेत्र हंशपुर गा.वि.स. वडा नं. ५ कुल ७६ घरधुरी सबै मगरहरु छन् लिङ्गगत आधारमा हेर्दा पुरुष ३१३ जना र महिला ३०७ जना गरी जम्मा जनसंख्या ६२० जना रहेको छ ।

## ४.५ सामाजिक, आर्थिक अवस्था

कृषि मुख्य व्यावसायको रुपमा रहेको हंशपुर गा.वि.स. मा मुख्या रुपमा मकै, जौ, गँहु, कोदो, फापर, आलु बेसार, पिँडालु, तोरी, अदुवा, केरा, केराउ, चना र तरकारीहरु उत्पादन हुने गर्दछन् । पशुपालन पनि यहाँका मानिसहरुको अर्को व्यावसाय हो, पशुपालन अर्न्तगत गाई, भैसी, बाख्रा कुखुरा, सुँगुर आदि पाल्ने गर्दछन् । अध्ययन क्षेत्रका मगरहरुको मुख्य पेशा कृषि र पशुपालन भएतापनि यहाँका केही व्यक्तिहरु ब्रिटिश र इण्डीयन आर्मीमा भर्ति भएका छन् भने केही ज्यालादरी श्रमिकको रुपमा काठका फर्निचर निर्माण गर्ने, घर निर्माण गर्ने, कृषि श्रमिकको रुपमा पनि काम गर्दछन् । यस गाउँका मगरहरुले खेतीका रुपमा मकै, आलु, गहुँ र तोरी उत्पादन गर्दछन् यि सबै उत्पादित वस्तु खाद्यान्यका रुपमा प्रयोग गर्दछन् ।

त्यसैगरी अदुवा र बेसार हावापानीका हिसावले राम्रो उत्पादन हुने भएतापनि व्यावसायिक रुपले उत्पादन गरेको देखिदैन । तर केही मात्रामा उत्पादन गरी आयआर्जन गरेको पाइन्छ । त्यस्तै पशुपालनका रुपमा गाई, भैसी, खसि, बाख्रा, सुगुर वंगुर र कुखुरा पालन गरेको पाइन्छ  यसबाट आयआर्जनमा केही सहयोग पुगेको देखिन्छ ।

## ४.६ विकासका पुर्वाधारहरु

हंशपुर गा.वि.स. लाई ९ वटा वडाहरुमा विभाजन गरिएको छ । गा.वि.स. को कार्यालय वडा नं.६ चाभामा छ । उक्त वडामा १ वटा उप-स्वास्थ्य चौकि १ वटा आतिरिक्त हुलाक कार्यलय र १ वटा माध्यमिक विद्यालय छ जहाँ अधिकांश

बालबालिकाहरु माध्यमिक तहसम्म अध्ययन गर्दछन् । यस गा.वि.स. मा अरु ७ वटा प्राथमिक विद्यालयहरु, ३ वटा बालविकास केन्द्र १ वटा मुस्लिमहरुको विद्यालय छ ।

स्वास्थ्य अर्को महत्वपुर्ण विकासको पुर्वाघार हो । यस गा.वि.स. मा एउटा उप-स्वास्थ्य चौकि र ३ वटा निजि मेडिकलहरु भएतापनि औषधि र दक्ष स्वास्थ्य कार्यकताको अभावको कारण प्राथमिक उपचार सम्म सबै जनताहरुले प्राप्त गर्न सकिरहेका छैनन् । केहि जटिल केशका विरामिहरु उपचारका लागि विजुवार अस्पताल भालुवाङ्ग र घोराहि सम्म पुग्ने गर्दछन् । त्यस्तै खानेपानी भने तल्लो भागका जनताहरुले पाइपबाट लगी धारा मार्फत खानेपानी उपयोग गरेको पाइन्छ भने माथिल्लो भागमा बसोबास गर्ने मानिसहरुले खानेपानीको समस्या भोगिरहेका छन् ।

यातायात विकासको अर्को पुर्वाधार हो हंशपुर गा.वि.स. एउटा कच्ची बाटो भएपनि यात्रु बाहक सवारी साधनहरु नचल्दा पैदल यात्रा मार्फत मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा जाने गर्दछन् । संचार सुविधाको लागि एउटा अतिरिक्त हुलाक कार्यलय छ र नेपाल टेलिकमबाट मोवाइल सेवा पनि सञ्चालित छ ।

अर्को महत्वपुर्ण विकासको पुर्वाधार विद्युत हो हंशपुर गा.वि.स. को वडा नं. ९,८,७ वडाहरुमा विद्युत सेवा उपलब्ध भएपनि अन्य वडाहरुमा यो सुविधा पनि उपलब्ध छैन ।

यसरी अध्ययन क्षेत्रका मगरहरुले विकासका पुर्वाधार अर्न्तगत केही मात्रामा शिक्षा, संचार र खानेपानीको सुविधा प्राप्त गरेपनि यातायात, स्वास्थ्य र विद्युतको सुविधाबाट वञ्चित रहेको पाइन्छ ।

# अध्याय - पाँच

## ५. सामाजिक तथा सांस्कृतिक अवस्था

### ५.१ उत्पति

मगरहरु नेपालका आदिवासी जनजातिहरु हुन भन्ने कुरामा कसैको दुइमत छैन तर मगरहरुको उत्पत्ति र नामाकरणको सम्बन्धमा आजसम्म लेखिएको पुस्तकहरु र उपलब्ध साहित्यहरु अधुरो नै छन् । मगरहरुको मुल थलो कहाँ हो यिनिहरुको नेपालमा आगमन कसरी र कहिले भयो भन्ने सम्बन्धमा किटानीका साथ भनेको पाइदैन तर पनि यस सम्बन्धमा विभिन्न विद्धानहरुले विभिन्न तर्कहरु दिएको पाइन्छ ।

किराँत प्रदेश (तम्वाकोशी) मा बसोबास गर्ने जातिलाई किराँती भनिन्थ्यो भने मगराँत प्रदेशमा बसोबास गर्ने जातिलााई मगराँत भनिन्थ्यो । (पोखरेल, २०३७ असार २५)

नेपालका मगरहरु पाँच समुह गरी नेपाल प्रवेश गरेका थिए । पहिलो समुह पश्चिम भेकबाट आएका मुनाङ्गवाका सन्तानहरु सर्वप्रथम २३०० इ.पू. तिर नेपालमा प्रवेश गरेका थिए । दोस्रो समुह आसामबाट तेस्रो समुह हिमाली भेकबाट, चौथो समुह सिक्किमबाट र पाँचौ समुह दक्षिणी भेकबाट प्रवेश गरेका हुन भन्ने भनाई छ । (श्रीस, २०३८, पृष्ठ ८-२८)

मगर जातिको उत्पत्ति हाल चीनको 'सिम' भन्ने स्थानबाट भएको हो । यिनीहरु त्यस ठाउँबाट 'सिम' र 'चितु' भन्ने दुई मगरहरुको नेतृत्वमा सर्वप्रथम नेपालको दक्षिणी भेकबाट प्रवेश गरेका थिए । तिनिहरुलाई स्थानिय व्यक्तिहरुले तानसाङ थापा भन्ने गर्दथे । स्थानिय भाषामा उत्तरबाट आएका व्यक्तिहरुलाई

तानसाङ भन्ने गर्दथे जसको अर्थ उत्तरबाट आएको भन्ने बुझिन्छ । (चेमजोङ, १९६७ पृष्ठ ७०)

अठाँर मगराँती भाषा मध्ये खाम भाषा तिब्बती भाषा अर्न्तगत पर्दछ र मगरहरु चीनको खाम प्रान्तबाट नेपालमा आएका हुनाले र त्यस प्रान्तमा बोलिने भाषा संग मिल्दोजुल्दो भएकाले यसलाई 'खाम भाषा' भनिएको हो भन्ने तर्क केहि मगरहरुले गरेको पाइन्छ र तिनिहरु खाम भाषालाई 'मगर भाषा' भन्ने गर्दछन् । यसरी सुदुरपश्चिमाञ्चल र उत्तरी भगमा बस्ने मगरहरुको भाषा र रहनसहनलाई नियाल्दा मगरहरु चीनबाट आएको हुन भन्ने तर्कलाई अस्वीकार गर्न नसकिने देखिन्छ । मगरहरु तिब्बतको 'काडन्याचान' उपत्यकाबाट शेर्पासँग युद्ध गर्दा पराजित भएर त्यहाँबाट दक्षिण भेकतिर लागे । त्यसपछि उनीहरु लगभग पाँचौ या छैठौ शाताब्दी तिर हाल मध्य नेपालको विरगञ्जदेखि ६ माईल उत्तर-पुर्व पर्ने सिम्रौनगढ गएर बसोबास गरे भन्ने कुरा सिंजाली थापाको वंशावलीमा उल्लेख गरेको पाइन्छ । जब त्यहाँ मगरहरुको संख्या बढ्दै गयो, उनीहरु पश्चिम र पुर्व दुई दिशातिर लागेर पश्चिम तिर लागेका मगरहरु बाह्र मगराँतमा बस्न पुगे र त्यहाँ पछि राज्य कायम भयो । (Das, 1070: 27)

मगरहरु भारतको चितौरगढबाट नेपालमा आएका हुन । ऋषि राजा राना चितौरगढका राजा थिए । उनी पछि तेह्र पुस्तासम्मले चितौरमा शासन गरे । राजपुत चिफ भुपति रानाका छोरा मनमय रानाजी रावका दुई भाई छोराहरु थिए । रानाजी रावका दुई भई छोराहरुमा आपसी झगडाको कारणले कान्छा भाई उत्तर-पुर्व तिर लागे । केहि महिना घुमेपछि पाल्पाको रिडिमा आउँदा त्यहाँका मगरहरुले उनलाई र उनीसँग आउनेहरुलाई भव्य स्वागत गरे जसले गर्दा उनी त्यही बसोबास गरे । त्यस ठाउँमा उनका खाम्चा र मिन्चा दुई भाई छोराहरु जन्मीए । पछि खाम्चा पाल्पा भीरकोटमा र मिन्चा नुवाकोटमा बसोबास गरे मिन्चाले हिन्दु धर्मको अनुसरण गरे

भने खाम्चा उनका सन्तानले बुद्ध धर्मको अनुशरण गरे यसरी मिन्चाले राजपुतसँग नै विवाह चलाउदै गए । (Tukar, 1957:21)

यसरी यिनको भनाई अनुसार एकथरी मगरहरु चितौगढबाट नेपाल प्रवेश गरेका थिए भन्ने कुरा स्पष्ट हुन आउँछ । राजपुतहरु पछि गएर मगर भए भन्ने कुरा पनि सम्भव छ किनभने त्यतिबेला पाल्पामा मगरहरुको बसोबास भएकोले उनीहरले आफूहरुलाई मगर भन्न मै गौरव सम्झन्थे ।

नेपालमा मगर जातिहरु खास गरेर तान्त्रिक मतमा विश्वासी थिए । यद्यपि तान्त्रिक मत कुनै क्रमिक दर्शन नभएर एक विश्वास मात्र थियो तापनि त्यसबेला नेपाल भोटमा यस मतको आस्था यति बलियो थियो कि पछि गएर यसले बौद्ध र हिन्दु धर्ममाथि ठूलो प्रभाव पाऱ्यो । तान्त्रिक मत कुनै धर्मको उपज थिएन नत कुनै धर्मावलम्वीहरुको देन नै थियो । यस परम्पराले बौद्ध धर्मलाई मात्र प्रभावित तुल्याएको होइन अपितु बौद्ध धर्मले पनि यस मतका विश्वासी मगरहरुको विचारधारमा केही परिवर्तन ल्याइदिएको थियो । यसबाट स्पष्ट हुन्छ कि यी मगरहरु नेपालमा बौद्धहरुको आगमन भन्दा पहिले अथवा काठमाडौं उपत्यका बसोबास योग्य भूमि हुन भन्दा अगावै उत्तरतिरबाट नेपाल आई बसेका थिए । (थापा २०३६)

मगरहरुको मुल स्थल राप्ती  (गारखपुर) र मारिचाङडी (मर्स्याङढी) नदीको विचको मध्य पहाडी भाग हो भनेर उल्लेख गरेको पाइन्छ । यो प्रदेशमा पनि मगरहरुको बासस्थानलाई 'बाह्र मगराँत' भनिन्थ्यो । र यी बाह्र मगराँतहरु सतहु, पयाङ, भीरकोट ढोर, गरुङ, रिसिङ, घिसिङ, गुल्मी, अर्घाखाँची, मुरीकोट (मुसिकोट) र ईखमा थिए । (Gimleth, 1928)

याङजाकोट कास्किका श्री जगतमा गुरुङले उपलब्ध गराउनु भएको एक वंशावलीको आधारमा अर्घाका मगरहरु स्याङजाको सतही खेतमा झगडा पर्दा

राजाले राम्ररी निशाफ नदिएकोले काली तरि अर्घामा ३ थल ३ धुम गरी बसोबास गरेको कुरा उल्लेख छ । (पार्सिङ गुरुङ, गुरुङको वंशावली, याङाकोट कास्की)

मगरहरुको कुल पुजा गर्दा आफ्नो कुलदेवतालाई हिमालदेखि बोलाउने गर्दछन् । सामाकोट, सांखरा, स्याङजाका पाटा थापा मगरहरुले कुल पुजा डिवराहा रानीलाई गर्ने गर्दछन् । रानीलाई र शेरजङ्ग थापालाई पुजारीले मगर भाषामा नै हिमालदेखि बोलाएर स्याङजामा ल्याउने गर्दछन् र घर ल्याई पुऱ्याएपछि पुजा गर्ने गर्दछन् । त्यस गाउँका पाटा थापाका पुजारी श्री ओम थापाको घरमा भएको हस्तालिपी कागजात अनुसार शेरजङ्ग थापा सात भाई थिए उनी अविवाहित थिए । उनी विदेश घुम्न भनी मुक्तिनाथ देखि कालीको किनारै किनार दिल्लीसम्म पुगे र दिल्लीबाट फर्कदा देवघाटमा एउटा चिल्लो ढुङ्गा फेला पारे र झोलामा राखे । ढुङ्गा चल्न थालेपछि शेरजङ्ग थापाले ढुङ्गा फाल्दा ढुङ्गा फुटेर एउटा राम्री कन्याको उत्पती भयो र ती कन्याको नाम डिवराहा रानी रहऱ्यो भन्ने उल्लेख पाइन्छ । पछि डिवराहा रानी र शेरजङ्ग थापा कालीवार र कालीपार भएर घुम्ने गर्दथे र उनका अरु भाइका सन्तानहरु पनि कालीवार र कालीपार नै बसोबास गर्दथे भन्ने उल्लेख पाइन्छ । (ओम बहादुर थापा, हस्तलिपी कागजात, सामाकोट, स्याङजा)

मगरहरु सिक्किमबाट पूर्व नेपाल भएर गण्डकी प्रदेशमा प्रवेश गरेका हुन भने नेपालको पुर्वीभागमा मगरहरुको बसोबास भएको हुनुपर्दछ । मगरहरु पुर्वबाट किराँत प्रदेशलाई नाघेर गण्डकी प्रदेशमा नआइपुग्नुपर्ने हो अर्को कुरा किराँत प्रदेशमा खोला नाला र ठाउँहरुको नाम पनि किराँती भाषामा नै भएको पाइन्छ र मगरहरुको बस्ती किराँत प्रदेशमा पनि पाइयता पनि मगराँत प्रदेशमा जस्तो घना रुपमा पाइदैन । मगरहरु नेपालको पुर्व, पश्चिम, उत्तर र दक्षिण सबै ठाउँमा अल्प र बहुसंख्यक रुपमा रहनु श्री ५ पृथ्वीनाराण शाहको राज्य विस्तारको इतिहाससँग सम्बन्ध राख्दछ । विशाल नेपालको निर्माणमा मगरहरुको भुमिका अति महत्वपुर्ण छ । काजी

विराज थापा, काजी जसपाल थापा, गंगाराम राना, काशिराम थापा, प्रतिमान राना देवदत्त थापा आदि वीर मगर सेनानीहरुको नाम इतिहासमा स्मरणिय छ । यी बहादुर सेनानीहरुको मातहतमा शाही सेनाको एउटा ठुलो संख्या मगरहरुले कायम गरेका थिए । नेपाल एकिकरण र विस्तारको अभियानमा राजालाई साथ दिन स्वदेश निर्माणको अभियानमा लागेका वीर मगरहरु गण्डकी अथवा गोर्खा क्षेत्रमा मात्र सिमित नरही युद्ध लड्न विभिन्न दिशा तिर होमिए । तिनिहरुद्वारा जितेका प्रदेशको सुरक्षाको निम्ती ति मगरहरु त्यही ठाउँमा बसोबास गर्न थाले त्यसकारण आज हामी नेपालको विभिन्न ठाउँमा सानो ठुलो संख्यामा मगरहरुको बसोबास भएको पाउँछौ । (थापा २०३६)

यी माथिको विभिन्न विद्यानहरुले दिएको तर्कहरुका आधारमा मगरहरु भारतको राजपुतनाबाट अथवा पश्चिम भेकबाट नेपाल प्रवेश गरेका थिए भन्ने तर्कलाई स्विकार गर्न सकिदैन । पाल्पा जिल्लामा पनि मगरहरु उत्तरपुर्वबाट आएका हुन भन्ने भनाई छ । त्यसैले मगरहरुको मुल थलोको रुपमा पश्चिम नेपालको मध्ये पहाडी भाग हुनुपर्दछ र समयको दौरानमा यो भागबाट नेपालको विभिन्न भागमा छरिएर बसेको हुनुपर्दछ ।

अध्ययन क्षेत्रका मगरहरु आफ्नो उत्पतीको बारेमा अनभिज्ञ रहेको बताए तर त्यहाँ बसोबास गर्ने मगरहरु स्याङ्जा जिल्लाको विभिन्न भागबाट समुहगत रुपमा त्यसठाउँमा बसाइसरी आएको बताए । जस्तै राना, मर्साङ्गी स्याङ्जाजिल्लाको आधिखोला डुडिचौरबाट रखाल, गाहा दर्लामी, धर्ती आदि थरहरु स्याङ्जा कै रखुखोला भन्ने ठाउँबाट आइ बसोबास गरेको बताए तर कहिले आए भन्ने तिथिमिति थाहा नभएको बताए । यसरी उनीहरु बाह्र मगराँती मगरहरु भएको र उनीहरुले बोल्ने भाषापनि बाह्र मगराँती भाषा भएको बताउँदछन ।

## ५.२ सामाजिक अवस्था

प्यूठान जिल्ला हंशपुर गा.वि.स. सुजिनपुर गाउँका मगरहरुको समाजिक तथा सांस्कृतिक पक्षको अध्ययन गर्नको लागि उक्त क्षेत्रमा बसोबास गर्ने ७६ घरधुरी मध्ये नमुना छनौटका आधारमा सबै थर वर्गका मानिसहरु समेटिने गरी ३८ घरधुरीलाई नमुनाका रुपमा लिई स्थलगत सवेक्षणका आधारमा सामाजिक पक्षको अध्ययन गरिएको छ ।

### ५.२.१ जनसंख्याको अवस्था

अध्ययन क्षेत्रमा सबै घरधुरी मगरहरु छन् । उक्त क्षेत्रमा नमुना छनौटमा परेका ३८ घरधुरीको स्थलगत सर्वेक्षण गर्दा उमेर समुह र लिङ्गका आधारमा निम्न जनसंख्याको अवस्था रहेको छ ।

**तालिका नं. ५**

**लिङ्ग र उमेर अनुसारको जनसंख्याको अवस्था**

| उमेर समुह | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| ०-१० | ३६ | ११.८० | ३१ | १०.१६ | ६७ | २१.९७ |
| १० -२० | ५१ | १६.७२ | ५१ | १६.७२ | १०२ | ३३.४४ |
| २०-३० | १९ | ६.२३ | १६ | ५.२५ | ३५ | ११.४८ |
| ३०-४० | १६ | ५.२५ | १४ | ४.५९ | ३० | ९.८४ |
| ४०-५० | १२ | ३.९३ | १९ | ६.२३ | ३१ | १०.१५ |
| ५०-६० | ११ | ३.६१ | ९ | २.९५ | २० | ६.५६ |
| ६०भन्दा माथि | १२ | ३.९३ | ८ | २.६३ | २० | ६.५६ |
| जम्मा | १५७ | ५१.४७ | १४८ | ४८.५३ | ३०५ | १०० |


स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार ०-१० वर्ष उमेर समुहका ३६ अथवा ११.८० प्रतिशत पुरुष र ३१ अर्थात १०.१६ प्रतिशत महिला १०-२० वर्ष उमेर समुहका ५१ जना वा १६.७२ प्रतिशत पुरुष र ५१ जना अर्थात १६.७२ प्रतिशत महिला, २०-३० वर्ष उमेर समुहमा १९ जना अर्थात ६.२३ प्रतिशत पुरुष र १६ जना अर्थात ५.२५ प्रतिशत महिला त्यसैगरी ३०-४० वर्ष उमेर समुहमा १६ जना अर्थात ५.२५ प्रतिशत पुरुष र १४ जना अर्थात ४.५९ प्रतिशत महिला, ४०-५० वर्ष उमेर समुहमा १२ जना अर्थात ३.९३ प्रतिशत पुरुष र १९ जा अर्थात ६.२३ प्रतिशत महिला त्यस्तै ५०-६० वर्ष उमेर समुहमा ११ जना अर्थात ३.६१प्रतिशत पुरुष र ९ जना अर्थात २.९५ प्रतिशत महिला ६० वर्ष भन्दा माथि १२ जना अर्थात ३.९३ प्रतिशत पुरुष र ८ जना अर्थात २.६३ प्रतिशत महिला रहेका छन् त्यसैगरी जम्मामा ० -१० वर्ष उमेर समुहमा ६७ जना अर्थात २१.९७ प्रतिशत, १० -२० वर्षमा १०२ अर्थात कुल संख्याको ३३.४४ प्रतशत, २०-३० वर्ष उमेर समुहमा ३५ जना अर्थात कूल संख्याको ११.४८ प्रतिशत त्यस्तै ३०-४० वर्ष उमेर समुहमा ३० जना अर्थात कूल संख्याको ९.८४ प्रतिशत, ४०-५० वर्ष उमेर समुहमा ३१ जना अर्थात कूल संख्याको १०.१५ प्रतिशत, ५०-६० र ६० वर्ष भन्दा माथि उमेर समुहमा २० जना अर्थात कूल संख्याको ६.५६ प्रतिशत रहेको छ । र जम्मा पुरुष १५७ जना अथवा समग्र संख्याको ५१.४७ प्रतिशत र महिला १४८ जना अथवा समग्र संख्याको ४८.५३ प्रतिशत रहेको छ ।

यसबाट के कुरा स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रमा सबैभन्दा बढी जनसंख्या १० देखि २० वर्ष उमेर समुहका ३३.४४ प्रतिशत रहेको छ भने सबैभन्दा कम जनसंख्या ५०-६० र ६० वर्ष भन्दा माथि उमेर समुहका छन् जुन समग्र जनसंख्याको ६.५६ प्रतिशत रहेको छ ।

**चित्र नं. १**

**उमेर र लिङ्ग अनुसार जनसंख्या**




## ५.२.२ पारिवारिक अवस्था

समाजको सबैभन्दा सानो एकाइ परिवार हो । प्रत्येक व्यक्तिको जन्म, लालनपालन परिवारबाट हुने भएकाले उसले सामाजिक, सांस्कृतिक चालचलनहरु, व्यावहार आदि कुराहरु पारिवारबाटै सिकेको हुन्छ । सम्पूर्ण मानविय समुहमा परिवार एउटा सार्वभौमिक सामाजिक संस्था हो जसमा आमाबाबु तथा उनीहरुका छोरा छोरी हुन्छन् । परिवारले नै आफ्ना सदस्यहरुको रेखदेख साथै सामाजिक, आर्थिक, राजनैतिक आवश्यकताको पुर्ति गर्दछ र मानव जातिको आत्मसंरक्षण, सम्वर्द्धन तथा जातीय जिवनलाई निरन्तरता समेत प्रदान गर्दछ ।

अध्ययन क्षेत्रमा सर्वेक्षण गर्दा मगर समुदायमा महिलाको स्थान पनिअरु जातिमा भन्दा माथि रहेतापनि परिवारको नियन्त्रण निर्देशन र सञ्चालन पुरुषले नै गरेको पाइएको हुनाले यो समुदाय पनि पितृ सत्तात्मक व्यवस्थाबाट प्रभावित भएको पाइन्छ । अध्ययन क्षेत्रमा केही वर्ष पहिले संयुक्त परिवारमा बसोबास गर्ने चलन भएतापनि वर्तमान अवस्थामा विवाह पश्चात छुट्ट भिन्न भई एकात्मक परिवारमा

बस्ने कार्यको शुरुवात भएको पाइन्छ । यसरी छुट्ट भिन्न भई अलग बसेतापनि उनीहरु कामको समयमा एक आपसमा मिलेर काम गरेको पाइयो ।

पारिवारिक बनावटको आधारमा हेर्दा अध्ययन क्षेत्रमा निम्न अनुसारको पारिवारिक संरचना रहेको पाइन्छ ।

**तालिका नं. ६**

**घरधुरी संख्याका आधारमा पारिवारीक बनौट**

| पारिवारीक बनौट | संख्या (घरधुरी) | प्रतिशत |
|---|---|---|
| एकात्मक | २३ | ६०.५३ |
| संयुक्त | १५ | ३९.४७ |
| जम्मा | ३८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकालाई हेर्दा अध्ययन क्षेत्रका ३८ घरपरिवारको सर्वेक्षणमा एकात्मक परिवार २३ अर्थात ६०.५३ प्रतिशत र संयुक्त परिवार १५ अर्थात ३९.४७ प्रतिशत रहेको पाइयो साथै बृहत परिवार पाइएन । बढ्दो आधुनिकिकरणका कारणले आएको व्यक्तिवादी चिन्तन, सेना, पुलिसमा भर्तिपछि आफ्नो परिवारलाई लिएर जाने प्रवृति जस्ता कारणले संयुक्र परिवार टुक्रदै एकात्मक परिवारको संख्या बढ्दै गएको पाइयो ।

**तालिका नं. ७**

**पारिवारीक सदस्य संख्या**

| सि.नं | परिवार संख्या | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-४ | १ | २.६३ |
| २ | ४-७ | १५ | ३९.४७ |
| ३ | ७ भन्दा माथि | २२ | ५७.९० |
| जम्मा | | ३८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकालाई हेर्दा ४ जना सम्म परिवार हुने १ घर ४ देखि ७ जना सदस्य हुने परिवार १५ र ७ भन्दा माथि परिवार हुने २२ घर पाइयो । अध्ययन क्षेत्रमा शिक्षाको कमिले गर्दा परिवार नियोजनका स्थायी अस्थायी साधनहरुको प्रयोगको कमिले गर्दा परिवारका सदस्य संख्या धेरै रहेको पाइयो । सवैभन्दा धेरै घर घूरीमा ७ जना भन्दा धेरै सदस्य संख्या भएको पाइयो ।

### ५.२.३. शैक्षिक अवस्था

समाज विकासको एउटा महत्वपुर्ण आवश्यकता शिक्षा हो । शिक्षाले समाजको हरेक पक्षमा प्रभाव पार्दछ । जुन समाज शिक्षित छ त्यो समाजको हरेक क्षेत्रको विकास हुन्छ किनकि शिक्षित मानिसको सिप क्षमतामा अभिवृद्धि भई समाजलाई विकासको पथमा अगाडी बढाउन सक्छ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने सामान्यतया ५० वर्ष भन्दा माथि उमेर भएका मानिसहरु अशिक्षित भएतापनि त्यो भन्दा कम उमेर भएका मानिसहरु प्राथमिक तह सम्मको अध्ययन गरेको देखिन्छ भने उच्च शिक्षा हासिल गर्न घर छोड्नु पर्ने वाध्यता र कमजोर आर्थिक अवस्थाका कारण कम संख्याले मात्र उच्च शिक्षा हासिल गरेको पाइन्छ ।

**तालिका नं. ८**

**अध्ययन क्षेत्रका मानिसहरुको शैक्षिक अवस्था**

| सि.नं. | शैक्षिक अवस्था | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | विद्यालय जाने उमेर नभएका | १९ | ६.२३ | १५ | ४.९२ | ३४ | ११.१५ |
| २ | पढ्न लेख्न नजान्ने | १३ | ४.२६ | १६ | ५.२४ | २९ | ९.५१ |
| ३ | पढ्न मात्र जान्ने | १४ | ४.५९ | १३ | ४.२६ | २७ | ८.८५ |
| ४ | प्राथमिक तह | ५८ | १९.०२ | ५६ | १८.३६ | ११४ | ३७.३८ |
| ५ | निम्न माध्यमिक तह | ३२ | १०.४९ | ३० | ९.८३ | ६२ | २०.३३ |
| ६ | निम्न माध्यमिक तह | १७ | ५.५७ | १५ | ४.९२ | ३२ | १०.४९ |
| ७ | १० + २, प्रमाणपत्र तह | २ | ०.६६ | २ | ०.६६ | ४ | १.३१ |
| ८ | स्नातक तह वा सो भन्दा बढी | २ | ०.६६ | १ | ०.३३ | ३ | ०.९८ |
| जम्मा | | १५७ | ५१.४७ | १४८ | ४८.५३ | ३०५ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार विद्यालय जाने उमेर नभएका पुरुष ६.२३ प्रतिशत, महिला ४.९२ प्रतिशत र जम्मा ११.१५ प्रतिशत रहेका छन् भने पढ्न लेख्न नजान्ने पुरुष ४.२६ प्रतिशत महिला ५.२४ प्रतिशत र जम्मा ९.५१ प्रतिशत, पढ्न मात्र जान्ने पुरुष ४.५९ प्रतिशत, महिला ४.२६ प्रतिशत र जम्मा ८.८५ प्रतिशत, प्राथमिक तहमा पुरुष १९.०२ प्रतिशत, महिला १८.३६ प्रतिशत र जम्मा ३७.३८ प्रतिशत निम्न मा.वि. तहमा पुरुष १०.४९ प्रतिशत महिला ९.८३ प्रतिशत र जम्मा २०.३३ प्रतिशत, माध्यमिक तहमा पुरुष ५.५७ प्रतिशत , महिला ४.९२ प्रतिशत र जम्मा १०.४९ प्रतिशत छन् भने १० + २ वा प्रमाण पत्र तह मा पुरुष ०.६६ प्रतिशत महिला १.६६ प्रतिशत र जम्मा ०.९८ प्रतिशत रहेका छन् । त्यसैगरी


स्नातक तह वा सो भन्दा माथि पुरुष ०.६६ प्रतिशत महिला ०.३३ प्रतिशत र जम्मा ०.९८ प्रतिशत रहेका छन् ।

उक्त तालिका अनुसार सबैभन्दा बढी जनसंख्या प्रा.वि. तह अध्ययन गर्ने रहेको छ । उक्त संख्या ११४ जना अर्थात कूल संख्याको ३७.३८ प्रतिशत रहेको छ भने कम स्नातक तह वा सो भन्दा माथि अध्ययन गर्ने जनसंख्या छ जुन कूल संख्याको ०.९८ प्रतिशत रहेको छ ।

उक्त तालिकालाई रेखाचित्रमा प्रस्तुत गर्दा

**चित्र नं. २**

**अध्ययन क्षेत्रका मानिसहरुको शैक्षिक अवस्था**




## ५.२.४ वैवाहिक अवस्थाः

विवाहलाई केटा र केटी विचको सार्वजनिक तथा सामाजिक रुपले स्वीकृति प्राप्त सम्बन्धका रुपमा परिभाषित गर्न सकिन्छ । विवाहले केटा र केटीलाई सम्बन्ध

स्थापना गर्न अथवा यौन सम्पर्क स्थापित गर्न र अन्य सामाजिक क्रियाकलाप गर्न मान्यता प्रदान गर्दछ ।

अध्ययन क्षेत्र हंशपुर - ५ सुजिनपुरका मगरहरुको बैवाहिक अवस्थालाई अध्ययन गर्दा उनीहरु आफ्नो जाति भित्र मात्र मागि भन्दा चोरी र प्रेम विवाह गरेको पाइयो । विवाह एउटै गोत्र भित्र नगर्ने तर फूपुचेला र मामाचेलीका विचमा विवाह गरेको पाइयो । बहु विवाह र विधवा विवाहलाई मान्यता दिएको उक्त समुदायमा अन्तरजातिय विवाह भएको अवस्था छैन ।

मगर समुदाय भित्र सामान्यतया केटाको १८ देखि २२ वर्ष केटीको १६ देखि २० वर्ष भित्र विवाहहुने गरेको देखिन्छ अध्ययन क्षेत्रमा तथ्याङ्क संकलनको क्रममा देखिएको वैवाहिक अवस्थालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९**

**वैवाहिक अवस्था**


| सि.नं. | वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाहित | १०९ | ३५.७४ |
| २ | अविवाहित | १७९ | ५८.६८ |
| ३ | विधवा | ११ | ३.६१ |
| ४ | विदुर | ६ | १.९७ |
| ५ | सम्बन्ध विच्छेद | ० | ० |
| ६ | एक्लै | ० | ० |
| जम्मा | | ३०५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

वैवाहिक अवस्थालाई हेर्दा विवाहित १०९ जना अर्थात ३५.७४ प्रतिशत, अविवाहित १७९ जना अर्थात ५८.६८ प्रतिशत विधवा ११ जना अर्थात ३.६१ प्रतिशत र विदुर ६ जना अर्थात १.९७ प्रतिशत रहेको देखियो ।

**चित्र नं. ३**

**वैवाहिक अवस्था**




## ५.२.५ जग्गा जमिनको अवस्था

नेपाल कृषि प्रधान देश भएकोले जग्गा जमिन एउटा महत्वपुर्ण प्राकृतिक स्रोत रुपमा रहेको छ ।

अध्ययन क्षेत्र सुजिनपुरका अधिकांश मानिसहरुको मुख्य पेशा कृषि भएकोले उनीहरुको आर्थिक अवस्था थाहा पाउन जग्गा जमिनको अवस्थाको वारेमा जानकारी प्राप्त गर्नुपर्दछ । उत्तरदाताको भनाई अनुसार पहिले प्रशस्त जग्गाजमिन भएतापनि जनसंख्या बृद्धि र छुट्टीभिन्न हुँदा जग्गाजमिनको मात्रा घट्दै गएको छ । अध्ययन क्षेत्रका मगरहरुको स्वामित्वमा रहेको जग्गा जमिनको अवस्था देहाय बमोजिम रहेको छ ।

## जग्गा जमिनको अवस्था

### तालिका नं. १०

| जग्गाको अवस्था | खेत | खेत प्रतिशत | बारी | बारी प्रतिशत |
|---|---|---|---|---|
| ०-५ | ६ | १५.७९ | १ | २.६३ |
| ५-१० | १६ | ४२.१० | १९ | ५०.०० |
| १०-१५ | ११ | २८.९५ | १० | २६.३२ |
| १५ भन्दा धेरै | ५ | १३.१६ | ८ | २१.०५ |
| जम्मा | ३८ | १०० | ३८ | १०० |

माथिको तालिका अनुसार ५ रोपनी भन्दा थोरै खेत हुने ६ जना अर्थात कूल संख्याको १५.७९ प्रतिशत र वारी हुने १ जना अर्थात २.६३ प्रतिशत १० रोपनी भन्दा थोरै खेत हुने १६ जना अर्थात कूल संख्याको ४२.१० प्रतिशत र वारी हुने १९ जना अर्थात ५० प्रतिशत, १५ रोपनी भन्दा थोरै खेत हुने ११ जना अर्थात २८.९५ प्रतिशत र वारी हुने १० जना अर्थात २६.३२ प्रतिशत, १५ रोपनी भन्दा धेरै खेत हुने ५ जना अर्थात १३.१६ प्रतिशत र वारी हुने ८ जना अर्थात २१.०५ प्रतिशत रहेको पाइयो । यसबाट के स्पष्ट हुन्छ भने उक्त गाउँमा ५-१० रोपनी खेतवारी हुने घरधुरी धेरै रहेका छन् ०-५ रोपनी खेतवारीहुने घरधुरी कम छन् ।

यसरी हेर्दा अध्ययन क्षेत्रका बासिन्दाहरुको परिवार संख्याको अधारमा जग्गा माथिको स्वामित्व कम देखिन्छ । अझ जग्गापनि कम उत्पादकत्व क्षमता भएको , पाखो र सिँचाइ सुविधाको अप्रयाप्तता जस्ता कारणले वर्षभरी आफ्नो जग्गा जमिनबाट अत्यान्त कम समय खाना खान पुग्ने देखिन्छ ।


अध्ययन क्षेत्रका उत्तरदाताहरुलाई आफ्नो जग्गाजमिनबाट खान पुग्ने अवधिको बारेमा सोध्दा निम्न अनुसारको अवस्था पाइयो ।

**खान पुग्ने अवधि**
**तालिका नं. ११**

| सि.नं. | खान पुग्ने अवधि (महिनामा) | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-३ | ४ | १०.५३ |
| २ | ३-६ | ११ | २८.९५ |
| ३ | ६-९ | १७ | ४४.७४ |
| ४ | ९-१२ | ६ | १५.७८ |
| ५ | पुगेर पनि बच्ने | ० | ० |
| जम्मा | | ३८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

**चित्र नं. ४**
**खान पुग्ने अवधि**




माथिको तालिका र रेखाचित्र अनुसार ०-३ महिना खान पुग्ने घरधुरी संख्या ४ अर्थात १०.५३ प्रतिशत, ३-६ महिना खान पुग्ने घरधुरी ११ अर्थात २८.९५ प्रतिशत, ६-९ महिना खाना खान पुग्ने घरधुरी १७ अर्थात ४४.७४ प्रतिशत, ९-१२ महिना खान पुग्ने घरधुरी ६ अर्थात १५.७८ र १२ महिना पुगेर पनि बच्ने घरधुरी हुदै

नभएको पाइयो । यसबाट के भन्न सकिन्छ भने उक्त गाउँका ६-९ महिना खानपुग्ने घरधुरी धेरै रहेका छन् ।

यसरी उनीहरुको प्रमुख पेशा कृषि भएतापनि आफ्नो परिवारलाई १ वर्षसम्म खान पुग्ने खाद्यान्य पनि उपादन गर्न नसक्ने अवस्था छ । यसकारण उनीहरुको आर्थिक अवस्था दयनिय रहेको पाइयो ।

### ५.२.६ पेशागत अवस्था

मानिसले जिवन निर्वाहको लागि कुनै न कुनै पेशा व्यवसाय अपनाएको हुन्छ । पेशा वा व्यावसाय गर्ने मानिसहरुले आफ्ना आधारभुत आवश्यकता सजिलै पुरा गरिरहेका हुन्छन् भने पेशा नगर्ने मानिसहरुको जिवन कष्टप्रद हुन्छ ।

हंशपुर गा.वि.स. का अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरुको मुख्य पेशा कृषि हो । परम्पराकाल देखि नै आफ्नो खेत वारीमा कृषि कार्य गर्दै आएको पाइन्छ भने फुर्सतको समयमा ज्यालादारी काम गर्ने गरेको देखिन्छ । केहि वर्ष अघिसम्म यहाँका युवाहरु भारत तथा ब्रिटिस सेनामा भर्ति भएको पाइन्छ तर वर्तमान समयमा भर्ति हुनका लागि पनि अत्याधिक प्रतिस्पर्धा भएको कारण कम युवाहरु मात्र भर्ति भएको पाइन्छ । यस्तै व्यापार व्यावसाय र सरकारी पेशामा जागीर खाने मगरहरुको संख्या अत्यान्त न्युन छ । यहाँका मगरहरु फुर्सतको समयमा माछा मार्न जाने गरेको पनि पाइन्छ ।

यस क्षेत्रका मगरहरुको पेशागत अवस्थालाई तलको तालिकाबाट अझ प्रस्ट पार्न सकिन्छ ।

## तालिका नं.१२
## मगरहरुको मुख्य पेशागत अवस्था

| सि.नं. | मुख्य पेशा | प्राथमिक पेशा | प्रतिशत | द्धितिय पेशा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कृषि | २७ | ७१.०५ | १० | २६.३२ |
| २ | ब्यापार व्यावसाय | २ | ५.२६ | | |
| ३ | निजि स्तरमा पेशा | १ | २.६३ | १ | २.६३ |
| ४ | सरकारी पेशा | १ | २.६३ | | |
| ५ | ज्यालादारी श्रमिक | | | २४ | ६३.१६ |
| ६ | वाह्य मुलुकमा पेशा (ब्रिटिश, इण्डिया) | ७ | १८.४३ | ३ | ७.८९ |
| जम्मा | | ३८ | १०० | ३८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका ३८ घरधुरीसँग लिइएको तथ्याङ्कको अनुसार प्राथमिक पेशा कृषि भएको घरधुरी ७१.०५ प्रतिशत व्यापार व्यावसाय ५.२६ प्रतिशत, निजि स्तरमा पेशा गर्ने घरधुरी २.६३ प्रतिशत सरकारी पेशा गर्ने २.६३ प्रतिशत र वाह्य मुलुकमा पेशा गर्ने घरधुरी १८.४३ प्रतिशत पाइयो भने द्धितिय पेशालाई अध्ययन गर्दा कृषि २६.३२ प्रतिशत, निजि स्तरमा पेशा २.६३ प्रतिशत, ज्यालादारी श्रमिक ६३.१६ प्रतिशत घरधुरी र वाह्य मुलुकमा पेशा गर्ने घरधुरी ७.८९ प्रतिशत देखियो ।

यसबाट के कुरा स्पष्ट हुन्छ भने अझै पनि उक्त क्षेत्रका मगरहरु परम्परागत कृषि पेशाबाट माथि उठ्न सकिरहेका छैनन किनकि प्राथमिक पेशा कृषि गर्ने जनसंख्या ७१.०५ प्रतिशत रहेको छ भने द्धितिय पेशा सबैभन्दा बढी ज्यालादारी श्रमिक छन् यसको प्रतिशत ६३.१६ रहेको छ ।

## ५.२.७ आर्थिक अवस्था

कुनै पनि ठाउँका मानिसहरुको जिवनस्तर थाहा पाउन उनीहरुको आम्दानीको अवस्था हेर्नुपर्दछ । आर्थिक अवस्थाले नै समाजको स्तर र हैसियत थाहा पाउन सकिन्छ । जुन व्यक्तिको आर्थिक अवस्था राम्रो हुन्छ उसले आफ्ना आवश्यकताहरु सजिलै पुरा गर्न सक्दछ ।

हंशपुर-५ सुजिनपुरका नमुना छनौटमा परेका घरधुरीका मानिसहरुको मासिक आम्दानीको अवस्था यस प्रकार रहेको छ ।

**तालिका नं. १३**

**नमुना छनौटमा परेका घरधुरीका मासिक आम्दानी**

| सि.नं. | मासिक आम्दानी रु | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३०००-५००० | ६ | १५.७९ |
| २ | ५०००-७००० | ९ | २३.६८ |
| ३ | ७०००-९००० | ११ | २८.९५ |
| ४ | ९०००-११,००० | ७ | १८.४२ |
| ५ | ११००० भन्दा बढी | ५ | १३.१६ |
| जम्मा | | ३८ | १०० |


माथिको तालिका अनुसार मासिक ३०००-५००० सम्म आम्दानी भएका घरधुरी ६ अर्थात १५.७९ प्रतिशत, ५०००-७००० सम्म आम्दानी गर्ने ९ अर्थात २३.६८ प्रतिशत, ७०००-९००० सम्म आम्दानी गर्ने ११ घरधुरी अर्थात २८.९५ प्रतिशत त्यस्तै ९०००-११००० सम्म आम्दानी गर्ने ७ अर्थात १८.४२ प्रतिशत र ११,००० भन्दा आम्दानी गर्ने ५ जना अर्थात कूल घरधुरीको १३.१६ प्रतिशत प्राप्त

गर्ने रहेको छ । सबैभन्दा बढी घरधुरी मासिक ७०००-९००० सम्म आम्दानी प्राप्त गर्ने रहेको छन् भने कम घरधुरी ११,००० भन्दा बढी आम्दानी गर्ने  रहेका छन् ।

यसले के देखाउँदछ भने हंशपुर -५ सुजिनपुरका मगरहरुको आर्थिक अवस्था कमजोर रहेको छ । किनभने कृषि पेशा मनसुनमा आधारित छ भने १/२ जना बाहेक अन्य मानिसहरुले सरकारी पेशा प्राप्त गरेको देखिदैन केही बाह्य मुलुकमा आर्मी, पुलिसको जागिर गरे पनि पारिवारीक संख्या धैरै भएको कारणले उनीहरुको आर्थिक स्तर न्यून रहेको छ ।

**चित्र नं. ५**

**धरधुरीको मासिक आम्दानी**




## ५.२.८ पशुपालन

मानिसहरुले शिकारी तथा संग्रही समाज देखि नै पशुपालनको शुरुवात गरेको पाइन्छ । प्राचिन समयमा पशुपालन नै अर्थतन्त्रको प्रमुख स्रोत थियो र वर्तमान समयमा पनि कृषि प्रमुख पेशा भएपनि कृषिकार्यका लागि पशुपालन व्यवसाय

आवश्यक पर्ने भएकाले पशुपालनलाई पनि महत्वपूर्ण आर्थिक स्रोतका रुपमा लिन सकिन्छ ।

अध्ययन क्षेत्र हंशपुर -५ सुजिनपुरका मगर समुदायमा पनि पशुपालन व्यावसायले महत्वपुर्ण स्थान राखेको छ । प्रशस्त चरन क्षेत्र, कृषि प्रमुख व्यावसाय भएकाले पनि उक्त क्षेत्रमा पशुपालन व्यवसाय सञ्चालन भएको पाइन्छ । त्यस्तै आयस्रोतका लागि पनि पशुपालन व्यावसाय सञ्चालन गरेको पाइन्छ । यहाँ प्रमुख गरी गोरु कृषि कार्यका लागि गाई, भैसी दुधका लागि र खसि, बाखा, सुँगुर वंगुर, कुखुरा मासुका लागि पाल्ने गरेको पाइन्छ यसका साथै कृषिका लागि मलको लागि पनि पशुहरु पाल्ने गरेको उत्तरदाताहरु बताउदछन् ।

**पशुपालन**

**तालिका नं १४**

| सि.नं. | पशुहरुको प्रकार | पशुहरुको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गाइ/गोरु | १८६ | २१.३१ |
| २ | भैसी/राँगो | ३२ | ३.६६ |
| ३ | खसि/बाखा | २७६ | ३१.६१ |
| ४ | कुखुरा | ३०५ | ३४.९४ |
| ५ | सुँगुर/वंगुर | ७४ | ८.४८ |
| जम्मा | | ८७३ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिकाले के देखाउँदछ भने जम्मा घरपालुवा जनावरहरुको संख्यामध्ये १८६ गाई/गोरु (२१.३१%), ३२ राँगो/भैसी (३.६६ प्रतिशत), २७६ खसि/बाखा (३१.६१ प्रतिशत) ३०५ कुखुरा (३४.९४) प्रतिशत र ७४ सुगुर/वंगुर (८.४८) प्रतिशत रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने सुजिनपुरका मगर पशुपालनलाई पनि महत्वपुर्ण आर्थिक स्रोतका रुपमा लिई उक्त व्यावसायलाई जोड दिएको पाइन्छ । र बढी संख्यामा बाखा र कुखुरा पालेको देखिन्छ ।

### ५.२.९ घरको बनावट

मानिसको आधारभुत आवश्यकताहरु मध्ये एउटा प्रमुख आवश्यकता वस्ने ठाउँ वा घर हो । अध्ययन क्षेत्र सुजिनपुरमा स्थलगत सर्वेक्षण गर्दा आर्थिक हैसियत अनुसार घरको निर्माण गरेको पाइयो । सामान्यतया आकारलाई नहेर्ने हो भने ३ प्रकारका घरहरु पाइयो । जसलाई तलको तालिका नं. मा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**

**घरहरुको बनावट**

| सि.नं. | घरको प्रकार | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ढुङ्गाको गारो र खरको छानो | २१ | ५५.२६ |
| २ | ढुङ्गाको गारो र टायलको छानो | १२ | ३१.५८ |
| ३ | ढुङ्गाको गारो र टिनको छानो | ५ | १३.१६ |
| जम्मा | | ३८ | १०० |


स्रोतः स्थलगत सर्वेक्षण २०६७

उक्त तालिका अनुसार ३८ घरधुरीहरु मध्ये ढुङ्गाको गारो र खरको छानो भएको २१ घरधुरी वा सम्पुर्ण घरधुरीको ५५.२६ प्रतिशत, ढुङ्गाको गारो र टायलको छानो भएको १२ घर अर्थात सम्पुर्ण घरधुरीको ३१.५८ प्रतिशत र ढुङ्गाको गारो र

टिनको छानो भएको ५ घरधुरी अर्थात सम्पूर्ण संख्याको १३.१६ प्रतिशत पाइयो । यसबाट के स्पष्ट हुन्छ भने उक्त क्षेत्रमा ढुङ्गाको गारो र खरको छानो भएको घरपरिवार सबैभन्दा बढी र टिनको छानो भएको घर सबैभन्दा कम रहेको छ । उक्त तालिकालाई रेखाचित्रमा प्रस्तुत गर्दा

**चित्र नं ६**

**घरहरुको वनौट**




## ५.३ सांस्कृतिक पक्ष

अध्ययन क्षेत्र हंशपुर गा.वि.स. वडा नं. ५ सुजिपुरमा बसोबास गर्ने सम्पुर्ण मगरहरुले हिन्दु धर्म मान्दछन् त्यसकारण उनीहरुका संस्कारहरु सबै हिन्दु धर्मसँग सम्बन्धीत रहेका छन् उनीहरुको सांस्कृतिक पक्षको अध्ययन गर्ने क्रममा जीवन चक्रिय संस्कारहरु धर्म, थर/गोत्र, भाषा, भेषभुषार खानपान, चाडपर्व र पुजाआजाहरु नातेदारी व्यवस्था र महिलाको अवस्थाको बारेमा अध्ययन गरिएको छ । मगरहरुको सांस्कृतिक पक्षहरुको अध्ययन गर्ने क्रममा गाउँका जान्नेबुभ्ने शिक्षक, कर्मचारी समाजसेवी जस्ता व्यत्तिहरु, बुढापाका मानिसहरुसँग भएको छलफल र कुराकानीका आधारमा विवरणहरु संकलन गरिएका छन् ।।

### ५.३.१ जीवन चक्रिय संस्कारहरु

संस्कारहरु भन्नाले मानिस जन्मेदेखि मृत्यु सम्मका संस्कारहरु हुन । अध्ययन क्षेत्रका मगरहरुले पनि बच्चा जन्मेदेखि मृत्यु नभए सम्म र मृत्युपछि पनि विभिन्न संस्कारहरु सम्पन्न गर्ने गर्दछन् । उनीहरुका अनुसार आफ्नो जातीय शुद्धता र आफ्नो जाति भित्र रहेका सामाजिक तथा सांस्कृतिक रितिरिवाज र परम्परालाई जिवन्त राख्न संस्कारहरुको आवश्यकता पर्दछन् । उनीहरुले सम्पन्न गर्दै आएका जिवन संस्कारहरु यसप्रकार छन् ।

#### ५.३.१.१ जन्म

जीवन संस्कारको सबैभन्दा पहिलो संस्कार जन्म हो । खासगरी महिलाको गर्भावस्था देखि बच्चा जन्मने सम्मको अवधिलाई जन्म संस्कार अर्न्तगत राख्न सकिन्छ । कुनैपनि विवाहित महिला गर्भवति भएमा उसलाई गाह्रो अप्ठयारो काम नगराउने, खानेकुरामा ध्यान दिने गर्दछन् । गर्भवती अवधि भर महिला र पुरुषले पुजाआजा नगर्ने र काटमार गर्ने नहुने विश्वास रहेको पाइन्छ । बच्चा जन्मने अवस्थामा अझै सम्म पनि अस्पताल लैजाने चलन छैन । गाउँका अनुभवी महिला र गाउँकै सुडेनीको सहायता लिने गर्दछन् । बच्चा जन्मेको दिन, बार, समय, बच्चाको बुबाले टिपेर राख्ने चलन छ । बच्चा जन्मिसकेपछि नजिकका दाजुभाईले न्वारान नभए सम्म जुठो बार्ने चलन छ । न्वारान पछि जुठो चोख्याउने गरिन्छ । बच्चा जन्मीसकेपछि यस ठाउँका मगरहरु बच्चाको आमालाई कुखुरा र परेवाको मासु, ज्वानो र वेसारको झोल खुवाउने गर्दछन् भने बच्चा जन्मिए पछि आफन्त र माइतीहरुले कुखुरा ल्याई भेट्न आउने चलन रहेको छ । आफ्नै जातिको पुरोहितबाट बच्चाको नाम राखिन्छ ।

### ५.३.१.२. न्वारान

जन्म पछिको अध्ययन क्षेत्रका मगरहरुको अर्को संस्कार न्वारान हो । किनकि उनीहरु छैठि गर्दैनन । बच्चा जन्मेको ३ देखि ५ दिन मा न्वारान गरी जुठो चोख्याउने गरिन्छ । न्वारानको दिन घरमा लिपपोत गरी बच्चा र आमालाई नुहाएर सफा गराइन्छ । मगर पुरेतले बार, दिन, महिना, नक्षेत्र, ऋतु आदिलाई विचार गरी नामाकरण गर्दछन् र दाजुभाइलाई सुनपानी खुवाएर जुठो चोख्याउने गरिन्छ । त्यसपछि बच्चालाई आमाले लिएर बसेपछि पुरेतले लिपेको ठाउँमा रेखी लगाएर त्यस ठाउँमा २ स्थानमा चामल राखी दियो कलश, फूल फलफूल राखिन्छ । रेखीको विचमा धुम लगाउने बेलामा आफ्नो कुलवायु र आफ्ना देवीदेवताहरुलाई सम्फेर पुकार्ने गरिन्छ । पुजाआजा सकिए पछि फुपु, फुपु नभए दिदी र दिदीपनि नभए नजिकको फुपु वा दिदीले बच्चाको हातमा धागो बाधि बच्चाको जुरेको नामबाट बोलाइन्छ । यो धागोले बच्चाको रक्षा गर्ने विश्वास छ । पहिलोपटक छोरा जन्मिएको भए न्वारानको दिन 'सार टिका याहाके' अर्थात फूलटीका दिने भनेर इष्टमित्रहरुलाई बोलाइन्छ र इष्टमित्रहरुले बच्चाको बाबुलाई फूलटीका लगाइ पैसा दिन्छन् । सोही दिन बच्चाको मावलीले बाबुलाई बहादुरीको प्रतिक 'साफा' (सेतो कपडाको पगडी) लगाइ दिन्छन् । र अन्त्यमा मासु र पेय पदार्थ खुवाई इष्टमित्रहरुलाई सत्कार गरिन्छ ।

### ५.३.१.३ अन्न प्रासन

न्वारान पछि गरिने यस संस्कारलाई अन्नप्रासन वा पास्नी भनिन्छ । मगरहरुले अन्नप्रासनलाई 'परमदै' भन्ने गर्दछन । यस संस्कार छोरा भए ६ महिनामा र छोरी भए ५ महिनामा सम्पन्न गरिन्छ । उक्त अवसरमा राम्रो साइतको दिन हेरेर बच्चालाई नयाँ कपडा लगाई दिई वरको पातबाट सवैभन्दा पहिले नजिकको साइनो पर्ने कन्या केटीबाट अन्न प्रासनको शुरुवात गरिन्छ । यस अवसरमा आफ्ना

आफन्तहरुलाई बोलाई खानपिन गरी रमाइलो गरिन्छ तर कमजोर आयस्रोत भएकाहरुले साधारण तरिकाबाट अन्नप्रासन संस्कार सम्पन्न गरिन्छ ।

### ५.३.१.४ छेवर

यस अध्ययन क्षेत्रका मगरहरुले आफ्नै जातिको पुरेतबाट शुभ दिन हेराई बच्चा ५ वर्ष पुगेपछि शुक्रवार विहिवार पारेर मामाबाट बच्चाको कपाल खौरी दिने चलन छ । कपाल खौरेपछि बच्चालाई बच्चाको बुबाले आफ्नो गच्छे अनुसारको मगर पहिरन लगाइदिने चलन छ । यस दिनमा बच्चालाई मामाले पनि आफू सक्दो नयाँ कपडा दिन गर्दछन् ।

छोराको छेवर कार्यजस्तै छोरीको पनि बच्चा ५,७,९ वर्ष वा विजोरवर्ष पारेर बुधवार वा शुक्रवारको दिन बच्चाले नुवाइधुवाई गरेपछि टीका लगाइदिइ कपाल कोरेर मामाबाट गुन्युचोलो र घाँघर पहिऱ्याइदिने चलन छ ।

### ५.३.१.५ विवाह

विभिन्न जाति वा समुदायमा आ-आफ्नै प्रकारको विवाह परम्परा भए जस्तै यस अध्ययन क्षेत्रका मगरहरुको पनि आफ्नै प्रकारको विवाह परम्परा रहेको छ । यस क्षेत्रका मगरहरु आफ्नो वंश र गोत्र भित्र विवाह गर्दैनन् । विधवा, विवाह र बहुविवाहलाई समाजले स्विकार्ने भएपनि नमुना छनौटमा परेका घरधुरीमा यस्तो विवाह भेट्टिएन । मगरहरु फूपुचेला र मामाचेली विच वैवाहिक सम्बन्ध कायम गर्दछन् तर मामाचेलो र फूपुचेली विवहलाई स्विकार गरिदैन ।

अध्ययन क्षेत्रका उत्तरदाताहरुका अनुसार मगर समुदायमा मागि विवह गर्ने चलन नरहेको र जारी, चोरी विवाहलाईस्विकृति प्रदान गरेतापनि बढि प्रेम विवाह हुने गरेको बताउँदछन् । केटा र केटी विच आपसमा मन परेपछि कुनै मेला वा पर्वमा भगाएर केटाले केटीलाई आफ्नो घरमा लैजान्छ केटीले केटासँग केहि रुपैया

माग्ने चलन पनि छ । त्यसलाई ‘साइमासो’ भनिन्छ । त्यसपछि बाबु आमाको स्विकृति पछि आफ्ना नजिकका दाजुभाई दिदीबहिनी जम्मा भई ढोकामा भाले र पोथी कुखुरा काटी उक्त रगतमा पहिले दायाँ खुट्टाले दुलहीले टेकी कन्या केटीले दुलहीलाई भित्राउदछिन र दुलाहापनि पछि पछि रगतलाई टेकि भित्र जाने गर्दछन् । मगरहरुमा सिन्दुर हाल्ने चलन छैन । यही भालेपोथीको रगतमा टेकेपछि विवाह भएको मानिन्छ । तर आजभोलि हिन्दु धर्मको प्रभावका कारण सिन्दुर हाल्ने गरेको पनि पाइन्छ । यसरीदुलाहा दुलाहीलाई घर भित्राएपछि आफन्तहरुले मासु र रक्सी खाई रमाइलो गर्दछन् । विवाह भएको ३ देखि ५ दिनमा केटापक्षका मानिसहरु केटीको घरमा जानकारी दिन जाने गर्दछन् जसलाई सोधनी भनिन्छ । सोधनीमा जाँदा जानकारी मात्र नदिइ ढोगभेट गर्ने दिन पनि पक्का गरिन्छ । साथै अन्य खानेकुराहरुको बारेमा पनि छलफल हुने गर्दछ । ढोग भेटको दिन निश्चित भएपछि दिन विहानै तोके बमोजिमको खानेकुरा (जाँड रक्सी, रोटी, मासु) आदि दलाहाको घरबाट दुलहीको घरमा पुर्‍याइन्छ र दुलाहाको घरमा खानपिन पछि जन्ती दुलहीको घरमा जाने गर्दछन् । जन्तीआर्थिक अवस्था अनुसार पञ्चै बाजा बजाएर पनि जाने गर्दछन् । दिनभर नाचगान गरी रमाइलो गर्नुका साथै दुलहीका आमा, बुबा, मामा लगायतका आफन्तहरुले दुलाहा दुलहिलाई टिका लागाइदिई ढोग भेट फुकाउने गरिन्छ र दुलाहा दुलाहिलाई सक्दो दक्षिणा र दाइजो पनि दिने चलन छ । ढोगभेट र टिकाटालो सिद्धिएपछि खानपिन गरी जन्ती फर्कने गर्दछ । जन्ती फर्कदा दुलाहीका साथी र बहिनीहरुले रक्सी र रोटी लिएर बाटो छेक्ने चलन पनि छ । आफूले मागे अनुसारको रुपैया पाएपछि जन्तीलाई रक्सी र रोटी खानदिई बाटो छोडि दिन्छन ।यसरी फर्केर जन्तीकेटाको घरमा पुगेपछि पुन खानपिन र रमाइलो गर्ने प्रचलन रहेको छ ।

### ५.३.१.६ मृत्यु संस्कार

मानिसको मृत्यु पश्चाप हरेक जातिले आफ्नो रीतिरिवाज संस्कृति र चालचलन अनुसार मृत्यु संस्कार सम्पन्न गर्ने गर्दछन् । अध्ययन क्षेत्रका मगरहरुले पनि कुनै व्यक्तिको मृत्यु भएपछि छोरा भए छोराहरुले र नभए नजिकको हकवाला दाजुभाईले मृतकको मुखमा कपासको बत्ति बालेर पानी हाल्ने गर्दछन् । यसलाई दागवत्ती दिने भनिन्छ । दागवत्ती दिने कार्य घरमा वा घाटमा गरिन्छ । आफ्ना आफन्तहरु र इष्टमित्रहरु जम्मा भइसकेपछि लासलाई कात्राले बेरी बासको खट माथि राखि पहिले छोराहरुले बोक्दछन् । यसलाई ‘काध दिने ’ भनिन्छ । यहि छोरा नभएमा दाजु भाई पर्ने नातेदारले सो काम गर्दछन् । त्यसपछि आफन्तले पालैपालो बोकेर घाटमा लैजान्छन । घाटमा लाश लैजादा लाशको अगी अगी १ जना आफन्तले सेतो तुल लिएर मरेको मान्छे ल्याएको छ बाटो छोड भन्दै जाने गर्दछन् उक्त मानिसले लोटामा पानी र जौ, तिल, मास र सिन्का लिएर दोवाटोहरुमा फ्याक्दै हिद्छन जसलाई ‘सिवाट’ भन्दछन् । लाशलाई घाटमा पुर्‍याएपछि लाशलाई माटोको टिका लगाइदिई उसलाई जिउँदो छदा मनपर्ने खाना, फलफूल र एक माना चामल मुखमा राखिदिन्छन् । लाशलाई जलाउने वा गाड्ने ठाउँमा पैसा र चामल राख्ने चलन छ । यसलाई “धर्ती किन्ने” भनिन्छ । लाशलाई छोरा वा आफन्तबाट दागबत्ती दिइसकेपछि छोराहरुले नुहाएर भाञ्ज वा ज्वाइबाट केश मुण्डन गरि कपाल नदिमा बगाउने गर्दछन र सेतो कपडा लगाएर किरियाबस्दछन । किरिया सामान्तया १३ दिन बस्ने गर्दछन् तर दोभासे पर्ने अवस्था भएमा ९ वा ११ दिनमा पनि चोख्याउने गर्दछन तर त्यो भन्दा थोरै दिन भए मृतकको पुतला बनाई जलाएर १३ दिन सम्म नै किरिया बस्ने गर्दछन । उक्त किरिया अवधि भरी विहानै धारा वा पधेरामा गई नुहाएर किरियापुत्रीले आफै पकाई दिनको एक छाक मात्र घ्यू चिनीसँग खाने गर्दछन् । किरियापुत्रीलाई किरिया अवधि भर कसैले पनि हुनुहुदैन । १३ दिनपछि जुठो

चोख्याउने दिन आफ्ना चेलीबेटी, इष्टमित्र, दाजुभाइ, नातापाता र मलामिहरु जम्मा भई ब्राहमण वा आफ्नै जातिको पुरोहित द्वारा बैदिक विधि अनुसार जुठो चोख्याउने गरिन्छ । पुरोहित नराख्नेहरुले पुरोहितबाट गहुत मन्तरेर ल्याई कुटुम्वद्वारा यो कार्य गर्ने गरिन्छ । १३ दिने दाजुभाई र ५ दिने दाजुभाईहरुलाई समेत गहुत खादै दिई चोख्याउने गरिन्छ । गाउँलेहरु १ माना चामल लिएर आई चामल एकै ठाउँमा जम्मा गर्दछन र खाना, पेय पदार्थ, सेल, पुरी, दाल, भात, मास खाई आफ्नो घर फर्कन्छन । यो दिन चोखयाउन मासु र जाँड नभै नहुने भएकोले आफ्नो क्षमता अनुसार सुँगुर, कुखुरा खसी काटी खानपिन गरिन्छ । चेलीबेटी र कुटुम्वहरुलाई टिका लगाइ दक्षिणा दिने गरिन्छ । आमा बाबु मरेको भए छोरीले बेसार र नुन ल्याएर दाजुभाईलाई मुखमा लगाइदिने चलन छ यसपछि नुन खान शुरु गरिन्छ ।

### ५.३.२ धर्म

धर्म भनेको अलौकिक शक्ति माथिको विश्वास हो । धर्मले समाजलाई सहि दिशामा हिडाउन सक्छ भने कतिपय अवस्थामा अनावश्यक खर्च पनि गराउदछ ।

अध्ययन क्षेत्रका मगरहरुले हिन्दु धर्म मान्दछन् उनीहरु हिन्दु धर्मसँग सम्बन्धीत देवी देवताहरुको पुजा आजा गर्दछन् भने कतिपय आफ्नै जातिसँग सम्बन्धीत देविदेवताहरुको पुजा आजा पनि गर्दछन् साथै हिन्दु धर्मसँग सम्बन्धीत चाडपर्वहरु रमाइलोका साथ मनाउने गर्दछन । पुजाआजाका क्रममा ब्राहमण पुरेत नराखी आफ्नै जातिको पुरेत, दिदीबहिनी, छोरी-भान्जा आदिलाई राख्ने गर्दछन ।

### ५.३.३ थर/गोत्र

मगरहरुको थुप्रै थर र गोत्र हुने गर्दछ जस्ले जातिय व्यवस्थालाई स्पष्ट गर्दछ । हिन्दु समाजमा विभिन्न पुजाआजा संस्कार र चाडपर्व आदिमा गोत्रको महत्व हुन्छ ।

अध्ययन क्षेत्र हंशपुर ५ सुजिनपुरमा सर्वेक्षण गर्दा राना, मर्साङ्गी, गाहा, दर्लामी, घर्ती, लम्तरी, डाला रखाल, रेश्मी थरका मगरहरु प्राचिन समयदेखिनै बसोबास गर्दै आएको पाइन्छ । कतिपय उत्तरदाताहरुले आफ्नो गोत्र भन्न अप्ठयारो मानेपनि युवाहरुले गोत्र भन्दा केही फरक नपर्ने बताए । उनीहरुका अनुसार निम्न थरहरुको निम्न गोत्र रहेको पाइयो ।

**तालिका नं. १६**
**थर र गोत्र**

| सि.नं. | थर | गोत्र |
|---|---|---|
| १ | लम्तरी | आत्रेय |
| २ | मर्साङ्गी | कौशिल्या |
| ३ | घर्ती | धनन्जय |
| ४ | राना | कौशिल्या |
| ५ | डाला | कौडिल्या |
| ६ | रखाल | नेत्र गोत्र |
| ७ | दर्लामी | कश्यप |
| ८ | रेश्मी | आत्रेय |
| ९ | गाहा | धनमाया |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

### ५.३.४ भाषा

भाषासंचारको माध्यम हो । नेपालमा बसोबास गर्ने विभिन्न जनजातिहरुको आफ्नै भाषा भएजस्तै मगर जनजातिहरुको पनि आफ्नै भाषा पाइन्छ । नेपालको विभिन्न ठाउँका साथै पश्चिम कुमाउ देखि पुर्व सिक्किम सम्म मगरहरुको बसोबास

भएतापनि केही ठाउँका मगरहरु बाहेक अधिकांस मगरहरु आफ्नै भाषा प्रयोग गर्दछन् ।

मगर भाषालाई मुख्यतया दुई भागमा विभाजन गर्न सकिन्छ ।

१. अठार मगराँती भाषा

क) खाम भाषा

ख) काइके भाषा

२. बाह्र मगराँती भाषा

रोल्पा, रुकुम, प्यूठान, बाग्लुङ जिल्लाको उत्तरीभेकका मगरहरुले बोल्ने भाषालाई खाम भाषा भनिनछ भने डोल्पा जिल्लाको तारकोटका मगरहरुले बोल्ने भाषालाई काइके भाषा भनिन्छ । त्यस्तै पाल्पा, तनहु, स्याङजा, नवलपरासी, महोत्तरी उदयपुर आदि जिल्लामा बसोबास गर्ने मगरहरुले बोल्ने भाषालाई बाह्र मगराँती भाषा भनिन्छ ।

अध्ययन क्षेत्रका मगरहरु स्याङजा जिल्लाबाट बसाईसरी आएको हुनाले उनीहरु बाह्र मगराँती भाषा बोल्ने गर्दछन् । उक्त गाउँमा बसोबास गर्ने शतप्रतिशत मगरहरुले मगर भाषा बोल्ने गर्दछन् । उनीहरुका अनुसार आफूहरुले बोल्ने भाषा मगर भाषा भएको बताउँदछन् ।

### ५.३.५ भेषभुषा र खानपान

नेपाल भौगोलिक र जातिय विविधता भएको मुलुक हो । हिमाल, पहाड र तराई जुनसुकै भौगोलिक क्षेत्रमा बसोबास गरेपनि हरेक जातिले आ-आफ्नो जाति अनुसारको भेषभुषालाई हेर्दा पुरुषहरुले भाँग्राको गादो, कछाड, आस्कोट, टोपी, लङगुटी लगाउने गर्दथे भने महिलाहरुले भाँग्राको गादो र लुङ्गी, घलेक गुनियो र

गहनाहरुमा सिर्वन्दी, ढुङरी, बुलाकी, कण्ठ चन्द्रमा, पोते, माडवारी, तिलहरी, नौगेडी र वाला आदि हुन ।

वर्तमान अवस्थामा विश्वव्यापिकरणको कारण, शिक्षा सम्पर्क आदिको कारण मगरहरुले परम्परागत पोशाक भन्दा आधुनिक पोशाक तर्फ आर्कषित भएको पाइन्छ ।

अध्ययन क्षेत्रका मगरहरु पनि बुढा र तन्नेरीहरुको भेष भुषामा फरक देख्न सकिन्छ । बुढा पुरुषहरु अहिलेपनि भोटो, कछाड, लङगुटी, धोती, छड्के पटुका आस्कोट र कमिज लगाउँदछन् भने युवाहरु सर्ट, पयन्ट, हापयन्ट, टिसट लगाउने गर्दछन् । त्यस्तै महिलाहरु पनि पुस्ता अनुसारको पोशाक गरगहनामा भिन्नता देखिन्छ । बृद्ध महिलाहरु चोली पछ्यौरी, घलेक र गुनियो लगाउँदछन् भने गहनाहरुमा ढुङग्री, मारवाडी, बुलाकी, नौगेडी लगाउँदछन् भने युवतीहरु कुर्ता सुरुवाल, सर्ट, मेड्डी, मेक्सी, टिसट, लुङ्गी ब्लाउज, साडी, गहनाहरुमा टप, झुमका, तिलहरी, नौगेडी लगाउने गर्दछन् । यसरी भेषभुषालाई हेर्दा पुस्तापुस्ता विचको अन्तर देख्न सकिन्छ ।

सुजिनपुरका मगरहरुको मुख्य खाद्यान्य मकैको आटो, भात तरकारी, दाल, सागपात माछ्ामासु, रोटी आदि हुन भने चाडपर्वहरुमा माछ्ा, मासु, जाडँ, रक्सी, मासको बटुक खाने गर्दछन् । मगरहरु प्रायः जाडरक्सी घरमै बनाएर खाने गर्दछन् । किनभने उनीहरुका कतिपय संस्कारहरुमा जाडरक्सी अनिवार्य हुन्छ । मासुमा सुँगुर/वंगुर र कुखुराको मासु खाने गर्दछन र कहिलेकाही, पाडो (राँगो) र खसिको मासुपनि खाने गर्दछन् । उनीहरु गाई, भैसीको दुध, दहि घ्यू पनि खाने गर्दछन् ।

### ५.३.६ चाडपर्व र पुजा आजाहरु

संसारका जुनसुकै ठाउँमा बसोबास गर्ने मानिसहरुको आ-आफ्नो प्रकारका चाडपर्वहरु छन् । चाडपर्वले मानव जातिलाई मनोरञ्जन प्रदान गर्ने गर्दछ आफ्नो संस्कृति र परम्परालाई जोगाइराख्न सहयोग गर्दछ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरु हिन्दु धर्मबाट प्रभावित भएको कारण उनीहरुका चाडपर्वहरु पनि हिन्दु धर्मसँग सम्बन्धित रहेका छन् तर मान्ने शैली भने आफ्नै मौलिक प्रकारको छ । विशेषगरी चाडपर्वमा आफ्नो दाजुभाई, दिदीबहिनी, भाञ्जाभाञ्जी, ज्वाई वा भाञ्जालाई बोलाएर वा जम्मा भई मनोरञ्जन गर्ने खानपिन गर्ने गर्दछन् । साच्चै भन्ने हो भने मगरहरुले बाह्रै महिना चाडपर्वहरु मनाउदछन् मगरहरुले मनाउने चाडपर्वहरु यसप्रकार रहेका छन् ।

#### ५.३.६.१ बैशाखे पुर्णिमा

नयाँवर्षको शुरुवात सँगै बैशाखेपुर्णिमा बैशाख शुक्ल पुर्णिमाको दिन पर्दछ । उक्त दिन मगरहरु विहानै नुहाएर चोखो कपडा लगाएर समेक्ष पुजाका लागि तयार हुन्छन् । पुजा गर्ने स्थानमा सबै घरधुरीका मानिसहरु जम्मा भइसकेपछि अविवाहित मगर पुजारीद्वारा पालु र ब्राह देवताको पुजा आजा गरिन्छ । र सुँगुर पाठो वली दिइनछ । उक्त दिन घर घरबाट पनि आफु सक्दो कुखुरा, सुँगुरको पनि पुजा गरी बलि दिने चलन पनि छ । उक्त सामुहिक रुपमा पुजा गरिएको सुँगुर त्यही नै खानपिन गरी घर फर्कन्छन् । उक्त दिन आफ्नो इष्टमित्र जस्तै दिदीबहिनी, फुपु, भाञ्जाभाञ्जी, ज्वाइ वा भाञ्जलाई पनि बोलाएर खाना दिने चलन छ ।

#### ५.३.६.२ साउने सक्रान्ती पर्व

यो पर्व श्रावण १ गते मनाउने गरिन्छ । अध्ययन क्षेत्रका मगरहरुले यो पर्वलाई धुमधामका साथ मनाउने गर्दछन् । खासगरी यो पर्वमा विहानै भलायो र खर

छाना र ढोकामा सिउरिने गर्दछन् । साझपख घरका प्रत्येक सदस्यले ४ ओटा आगोको अगुल्टो चारै दिशा फाल्दछन यसलाई 'लुतो फाल्ने' भनिन्छ । बेलुका केटाकेटीहरुले हात र खुट्टामा 'तिउरी' लगाउने गर्दछन् । यस अवसरमा आफन्तहरुलाई घरमा खाना खान बोलाउने चलन छ । यसै दिनदेखि तिज पर्व शुरुवात भएको भन्ने चलन भएकाले नाचगान गरी रमाइलो गर्ने पनिचलन छ ।

### ५.३.६.३ माघे सक्रान्ति

यो चाड पनि मगरहरुले मनाउने अर्को चाड हो । यो चाहलाई पितृ चाडको रुपमा मनाउने चलन छ । बाबु आमा मरिसकेका छोराहरुले पौष मसान्त देखि नै उपवास बसी माघ १ गते विहान खोलामा गई नुहाइ सकेपछि आफ्ना पितृहरुलाई 'पिण्ड' चढाउने गर्दछन् । एक मुठि मासको दाल अदुवा चढाउने कार्यलाई मुठि दिने पनि भनिन्छ । यो चाडमा तरुल, फलफूल र खिचडी खाने र आफ्ना इष्टमित्रलाई बोलाएर खान दिने चलन छ ।

### ५.३.६.४ चैते दशै

यो चाड चैत शुक्ल अष्टमीको दिन सानो दशैका रुपमा मनाउने चलन छ । एक दिन मात्र मनाउने उक्त पर्वमा आफ्ना दिदीबहिनी र आफन्तहरुलाई बोलाएर मासु र भात खान दिने गर्दछन् यसका साथै आफ्नो इष्टमित्र जम्मा भई खानपिन गरी रमाइलो गर्दछन् ।

### ५.३.६.५ तिज

मगर महिलाहरुले मनाउने अर्को चाड तिज हो । उक्त चाडमा अध्ययन क्षेत्रका महिलाहरु ब्रत बस्ने पुजाआजा गर्ने चलन नभएता पनि नयाँ नयाँ कपडा र गरगहनाहरुमा सजिई नाचगान गरी रमाइलो गर्दछन् । आफ्ना दिदीबहिनीसँग

भेटघाट हुने र आफ्ना मनमा लागेका चोटहरु, तिता, मिठा अनुभवहरु, वेदनाहरु गीतका माध्यमबाट पोख्ने पर्वका रुपमा तिज पर्वलाई लिने गरेको पाइन्छ ।

### ५.३.६.६ बडा दशै

हिन्दु धर्मावलम्वीहरुको महान पर्व बडादशै नेपालमा बसोबास गर्ने धेरै जातजातिहरले मनाउने महत्वपुर्ण चाड हो । अध्ययन क्षेत्रका मगरहरुले पनि यो चाडलाई धुमधामसँग मनाउने गर्दछन् । हिन्दु धर्म मान्ने यहाँका मगर घटस्थापना देखि पुर्णिमा सम्म १५ दिन दशै पर्व मनाउने गर्दछन् । घटस्थापनाका दिन घरको एउटा कुनामा जौ, मकैको जमरा राख्ने गर्दछन् भने सप्तमीका दिन पाति बेलपत्रलाई घर भित्र भित्राइ जमरा राखेको ठाउँमा लगी राख्ने गर्दछन् भने अष्टमीको दिन फलामका भाडा र हतियारहरुलाई दुर्गादिवीको हतियारका रुपमा पुजा गर्ने गर्दछन् र दशमीको दिन आफ्ना मान्यजनको हातबाट टिका र जमरा लगाउने आर्शीवाद लिने र खानपिन गरी रमाइलो गर्ने चलन छ । दशैमा मगरहरुले मासु रोटी, भात र रक्सी जाँड खाने र खुवाउने गर्दछन् । दशैमा विवाहित व्यक्तिहरु आफ्नो ससुरालीमा टिका लगाउन जाने चलन छ । यसलाई ससुराली मानन जाने भन्दछन् धेरै टाढा ससुराल हुनेहरु पुर्णिमा सम्म पनि ससुराली मान्न जाने गर्दछन् । यो चाडमा विशेष गरी टाढा रहेको घरका सदस्यहरु बुबा आमाको हातबाट टिका लगाउन आउने भएको कारण परिवारका सदस्यहरु, इष्टमित्र, दिदीवहिनीहरु जमघट हुने, भेटघाट हुने महान अवसर भएको कुरा उत्तरदाताहरु बताउदछन् ।

### ५.३.६.७ तिहार

मगर जातिले मनाउने अर्को महत्वपुर्ण चाड तिहार हो विशेष गरी तिहार ५ दिन सम्म मनाउने गर्दछन् । चर्तुदशीका दिन चेलीबेटीलाई बोलाउन जाने र तोरनका लागि फूल खोज्ने गर्दछन् । काग र कुकुरको पुजापछि औसीका दिन

लक्ष्मीपुजाका साथै गाईको पुजा गरिन्छ । कसैकसैले सोही दिन र कसैले परेवाको दिन गाईको गोवरको गोवद्धन बनाई, नयाँ दाम्लाको पुजा गर्दछन् । गाईको दाम्लो पुज्न सुल्टे भोले काट्ने चलन भएको यहाँका मगरहरु बताउदछन् । गाईको पुजा गरिसकेर तोरनले बाटो छेकेर गाईलाई नुन र पिठो खुवाउने चलन छ । भाईटिकाको दिन दिदीबहिनीबाट दाजुभाईलाई टिका र माला लागाइ दिने र दाजु भाईले पनि दिदीबहिनीलाई टिका र माला लागइदिइसकेपछि दिदी बहिनीले आफ्नो घरबाट ल्याएको सेलरोटी, बटुक, माछा मासु रक्सी परिवारका सबै सदस्यहरुलाई खानदिने चलन छ । र दाजुभाईले पनि दिदीबहिनीलाई आफ्नो क्षमता अनुसार रुपैया, कपडा र गरगहना दिने चलन रहेको छ । खासगरी यहाँका मगरहरुको चलन अनुसार तिहारमा दिदीबहिनीले घरबाट ल्याई माइती र दाजुभाईलाई खुवाउने भएकोले कसैकसैले तिहारमा खुवाउने दिदीबहिनीको पालो बनाएको पनि पाइन्छ भने कसै कसैले प्रत्येक वर्ष सबैले मिलेर सबैथोक जम्मा गरी दाजुभाइलाई खुवाउने गरेको पनि पाइन्छ ।

तिहारको अर्को रमाइलो पक्ष के हो भने यस ठाउँका मगर परम्परागत देखि नै देउसी भैलो खेलेर रमाइलो गर्ने चलन छ । औसी देखि तिजका दिसम्म भैलो खेल्ने सोरठी, ख्याली, रम्मायन, कृष्णचरित्र जस्ता गीतहरु गाइ नाच्ने गर्दछन् । ३ तिन समम नाच्न नभ्याएको गाउँमा तिहार पछि पनि टोल टोलमा गई भैलो नाच्ने गरेको पाइन्छ । उक्त वर्ष जेठो छोरा जन्मेको घरमा पुत्र बढाई नाच्ने चलन पनिरहेको छ । यसरी नाचगान गरी जम्मा भएको दान (रुपैया) मंसिर महिनामा खानपिन र रमाइलो गरी खर्च गर्ने गरेको बताउदछन् । उक्त कार्यलाई ‘भैलो खाने’ भनिन्छ ।

### ५.३.६.८ कूल पुजा

यस ठाउँका मगरहरुको अर्को महत्वपुर्ण पुजा कूल पुजा हो । कूल पुजा भन्नाले आफ्ना मृतक पुर्वजहरुको सम्भनामा गरिने पुजा आजा हो । यस ठाउँका मगरहरुको कूल पुजा फरक फरक तरिका र फरक फरक समयमा गर्ने गरेको

पाइयो । यहाँ बसोबास गर्ने राना रेश्मी, रखाल, लम्तरी डाला मसाङ्गी हरुले मंसिरे पुर्णिमाको दिन कूल पुजा गर्दछन् भने घर्ती, गाहा र दर्लामीले कालरात्रीका दिन कूल पुजा गर्दछन् । कूल पुजाका अवसरमा रानाहरुले खोला तर्दा प्रयोग गरिने डुङ्गा र गभनाको पुजा गरी सँगुरको पाठो बली दिने गर्दछन् भने रेश्मीहरुले पुरुषहरुको पहिरनको पुजा गर्दछन र बलीको रुपमा पाठा सुँगुरको प्रयोग गर्दछन् यिनीहरुले १ दिन मात्र पुजा गर्दछन् त्यस्तै रखालहरुले ३ दिनसम्म महिलाहरुको पहिरनको पुजा आज गरी १ ओटा पाठो र १ओटा पाठी सुँगुरको बली दिने गर्दछन् । यिनिहरु सबैले आफ्ना इष्टमित्र, दिदीबहिनी, चेलीबेटी बोलाई पुजा स्थानमा नै मासु र अन्य परिकारहरु खाने/खुवाउने गर्दछन् । कूल पुजा गरेको मासु घरमा नल्याउने चलन रहेको पाइयो । साथै घर्तीले भेडा, दर्लामीले पाठो र गाहाले पाडो कूल पुजाको अवसरमा बली दिने गरेको पाइयो । साथै सबै थरका मगरहरुले कूलपुजा गर्दा आफ्नै पुजारीबाट गर्ने गरेको बताउँदछन् ।

### ५.३.६.९ पुर्वेली बाजे बज्यैको पुजा

यहाँका मगरहरुले मंसिर र असार महिनामा बुधवार र शुक्रवारको दिन पारेर गाउँका सबै जम्मा भई पुर्वेली बाजे बज्यैको पुजाआजा गर्दछन् । आफ्नो जातिले परम्परागत कालदेखि नै पुजाआजा गर्ने पुर्वेली बाजे बज्यैको पुजा पनि मृतक आत्माको पुजा हो । उक्त अवसरमा पुर्वेली बाजे बज्यैलाई १/१ ओटा सुँगुरको पाठोपाठी काटी बली दिइन्छ भने बाजे बज्यैसँग आउने छौडा (दुत)लाई १ ओटा चल्लाको छुट्टै बली दिइन्छ । उक्त अवसरमा पनि गाउँका सबै मानिसहरु जम्मा भई नाचगान गरी रमाइलो गर्ने चलन छ ।

### ५.३.७ नातेदारी व्यावस्था

नाता भनेको सामाजिक सम्वन्ध हो जुन सम्वन्ध जन्म र विवाह पछि सृजना हुने गर्दछ । नाताले जैविक र वंशजको सम्वन्ध मात्र नराखी आफ्नो दायित्व, जिम्मेवारी र अधिकारको पनि निर्धारण गर्दछ ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरुको पनि आफ्नै मौलिक नातासम्बन्ध रहेको पाइन्छ उनीहरका नाताहरु मुख्यत दाजु-भाई र ससुराली-कुटुम्ब गरी २ प्रकारका पाइन्छ । उक्त क्षेत्रको मगरहरुका पारिवारीक सम्बन्धका केही नाता सम्बन्धहरु यसप्रकार छन् ।

| | |
|---|---|
| वा/वोई | बाबु/आमा |
| दाजै/भोई | दाजु /भाई |
| दाजै /बहिनी | दाजु /बहिनी |
| लेन्जा /माझ्ा | लोग्ने/स्वास्नी |
| नन्दा/भोज्यू | नन्द/भाउजु |
| निवा/ निमा | सासु /ससुरा |
| निनि/पुसाई | फुपु / फुपाजु |
| बाबु/मुसी | सानावा/सानी आमा |
| वज्या/वाज्यू | बजै/बाजे |
| मिझार वै/मिझार मै | ठूलो वा /ठूली आमा |
| मामा/गुमा | मामा/माइजु |

उक्त क्षेत्रका मगरहरुले जति आधुनिकिकरणको चपेटामा परेपनि आफ्ना नातेदारहरुलाई यहि नाता सम्बन्धका आधारमा बोलाउने गर्दछन । यिनीहरु आफूभन्दा सानालाई माया र आफूभन्दा ठुलालाई सम्मान र सत्कार गर्ने गर्दछन् । यहि नातेदारी व्यावस्थाका कारण जुनसुकै ठाउँमा बसोबास गरेपनि मगरहरुको एउटै साझा सांगठनिक संरचना पाइन्छ ।

### ५.३.८ महिलाको अवस्था

कुनैपनि जाति वा समुदायको कानुनमा जे जस्तो भएतापनि पितृसत्तात्मक सोचका कारण महिला र पुरुष विच विभेद पाइन्छ । महिलाहरुलाई दोस्रो दर्जाका नागरिकका रुपमा हेरिन्छ । शिक्षा, स्वास्थ्य, अधिकार, सामाजिक हैसियतमा महिलाहरु पछाडि परेका हुन्छन् ।

अध्ययन क्षेत्र हंशपुर-५ सुजिनपुरका मगर समुदायमा महिलाहरुको अवस्था अन्य जातिमा भन्दा केही राम्रो देखिन्छ । मगर समुदायमा केहि वर्ष अगाडी सम्म महिलाहरुलाई शिक्षा दिने कुरामा ध्यान थिएन भने अहिले शिक्षित हुनुपर्दछ भन्ने धारणा रहेको पाइयो । त्यस्तै उनीहरमा कुनै काम गर्दा महिलाहरुसँग सल्लाह गर्ने, उनीहरुको धारणा सुन्ने, महिला हिंसा कम रहेको पाइयो । त्यस्तै कतिपय घर परिवारमा घरमुलीको रुपमा नै महिला रहेको र घरको सम्पुर्ण काम महिलाले नै गरेको पाइयो महिलाहरुबाट घर व्यावहार सञ्चालन गर्ने, बजार गएर सामानहरु किनमेल गने घर बाहिरको काममा अथवा सभा, बैठकहरुमा सहभागी भई आफ्नो धारणा राख्ने गरेको पाइयो यसरी तुलनात्मक रुपमा अरु जाति वा समुदायमा भन्दा मगर समुदायमा महिलाको स्थान केही माथि रहेको पाइन्छ ।

## अध्याय - छ

## ६. सामाजिक तथा सांस्कृतिक परिवर्तन र यसको प्रभाव

प्रत्येक समाज पुरानै अवस्थामा नरही समाज विकासँगै परिवर्तन हुने गर्दछ । परिवर्तनकै कारण प्राचिन ढुङ्गे समाजबाट वर्तमानको आधुनिक र सभ्य समाजको निर्माण भएको हो ।

परिवर्तन र विकासको विचमा घनिष्ट सम्बन्ध छ  यद्यपि सबै परिवर्तनलाई विकास मान्न सकिदैन । परिवर्तनले समाजको सामाजिक संरचना, दृष्ट्रिकोण र अवस्थाहरुमा नयाँ अवस्था, नयाँ सोच र धारणा ल्याउने गर्दछ । परिवर्तन समाजको चाहना पनि हो । आफ्नो समाजको विकासका लागि समुदायका सदस्यहरुले परिवर्तन चाहन्छन । परिवर्तन विकास कुन अर्थमा हो भने रुढीवादी समाज जसमा शिक्षा सरसफाइ, लवाइखुवाई लगायत कम आम्दानी र कम परिचालित भएको समाज परिवर्तन भएर शिक्षित, धनी, संगठित हुन सक्यो भने यस्तो अवस्थालाई विकास मान्न सकिन्छ । जातीय आधारमा समानता, लैङ्गिक समानता, सामुहिक जागरुकता जस्ता पक्षमा परम्परागत समाज रुपान्तरण भयो भने परिवर्तनले विकास गर्दछ भन्ने बुझिन्छ । (आचार्य २०५७)

सुजिनपुरका गाउँ मगर समुदाय पनि परिवर्तनबाट अछुत हुन सकेको छैन । यहाँको समुदाय पनि विकासका हरेक पक्षमा जस्तै प्राविधिक, सामाजिक, सांस्कृतिक सम्बन्धहरुमा परिवर्तन तर्फ अगाडी बढिरहेको पाइन्छ । समाजमा आएको परिवर्तन सँगसँगै अन्य जाति वा समुदायहरुको सम्पर्क, समन्वय र सञ्चार यातायातको विकास जस्ता कुराहरु र कतिपय व्यक्तिहरु भारत र ब्रिटिश सेनामा कार्यरत हुँदा आएको परिवर्तन जस्ता कुराहरुले मगर समुदायमा पनि सामाजिक तथा सांस्कृतिक पक्षमा थुप्रै परिवर्तनहरु आएको पाइन्छ ।

अनुसन्धानको क्रममा उक्त क्षेत्रका मगरहरुमा पनि उच्च जातिय प्रभाव र आधुनिकिकरण जस्ता कुराहरुले उनीहरुको सामाजिक तथा सांस्कृतिक क्षेत्रमा परिवर्तन ल्याइदिएको छ । उनीहरुमा आएको परिवर्तन र यसको प्रभावलाई यी बुदाहरुको माध्यमबाट अझ प्रष्ट पार्न सकिन्छ ।

### ६.१ जीवन चक्रीय संस्कारहरु

अध्ययन क्षेत्रका मगरहरुमा जीवनचक्रिया संस्कारहरुमा पनि कुनैमा परिवर्तन भएको छ भने कुनैमा खासै परिवर्तन नभएको पाइन्छ । उनीहरुसँग गरिएको सर्वेक्षणमा परिवर्तन सम्वन्धमा अवस्था पाइएको छ ।

**तालिका नं. १७**

**जीवन चक्रीय संस्कारहरुको परिवर्तको अवस्था**

| सि. नं. | संस्कारहरु | परिवर्तनको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | आएको छ | कम मात्र आएको छ | आएको छैन | जम्मा |
| १ | जन्म | ६(१५.७९)% | १०(२६.३२)% | २२(५७.८९)% | ३८(१००%) |
| २ | न्वारान | १२(३१.५८)% | ११(२८.९५)% | १५(३९.४७)% | ३८(१००)% |
| ३ | पास्नी | १३(३४.२१)% | १६(४२.११)% | ९(२३.६८)% | ३८(१००)% |
| ४ | छेवर | ८(२१.०५)% | १६(४२.११)% | १४(३६.८४)% | ३८(१००)% |
| ५ | विवाह | १४(३६.८४)% | १७(४४.७४)% | ७(१८.४२)% | ३८(१००)% |
| ६ | मृत्यु | १०(२६.३२)% | १२(३१.५७)% | १६(४२.११)% | ३८(१००)% |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका मगरहरुको जिवन चक्रिय संस्कारहरु मध्ये जन्ममा खासै परिवर्तन नभएको पाइयो त्यस्तै न्वारानमा केही परिवर्तन भएको अवस्था छ भने पास्नीमा कम मात्र परिवर्तन भएको पाइन्छ ।

त्यसैगरी छेवर संस्कारमा पनि परिवर्तनको अवस्था पाइन्छ भने विवाहमा कम मात्र परिवर्तन भएको छ भन्ने घरधुरी सबैभन्दा धेरै भएको हुनाले परम्परागत विवाह संस्कारमा परिवर्तन भएको पाइन्छ । त्यस्तै मृत्यु संस्कारमा परम्परागत सोचमा केही परिवर्तन भएपनि खासै परिवर्तन भएको छैन ।

यसबाट के स्पष्ट हुन्छ भने उक्त क्षेत्रमा बसोबास गर्ने मगरहरुको जिवन संस्कारहरुमा केही मात्रामा परिवर्तनहरु भएका छन् । भने आफ्नो मौलिक पद्धतीलाई छोडिसकेको अवस्था पाइदैन ।

## ६.२ धर्म

विभिन्न ठाउँमा बसोबास गर्ने मगरहरुले बौद्ध धर्म मानेतापनि अध्ययन क्षेत्रसुजिनपुरमा बसोबास गर्ने मगरहरुले हिन्दु धर्म मान्ने गरेका छन् । उनीहरु हिन्दु धर्म र सो धर्म सँग सम्बन्धीत चाडपर्व र संस्कारहरलाई अनुशरण गर्दै आइरहेका छन् । वर्तमान समयमा उनीहरुमा पुरानो धार्मिक मान्यतामा परवर्तन आएको पाइन्छ । धर्ममा आएको परिवर्तनको सम्बन्धमा सर्वेक्षण गर्दा निम्नाअनुसार पाइएको छ ।

**तालिका नं. १८**
**धर्ममा आएको परिवर्तन**

| सि.नं | धार्मिक मान्यतामा आएको परिवर्तन | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सबै परिवर्तन भएको छ । | ६ | १५.७९ |
| २ | अलिअलि परिवर्तन भएको छ । | १६ | ४२.१० |
| ३ | धेरै परिवर्तन भएको छ । | १२ | ३१.५८ |
| ४ | परिवर्तन भएको छैन । | ४ | १०.५३ |
| जम्मा | | ३८ | १०० |

स्रोत : स्थलगत सवेक्षण २०६७

उक्त तालिका अनुसार धार्मिक मान्यतामा सबै परिवर्तन भएको छ भने घरधुरी ६ अर्थात १५.७९ प्रतिशत अलिअली परिवर्तन भएको छ भन्ने घरधुरी १६ अर्थात सम्पुर्ण संख्याको ४२.१० प्रतिशत, धेरै परिवर्तन भएको छ भन्ने घरधुरी १२ अर्थात ३१.५८ प्रतिशत र परिवर्तन नै भएको छैन भन्ने ४ घरधुरी अर्थात सम्पुर्ण संख्याको १०.५३ प्रतिशत रहेको छ ।

यसबाट के स्पष्ट हुन्छ भने उक्त सर्बेक्षण गरिएको सुजिनपुर गाउँमा ८९.४७ प्रतिशत घरधुरीमा परम्परागत हिन्दु धर्ममा परिवर्तन आएको पाइन्छ भने बाँकी १०५३ प्रतिशतमा कुनै परिवर्तन नभएको पाइन्छ ।

## ६.३ भेष भुषा

अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरुको परम्परागत भेषभुषामा परिवर्तन आई आधुनिक भेषभुषातर्फ आर्कषित भएको पाइन्छ । उक्त गाउँका बृद्धबृद्धाहरुको भेषभुषा परम्परागत भएतापनि युवा युवतीहरु बजारमा आएका नयाँ नयाँ फेसन तर्फ आर्कषित भएको पाइन्छ । विभिन्न ठाउँ वा जाति/समुदायहरुसँगको सम्पर्क, यातायात र सञ्चारको विकास, शिक्षा र चेतनाको विकास जस्ता कारणहरुले उनीहरु आधुनिक भेषभुषा तर्फ आर्कषित भएको बताउदछन् ।

भेषभुषा सम्बन्धमा तपाईको घरमा कस्तो कपडाहरु प्रयोग हुन्छन भन्ने प्रश्नमा गरिएको सर्वेक्षणमा निम्न अनुसार पाइयो ।

**तालिका नं. १९**
**भेषभुषामा आएको परिवर्तन**

| सि.नं | कपडाहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परम्परागत कपडाहरु | ५ | १३.१६ |
| २ | मिश्रित कपडाहरु (आधुनिक + परम्परागत) | २२ | ५७.८९ |
| ३ | आधुनिक कपडाहरु | ११ | २८.९५ |
| जम्मा | | ३८ | १०० |


स्रोत : स्थलगत सवेक्षण २०६७

उक्त तालिका अनुसार परम्परागत कपडाहरु प्रयोग गर्ने घरधुरी ५ अर्थात सम्पुर्ण संख्याको १३.१६ प्रतिशत मिश्रित (परम्परागत + आधुनिक) कपडाहरु प्रयोग गर्ने २२ घरधुरी अर्थात ५७.८९ प्रतिशत र आधुनिक कपडाहरु प्रयोग गर्ने घरधुरी ११ अर्थात सम्पुर्ण संख्याको २८.९५ प्रतिशत रहेको छ ।

यसबाट के स्पष्ट हुन्छ भने उक्त गाउँमा मिश्रित भेषभुषाको प्रयोग बढी भएको पाइयो उत्तरदाताहरुका अनुसार युवायुवतीहरु आधुनिक फेसनतर्फ आर्कषित भएको र बुढाबुढीहरुले परम्परागत पोशाक नै मनपराउने हुनाले मिश्रित खालका पोशाकहरु लगाउने घरधुरी बढी भएको हो ।

**चित्र नं. ७**

**भेषभुषामा आएको परिवर्तन**




यस्तै गरगहनहरुमा पनि वर्तमान समयमा परिवर्तन भएको पाइन्छ  बुद्धाहरुले परम्परागत गरगहनाहरु ढुङ्ग्री, मारवाडी, बुलाकी नौगेडी लगाउने गर्दछन भने युवतीहरु आधुनिक गरगहनातर्फ फूली, लुर्का, झुम्का, टप, मंगलसुत्र आदि तर्फ आकर्षित भएको पाइन्छ ।

## ६.४ खानपिन

अध्ययन क्षेत्रका मगरहरुको खानपिनमा पनि परिवर्तन आएको पाइन्छ उनीहरुको परम्परागत खानपिनमा आटो ढिडो, गुन्द्रुक रोटी, तरकारीहरु, मासु र जाँड रक्सी थियो । उनीहरुले पाहुनालाई जाँड रक्सी र मासुले स्वागत गर्ने गर्दथे तर वर्तमान समयमा उनीहरको खानपिन परिवर्तन आएको छ । उनीहरु दाल, भात, तरकारी रोटी, माछा, मासु दुध, दहि, घ्यू खाने गर्दछ ।

उनीहरुको खानपिनमा आएको परिवर्तनलाई सर्वेक्षण गर्दा देहाय बमोजिम पाइयो ।

**तालिका नं. २०**

**मगरहरुको खानपिनमा आएको परिवर्तन**

| सि.नं | खानपिन | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आटो, ढिडो, गुन्द्रुक रोटी, तरकारी खाने (परम्परागत) | ११ | २८.९५ |
| २ | दाल, भात, तरकारी, रोटी खाने ( आधुनिक) | १५ | ३९.४७ |
| ३ | दुवै थरी खाने (मिश्रित) | १२ | ३१.५८ |
| जम्मा | | ३८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

उक्त तालिका अनुसार परम्परागत रुपले नै खानपिन गर्ने घरधुरी ११ अर्थात २८.९५ प्रतिशत, आधुनिक खानपिन गर्ने घरधुरी १५ अर्थात ३९.४७ प्रतिशत र दुवै मिश्रित ढंगले खानपिन गर्ने १२ घरधुरी अर्थात ३१.५८ प्रतिशत रहेको छ ।

यसबाट के स्पष्ट हुन्छ भने परम्परागत खानपिनमा उक्त अध्ययन क्षेत्रका मगरहरुको परिवर्तन आएको पाइन्छ किनभने आधुनिक खानपिन (दाल, भात,

तरकारी, रोटी) गर्ने घरधुरी सबैभन्दा बढी अर्थात सम्पुर्ण संख्याको ३९.४७ प्रतिशत रहेको छ ।

यस्तै मगरहरुको परम्परागत मुख्य खानपान अर्न्तगत पर्ने जाँड रक्सी खाने कुरामा पनि वर्तमान समयमा परिवर्तन देखिएको छ । युवायुवतीहरु जाँडरक्सीतर्फ कम आर्कषित भएको पाइन्छ । जाँडरक्सीको प्रयोग सम्बन्धमा सोधिएको प्रश्नमा देहाय बमोजिमको तथ्याङ्क प्राप्त भएको छ ।

**तालिका नं. २१**

**जाँड रक्सीको प्रयोग**


| सधै खाने | कहिलेकाही खाने | चाडपर्वमा मात्र खाने | खादै नखाने | जम्मा |
|---|---|---|---|---|
| ५ | १३ | १७ | ३ | ३८ |
| १३.१६% | ३४.२१% | ४४.७४% | ७.८९% | १००% |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

उक्त तालिका अनुसार सधैभरी जाँड रक्सी खाने अथवा जाँडरक्सी मुख्य खानेकुराको रुपमा प्रयोग गर्ने मगरहरुले वर्तमान समयमा चाडपर्वमा मात्र खाने ४४.७४ प्रतिशत र खादै नखाने ७.८९ प्रतिशत पाइएको छ । यसबाट के स्पष्ट हुन्छ भने मगरहरुको जाँड रक्सीको प्रयोगमा धेरै परिवर्तन भएको छ ।

## चित्र नं. ८

## जाँड रक्सीको प्रयोग




### ६.५ शिक्षा र स्वास्थ्य

समयको परिवर्तन सँगसँगै अध्ययन क्षेत्रका मगरहरुमा शिक्षा र स्वास्थ्य प्रतिको धारणामा पनि परिवर्तन देखा परेको छ ।

शिक्षाको परम्परागत धारणामा देखिएको परिवर्तन सम्बन्धमा अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षणमा निम्न अवस्था रहेको पाइयो ।

**तालिका नं. २२**

**शिक्षामा देखिएको परिवर्तको अवस्था**

| सि.नं. | परिवर्तनको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पुरैपरिवर्तन भएको छ । | २६ | ६८.४२ |
| २ | अलिअली परिवर्तन भएको छ । | १२ | ३१.५८ |
| ३ | परिवर्तन भएको छैन । | ० | ० |
| जम्मा | | ३८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

उक्त तालिका अनुसार अध्ययन क्षेत्रका ३८ घरधुरी मध्ये २६ घरधुरी अर्थात सम्पुर्ण संख्याको ६८.४२ प्रतिशतले शिक्षाको परम्परागत मान्यतामा पुरै परिवर्तन आएको बताए भने अलिअलि परिवर्तन भएको छभन्ने घरधुरी १२ अर्थात सम्पुर्ण संख्याको ३१.५८ प्रतिशत रहेको पाइयो भने परिवर्तन भएको छैन भने घरधुरी नभएको पाइयो यसबाट के स्पष्ट हुन्छ भने उक्त स्थानका मगरहरुमा शिक्षा प्रतिको धारणामा धेरै परिवर्तन भएको छ । यसैगरी महिला शिक्षाका सम्बन्धमा पनि उनीहरुको परम्परागत धारणामा परिवर्तन आई छोरीलाई पनि विद्यालय पठाउने गरेका छन् ।

यसैगरी धामिझाक्रिमा विश्वास गर्ने उक्त ठाउँका मगरहरुमा वर्तमान समयमा परिवर्तन आई विरामी पर्दा अस्पताल जाने गरेका छन् । आजभोलि स्वास्थ्यलाई पनि विशेष ध्यान दिने गरेका छन् । तपाई विरामी पर्दा कहाँ जानुहुन्छ भनी सोधिएको प्रश्नमा देहाय बमोजिमको उत्तर उत्तरदाताबाट पाइएको छ ।

**तालिका नं. २३**

**विरामी पर्दा उपचार गर्न जाने ठाउँ वा स्थान**

| सि.नं. | विरामी पर्दा जाने स्थान | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्पताल | १५ | ३९.४७ |
| २ | धामिझाक्रिको घरमा | ९ | २३.६८ |
| ३ | पहिले धामिझाक्रि र पछि अस्पताल | १३ | ३४.२२ |
| ४ | कहि पनि नजाने | १ | २.६३ |
| जम्मा | | ३८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७


माथिको तालिका अनुसार विरामी पर्दा अस्पताल जाने घरधुरी संख्या १५, धामिझाक्रिको घरमा जाने संख्या ९, पहिले धामिझा क्रिको र पछि अस्पताल जाने १३ र कहि पनि नजाने घरधुरी १ रहेको छ ।

यसबाट के स्पष्ट हुन्छ भने परम्परागत रुपमा धामिझाक्रीको घरमा मात्र झारफूक गर्न जाने उक्त क्षेत्रका मगरहरु केही मात्रामा धामिझाक्रीमा विश्वास गरेपनि विरामी पर्दा अस्पताल जाने गरेको पाइयो त्यसैगरी वच्चालाई आवश्यक सुई खोप सबै घर परिवारहरुले लगाउने गरेको पाइयो ।

यसकारण वर्तमान समयमा अध्ययन क्षेत्रका मगर समुदायको शिक्षा र स्वास्थ्यमा परिवर्तन आएको छ ।

**चित्र नं. ९**

**विरामी पर्दा उपचार गर्ने ठाउँ**




## ६.६ रहन सहन र रितिरिवाज

अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको रहनसहन र रितिरिवाजहरुमा पनिपहिले भन्दा हाल परिवर्तन भएको पाइन्छ । आपसि सहयोग, घनिष्टताको सम्बन्ध भएको उनीहरु पुरानो नराम्रा रितिरिवाज र रहनसहनलाई छोड्दै गई वर्तमान समयमा आधुनिक रहनसहन र रितिरिवाजहरुको अनुशरण गरेको पाइन्छ । जस्तै

छोरीलाई कम उमेरमा विवाह गरिदिने जातिय छुवाछुत र भेदभाव जस्ता कुराहरुको वर्तमान समयमा अन्त्य भएको छ ।

उनीहरुको स्थलगत सर्वेक्षण गर्दा निम्न अनुसारको अवस्था रहेको पाइयो

**तालिका नं २४**

**रहनसहन र रितिरिवाजमा आएको परिवर्तन**

| सि.नं. | परिवर्तनको अवस्था | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवर्तन भएको छ | २४ | ६३.१६ |
| २ | केही परिवर्तन भएको छ । | १० | २६.३२ |
| ३ | परिवर्तन भएको छैन | ४ | १०.५२ |
| जम्मा | | ३८ | १०० |

स्रोत स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार आफ्नो परम्परागत रितिरिवाज र चालचलनमा परिवर्तन आएको छ भन्ने समग्र घरधुरीको ६३.१६ प्रतिशत, केही परिवर्तन भएको छभन्ने समग्र घरधुरीको २६.३२ प्रतिशत र परिवर्तन भएको छैन भन्ने समग्र संख्याको १०.५२ प्रतिशत रहेको छ ।

यसबाट के स्पष्ट हुन्छ भने अध्ययन क्षेत्रका मगरहरुको चालचलन र रितिरिवाजमा परिवर्तन भएको छ ।

### ६.७ चाडपर्वहरु

अध्ययन क्षेत्रका मगरहरुको चाडपर्व मान्ने शैलीर चाडपर्वमा गरिने खर्च र अनावश्यक तडकभडकमा परिवर्तन भएको पाइन्छ । परम्परागत रुपमा चाडपर्वमा

ऋण खोजेर भएपनि गरिने खर्च जाडरक्सीको अनावश्यक प्रयोग जस्ता कुराहरुमा परिवर्तन आई आफ्नो क्षमता अनुसार खर्च गर्ने परिपाटीको विकास भएको पाइन्छ । कतिपय चाडपर्वहरुमा जाडरक्सीको अनिवार्य प्रयोग भएपनि अन्य अवस्थामा जाडरक्सीको प्रयोग कमभएको छ ।

अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षणमा निम्न अनुसारको परिवर्तनको अवस्था रहेको पाइयो ।

**तालिका नं. २५**

**चाडपर्वहरुमा आएको परिवर्तन**

| सि.नं | परिवर्तनको अवस्था | घरधुरीको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मान्ने शैलीमा परिवर्तन | १३ | ३४.२१ |
| २ | खर्चमा परिवर्तत | ७ | १८.४२ |
| ३ | जाडरक्सीको प्रयोगमा परिवर्तन | ११ | २८.९५ |
| ४ | सवैमा परिवर्तन | ५ | १३.१६ |
| ५ | परिवर्तन नै भएको छैन । | २ | ५.२६ |
| जम्मा | | ३८ | १०० |


स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार मगर समुदायको चापर्वहरुमा आएको परिवर्तनको बारेमा स्थलगत सर्वेक्षण गर्दाचाडपर्व मान्ने शैलीमा परिवर्तन भएको छ भन्ने सम्पुर्ण घरधुरीको ३४.२१ प्रतिशत, खर्चमा परिवर्तन भएको छ । भन्ने घरधुरी सम्पुर्ण संस्थाको १८.४२ प्रतिशत, जारक्सीको प्रयोगमा परिवर्तन भएको छ भन्ने सम्पुर्ण घरधुरीको २८.९५ प्रतिशत र परिवर्तन नै भएको छैन भन्ने सम्पुर्ण घरधुरीको ५.२६ प्रतिशत रहेको छ ।

यसबाट के भन्न सकिन्छ भने मगरहरुको चाडपर्वहरु मान्ने शैली र खर्च, जाडरक्सीको प्रयोग जस्ता कुराहरुमा परिवर्तन आएको छ । उत्तरदाताहरुका अनुसार सबैभन्दा बढी चाडपर्व मान्ने परम्परागत शैलीमा परिवर्तन आएको छ ।

**चित्र नं. १०**

**चाडपर्वमा आएको परिवर्तनको अवस्था**




## ६.८ पुजा आजा

अध्ययन क्षेत्रमका मगरहरुको पुजाआजा गर्ने शैलीमा सामान्य परिवर्तन आएपनि खासै परिवर्तन आएको छैन । उनीहरुले परम्परागत रुपमा कूल पुजा पुर्वेली बाजे वज्यैको पुजा, पालुर ब्राह पुजाका साथै विभिन्न अवसरहरुमा विभिन्न प्रकारका आफ्नै मौलिक ढंगले पुजाआजाहरु गर्दछन् । उनीहरको पुजाआजा गर्ने शैलीमा आएको परिवर्तनको सम्बन्धमा निम्न अवस्था पाइयो

**तालिका नं. २६**
**पुजाआजा गर्ने तरिकामा परिवर्तन**

| सि.नं. | परिवर्तनको अवस्था | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवर्तन भएको छ | ३ | ७.८९ |
| २ | परिवर्तन भएको छैन | २५ | ६५.७९ |
| ३ | कम मात्रामा परिवर्तन भएका छ । | १० | २६.३२ |
| जम्मा | | ३८ | १०० |

स्रोतहरु स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार घरधुरी सर्वेक्षणको क्रममा आफ्नो परम्परागत पुजाआजा गर्ने तरिकामा परिवर्तन भएको छ भन्ने घरधुरी सम्पुर्ण स्रख्याको ७.८९ प्रतिशत, परिवर्तन भएको छैन भन्ने घरधुरी सम्पुर्ण घरधुरीको ६५.७९ प्रतिशत र कम मात्रामा परिवर्तन भएको छ भन्ने घरधुरी सम्पुर्ण संख्याको २६.३२ प्रतिशत रहेको छ ।

यसबाट के स्पष्ट हुन्छ भने उक्त समुदायमा परम्परागत पुजाआजा गर्ने शैलीमा सामान्य परिवर्तन भएपनि खासै परिवर्तन भएको छैन ।

## ६.९ महिला र पुरुषको सम्बन्ध

मगर समुदायमा वर्तमान समयमा महिला र पुरुष बीचको सम्बन्धमा परिवर्तन आएको पाइन्छ । महिलाहरु घरायसी काममा मात्र सिमित नरही घरभन्दा बाहिर समुदायमा हुने कामहरुमा पनि सहभागी हुन थालेको पाइन्छ । घरभन्दा बाहिरको काममा जाँदा श्रीमान र श्रीमती बीचमा सल्लाह गरेर जाने गर्दछन् ।

**तालिका नं. २७**
**महिला र पुरुष विचको सम्बन्ध**

| सि.नं. | महिला र पुरुष विचको सम्बन्ध | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति राम्रो | ६ | १५.७९ |
| २ | राम्रो | १२ | ३१.५८ |
| ३ | ठिकै छ | १३ | ३४.२१ |
| ४ | त्यति राम्रो छैन | ४ | १०.५३ |
| ५ | भन्न नचाहने | ३ | ७.८९ |
| जम्मा | | ३८ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण २०६७

माथिको तालिका अनुसार महिला र पुरुषको सम्बन्धका बारेमा सोधीएको प्रश्नमा अति राम्रो भन्ने संख्या ६ अर्थात समग्र संख्याको १५.७९ प्रतिशत, राम्रो छ भन्ने संख्या १२ अर्थात समग्र संख्याको ३१.५८ प्रतिशत ठिकै छ भन्ने १३ अर्थात समग्र संख्याको ३४.२१ प्रतिशत, त्यति राम्रो छैन भन्ने संख्या ४ अर्थात समग्र संख्याको १०.५३ प्रतिशत र भन्न नचाहने ३ जना अर्थात समग्र संख्याको ७.८९ प्रतिशत छ । यसबाट के स्पष्ट हुन्छ भने उक्त ठाउँमा महिला र पुरुषको सम्बन्धमा विस्तारै परिवर्तन आएको छ ।

### ६.१० मगर जातिमा भएका असल जातिय अभ्यासहरु

हरेक जातिहरुमा आ-आफ्नै प्रकारका जातिय गुणहरु हुन्छन् । यही जातीय गुण अनुसार उनीहरुले आफ्ना कृयाकलाप र व्यावहारहरु सञ्चालन गर्ने गर्दछन् ।

अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदाय अत्यन्त सोझो, इमान्दार, मिलनसार, सहयोगी भावना भएका सबैसँग मित्रतापुर्ण व्यावहार गर्ने, अरुलाई असर पार्ने कुनै काम नगर्ने भएकोले सबै जाति वा समुदायसँग नजिकको सम्बन्ध भएका जाति वा समुदाय हुन ।

उनीहरुको जातिमा मात्र भएका असल अभ्यासहरु यसप्रकार रहेका छन् ।

१) चाडपर्व मान्ने क्रममा आर्थिक व्यायभारबाट बच्न मासु टोलटोलमा सापटी गरी चलाउने र आफूसँग भएको बेला सापटी तिर्ने गर्दछन् ।

२) खेतीपाती गार्दा र भित्राउदा परिम गरी एक अर्कामा सहयोग आदानप्रदानगरी पालैपालो गर्ने गर्दछन् ।

३) समुदायमा कुनै व्यक्तिले घर निर्माण गर्दा आर्थिक व्यायभारबाट बच्न, ढुङ्गा, काठ, संकलन गर्ने, गारो लगाउने, पानी बोक्नेर छानो छाउने काममा गुहारी दिने चलन रहेको छ ।

४) सार्वजनिक स्थल जस्तो पानी पधेरा, धारा, विद्यालय कूलो जस्ता ठाउँमा सबै मिलेर झारा गरी निर्माण र मर्मत गर्ने गर्दछन् ।

५) प्रत्येक चाडपर्वमा आपसि सम्बन्ध घनिष्ट राख्नका लागि दिदीबहिनी, नजिकको दाजुभाई, इष्टमित्रहरुलाई बोलाई खानपिन गर्ने, गराउने र दुःख सुख साटासाट गर्ने गर्दछन् ।

६) आफ्नो मौलिक परम्परा र संस्कृतिलाई जोगाइ राख्न सोरठी, रोदी, दोहोरी जस्ता गित र नृत्यलाई पर्वहरुमा गाउने र नाच्ने गरी निरन्तरता दिदै आएका छन् ।

७) कतिपय पुजाआजा सामुहिक रुपमा गर्ने र सामुहिक भोजभतेर गर्ने गरेको पाइयो यसबाट आपसी सम्बन्ध र एकतालाई थप मजबुत राख्न सहयोग पुगेको पाइन्छ ।

८) गाउँमा कुनै मानिसको मृत्यु हुँदा मृतक परिवारलाई आर्थिक भार कम गर्न गाउँलेहरुले १/१ माना चामल जम्मा गरी खानपिन गर्ने चलन रहेको पाइन्छ ।

९) विवाहमा आफन्तहरुबाट रोटी, चामल र जाँडरक्सी संकलन गरेको पाइन्छ । यसबाट विवाह हुने घरलाई विवाहको आर्थिक भार कम हुने गरेको पाइन्छ ।

१०) हरेक कुराको निर्णय आपसी सरसल्लाह र छलफलबाट गर्ने गरेको पाइन्छ ।

११) घरको मकाम गर्दा महिलाहरुसँग सरसल्लाह गर्ने गरेको पाइन्छ ।

१२) अन्य विभिन्न जाति वा समुदायसँग निकट र घनिष्ट सम्बन्ध रहेको पाइन्छ ।

माथि उल्लेखत असल अभ्यासहरुले मगर जातिले वर्तमान समयसम्म आफ्नो जातिय अस्तित्व र पहिचानलाई जिवन्त राख्न सफल भएका छन् ।

# अध्याय - सात

## ७. सारांश, पत्ता लगाइएका मुख्य कुराहरु, निश्कर्ष र भविष्यमा गरिने अनुसन्धान प्रति सुझाव

### ७.१ सारांश

नेपालका विभिन्न जाति समुदायहरु मध्ये परापुर्वकाल देखि नेपालका विभिन्न भागमा बसोबास गर्दै आइरहेका मगरहरु मंगोलियन मुलका जाति वा समुदाय हुन । यस अध्ययनमा प्यूठान जिल्ला हंशपुर-५ सुजिनपुरका ७६ घरधुरीमध्ये नमुना छनौटका आधारमा ३८ घरधुरीलाई सर्बेक्षण गरी उक्त ठाउँका मगरहरुको सामाजिक तथा सांस्कृतिक पक्षको समाजशास्त्रीय अध्ययन गरिएको छ ।

नेपालमा बसोबास गर्ने विभिन्न जाति जनजाति वा समुदायहरुको आ-आफ्नौ प्रकारको भाषा, संस्कृति, धर्म र पराम्पराहरु छन् । ति मध्ये परापुर्वकालदेखि नै नेपालमा बसोबास गर्दै आइरहेका मगर जाति वा समुदायको थुर्पै अध्ययन अनुसन्धान भएतापनि यस अध्ययन क्षेत्रमा बसोबास गर्ने मगर समुदायको हालसम्म कुनै प्रकारको अध्ययन अनुसन्धान नभएको हुनाले यो अध्ययन क्षेत्र छनौट गरिएको हो ।

उनीहरुको सामाजिक तथा सांस्कृतिक पक्षको जातिय वर्णनको इतिहास तयार पार्ने, सामाजिक र सांस्कृतिक परिवर्तनको अवस्था र यसको प्रभाव र मगरहरुको असल जातिय अभ्यासहरुको अध्ययन/अनुसन्धान गर्ने उद्देश्य राखी यो अध्ययनलाई अगाडी बढाइएको हो ।

प्राथमिक र द्धितिय दुवै खालका तथ्याङ्कहरु प्रयोग गरिएको यस अध्ययनमा प्राथमिक तथ्याङ्क संकलन गर्दा प्रश्नावली, अर्न्तवार्ता सुची र अवलोकन विधिको प्रयोग गरिएको छ । तथ्याङ्कको प्रकृति गुणात्मक र संख्यात्मक रुपमा रहेको छ त्यस्तै तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण गरिएको छ ।

सान्दर्भिक साहित्यको समिक्षा गर्ने क्रममा इतिहासकार, मानवशास्त्री/समाजशास्त्री र भाषाविदहरुले हालसम्म मगर जातिकोसम्बन्धमा गरिएको अनुसन्धानहरुको निष्कर्ष र भनाइहरुलाई समावेश गरिएको छ ।

प्यूठान जिल्लामा सबैभन्दा धेरै जनसंख्या रहेको मगरहरु हंशपुर गा.वि.स. मा पनि सबैभन्दा धेरै छन भने अध्ययन क्षेत्र सुजिनपुरमा शतप्रतिशत मगरहरु छन् । मगरहरु सुरुमा संयुक्त परिवारमा बसेपनि वर्तमान समयमा एकात्मक परिवार तर्फ आर्कषित भएको पाइन्छ ।

मगर समुदायमा महिलाको भूमिका अन्य जातिमा भन्दा बढि भएपनि सामाजिक हक अधिकार र निर्णय प्रकृयामा सहभागिता र भुमिका कम रहेको पाइन्छ ।

हिन्दु धर्म र हिन्दु धर्मसँग सम्बन्धित चाडपर्वहरु मान्ने उक्त स्थानका मगरहरुको चाडपर्व मान्ने शैली भने आफ्नै मौलिक प्रकृतिको रहेको छ ।

बाह्र मगराँती भाषा बोल्ने उक्त ठाउँका मगरहरु केहीवर्ष अघिसम्म शैक्षिक दृष्ट्रिकोणले पछाडि रहेको भएपनि वर्तमान समयमा शिक्षामा जोड दिएको पाइन्छ तर उच्च शिक्षा हासिल गर्ने अवसर थोरैले मात्र प्राप्त गरेका छन् ।

उक्त ठाउँका मगरहरुको प्रमुख पेशा कृषि हो भने ज्यालादारी श्रमिक, पशुपालन भर्ति र व्यापार व्यावसायमा पनि केही घरपरिवार संलग्न रहेको पाइन्छ ।

जीवन चक्र संस्कारहरु र चाडपर्वहरुमा पहिलेको अवस्थामा भन्दा परिवर्तन भएको पाइन्छ । अनुसन्धानको क्रममा विभिन्न पुस्तक, लेखरचना रिपोर्ट, सम्बन्धित तथा सार्न्दभिक पुस्तकहरु, पुर्व प्रकाशित शोध प्रस्तावहरुको सहायता लिइएको छ । कार्य क्षेत्र अध्ययनका आधारमा अनुसन्धान गरिएको छ ।

## ७.२ पत्ता लगाइएका मुख्य मुख्य कुराहरु

अनुसन्धानको क्रममा प्यूठान जिल्ला हंशपुर-५ सुजिनपुरका मगरको बारेमा निम्न कुराहरु प्राप्त गरिएको छ ।

- अध्ययन सुजिनपुर गाउँमा शतप्रतिशत मगरको बसोबास रहेको पाइयो । ७६ घरधुरी रहेको उक्त वडामा ३१३ जना पुरुष र ३०७ जना महिला गरी जम्मा ६२० जना जनसंख्या रहेको पाइयो । यसकारण उक्त गाउँमा पुरुष र महिलाको संख्या करिव बराबर रहेको पाइयो ।
- मगरहरु कुनैले तिब्बत, चिन र भारतबाट बसाइसरी नेपालमा आएका हुन भन्दछन् भने कसैले प्राचिन समयदेखि नै नेपालमा बसोबास गर्दै आइरहेका नेपालकै आदिवासी जनजाति हुन भनेको पाइयो । यसैले मगरहरुको उत्पतिका सम्बन्धमा एकमत पाइएन ।
- अध्ययन क्षेत्रमा १०-२० वर्ष उमेर समुहको जनसंख्या सवैभन्दा धेरै ३३.४४ प्रतिशत रहेको पाइयो साथै उक्त क्षेत्रमा ५१.४७ प्रतिशत पुरुष र ४८.५३ प्रतिशत महिलाको जनसंख्या रहेको पाइयो ।
- अध्ययन क्षेत्रमा संयुक्त परिवारमा भन्दा एकात्मक परिवारमा २१.०६ प्रतिशत मानिसहरु बसोबास गरेको पाइयो ।
- पारिवारीक सदस्य संख्या ७ भन्दा धेरै रहेको पाइयो । त्यसकारण उक्त गाउँमा एकात्मक परिवार भएपनि परिवार ठूलो रहेको पाइयो ।
- अध्ययन क्षेत्रका मानिसहरुको शैक्षिक अवस्थाको अध्ययन गर्दा प्राथमिक तह अध्ययन गरेका र अध्ययन गर्ने मानिसहरुको संख्या सबैभन्दा धेरै अर्थात पुरुष १९.०२ प्रतिशत र महिला १८.३९ प्रतिशत र जम्मा ३७.३८ प्रतिशत रहेको

पाइयो भने सबैभन्दा कम स्नातक र सो भन्दा बढी अध्ययन गर्ने ०.९८ प्रतिशत रहेको पाइयो ।

- अध्ययन क्षेत्रका मानिसहरुको जग्गाजमिनको स्वामित्व हेर्दा ५-१० रोपनी जग्गा हुने घरपरिवार संख्या धेरै रहेको पाइयो ।
- अध्ययन क्षेत्रका घरधुरीमा आफ्नो जग्गा जमिनबाट खान पुग्न अवधीको बारेमा अध्ययन गर्दा ६-९ महिना खान पुग्ने घरधुरी धेरै रहेको पाइयो ।
- पेशागत अवस्थाको बारेमा अध्ययन गर्दा प्राथमिक पेशा कृषि र द्वितिय पेशा ज्यालादारी श्रमिक अपनाउने घरधुरी धेरै रहेको पाइयो ।
- अध्ययन क्षेत्रमा मासिक आम्दानी ७०००-९००० रुपैया भएको घरधुरी धेरै पाइयो उक्त आम्दानी गर्ने कूल घरधुरी संख्याको २८.९५ प्रतिशत रहेको पाइयो ।
- उक्त अध्ययन क्षेत्रमा ढुङ्गाको गारो र खरको छानो भएको घरधुरी धेरै पाइयो ।
- अध्ययन क्षेत्रमा बसोबास गर्ने मगरहरुले हिन्दु धर्म मान्ने गरेको पाइयो ।
- अध्ययन क्षेत्रका मगरहरु बाह्र मगराँती भाषा बोल्ने गरेको पाइयो भने बुढाबुढीहरुले परम्परागत भेषभुषा र युवाहरुले आधुनिक भेषभुषा प्रयोग गरेको पाइयो ।
- उक्त स्थानका मगरहरुको मुख्य खाद्यान्य मकैको आटो, भात तरकारी दाल, सागपात, माटामासु र रोटी प्रयोग गरेको र चाडपर्वहरुमा माछा मासु जाँड रक्सी र मासको बटुक खाने गरेको पाइयो ।

- उक्त क्षेत्रका मगरहरुको जन्म, न्वारान, पास्नी, छेवर, विवाह र मृत्यु जस्ता जिवनचक्रका संस्कारहरु भएको पाइयो

- अध्ययन क्षेत्रका मगरहरुले बैशाखेपुर्णिमा, साउने संक्रान्ती, माघे सक्रान्ती, चैतेदशै, तिज, वडादशै, तिहार, कुलपुजा, पुर्वेली वाजे वज्यैको पुजा जस्ता चाडपर्व र पुजाआजा मनाउने गरेको पाइयो ।

- अध्ययन क्षेत्रका मगरहरुको जन्म र विवाहका आधारमा नातेदारी व्यावस्था सृजना हुने गरेको पाइयो ।

- अध्ययन क्षेत्रका मगरहरुको धर्ममा अलिअलि परिवतन भएको पाइयो भने भेषभुषामा आधुनिक भेषभुषा प्रयोग गर्नेहरुको संख्या धेरै रहेको पाइयो ।

- खानपिनको सम्बन्धमा अध्ययन गर्दा परम्परागत खानपिन भन्दा आधुनिक खानपिन प्रयोग गरेको हुनाले परिवर्तन भएको पाइन्छ भने सधै जाडरक्सीको प्रयोग गर्ने मगरहरु चाडपर्वमा मात्र खाने घरधुरी धेरै भएकोले जाडरक्सीको प्रयोगमा पनि परिवर्तन भएको पाइयो ।

- अध्ययन क्षेत्रका मगरहरुमा शिक्षा र स्वास्थय, रहनसहन, रितिरिवाज चाडपर्व मान्ने शैली मा परिवर्तन भएको पाइयो भन पुजाआजा र जिवन चक्रका संस्कारहरुमा सामान्य परिवर्तन आएको पाइयो ।

- मगरहरुमा महिला र पुरुषको सम्बन्धमा सुधार आइरहेको पाइयो । अन्य जातिको तुलनामा महिलाको स्थान केही माथि रहेको पाइयो ।

## ७.३ निश्कर्ष

मगर जाति परम्परा देखिनै नेपालका विभिन्न भागहरुमा बसोबास गर्दै आइरहेको एउटा ठुलो जनजातिय समुदाय वा जाति हुन । मंगोलियन मुलका उक्त जनजातिय अध्ययन क्षेत्रमा स्याङ्गजा जिल्लाको विभिन्न ठाउँहरुबाट यस ठाउँमा बसोबास गर्दै आइरहेका छन । हिन्दु धर्म र त्यससँग सम्बन्धीत चाडपर्व र संस्कारहरु अपनाउँदै आएका उक्त ठाउँका मगरहरु आफ्नै मौलिक तरीकाले चाडपर्व पुजाआजा र संस्कारहरु सम्पन्न गर्दछन् । आफ्नै भाषा प्रयोग गर्ने उक्त ठाउँका मगरहरु आर्थिक र सामाजिक दृष्ट्रिकोणले अन्य जाति भन्दा पछाडी परेको पाइन्छ ।

आपसी घनिष्ट सम्बन्ध राख्ने, इमान्दार, मिलनसार, छलफल र आपसमा सहयोगी भावना भएका उक्त ठाउँमा बसोबास गर्ने मगरहरुको अध्ययन गर्दा आफ्नै प्रकारको भेषभुषा, रितिरिवाज, संस्कृतिहरु, चाडपर्व र पुजाआजा, संस्कारहरु, लवाइखवाइ चालचलनहरु अपनाउँदै आएतापनि वर्तमान समयमा आएको आधुनिकिकरणको प्रभाव, अन्य जाति/जनजातिहरुको, सम्बन्ध, परसंस्कृतिग्रहण, शिक्षा र चेतनाको बसाइसराई र व्यावसायको प्रभाव जस्ता कारणहरुले उनीहरुको सांस्कृतिक तथा सामाजिक पक्षमा धेरै परिवर्तन हुँदै गइरहेको पाइन्छ ।

त्यसकारण उनीहरुका मौलिक संस्कृतिक पक्षलाई जोगाइ राख्न र उनीहरुलाई आफ्नो सामाजिक तथा सांस्कृतिक अवस्थाको बारेमा सचेत बनाउँदै आफ्नो जातिय पहिचान र अस्तित्वलाई जोगाइ राख्न यो अध्ययनले सहयोग पुग्ने अपेक्षा गरेको छु ।

## ७.४ भविष्यमा गरिने अनुसन्धान प्रतिको सुझावहरु

नेपालमा बसोबस गर्ने विभिन्न जातजातिहरु मधये मगर जाति परम्परा देखि बसोबास गर्दै आइरहेको एउटा जाति हो । आफ्नो स्नातकोस्तर तहको शोधपत्र तयार गर्ने क्रममा मैले प्यूठान जिल्ला हंशपुर गा.वि.स. वडा नं. ५ सुजिनपुरमा बसोबास

गर्ने मगर जातिको सांस्कृतिक तथा सामाजिक पक्षको अध्ययन अनुसन्धान गरेको छु । निश्चित समय, स्रोत र साधनका कारण मगर समुदायका समग्र पक्षको विस्तृत अध्ययन गर्न सकिएको छैन त्यसैले आगामी दिनमा यस ठाउँमा बसोबास गर्ने मगर जाति वा समुदाय अध्ययन गर्ने अनुसन्धानकर्ताहरुलाई निम्न पक्षहरुमा अनुसन्धान गर्नका लागि जोड दिन चाहन्छु ।

- मगरहरुको राजनितिक सहभागिता
- मगरहरुको जीवन इतिहास
- मगर जातिको लैङ्गिक सम्बन्ध
- मगर समाजमा निति निर्माणमा महिला सहभागिता
- मगर जाति र अन्य जातिहरु विचको अर्न्तसम्बन्ध
- मगर जातिमा परेको आधुनिकिकरणको प्रभाव
- मगर भाषा गत विविधता
- मगरहरुमा देखिएको सांस्कृतिकरणको प्रभाव

## सन्दर्भ सामाग्री


आचार्य, बालाराम (२०५७) सामाजिक सांस्कृतिक परिवर्तन र विकासको अवधारणाः एक समाजशास्त्रीय विश्लेषण, न्यू हिरा बुक्स इन्टरप्राइजेज किर्तिपुर काठमाडौं ।

कट्टेल, रमेशबाबु (२०६६) गोरखा नगरपालिका छेपेटारका कुमाल जनजातिको सामाजिक र सांस्कृतिक पक्षहरुको अध्ययन, शोध-पत्र अप्रकाशित ।

घर्तिमगर, बालाराम (२०५३) मुल, पहिलो संस्करण मुना प्रेस सातदोबाटो ललितपुर ।

थापा मगर, एम.एस (२०४९) प्राचिन मगर र अख्खालिपी, बृजि प्रकाशन, ललितपुर ।

थापा मगर, खिलध्वज (२०३६) मगर जातिः एक ऐतिहासिक रुपरेखा, सेरोफेरो, वर्ष १. अंक १ फाल्गुन ।

थापा, रोमबहादुर (२०६१) मगर जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था, बुटवल नगरपालिकाको एक समाजशास्त्रीय अध्ययन शोधपत्र अप्रकाशित ।

नाथ, योगी नरहरी र गुरुङ्ग, कृष्णबहादुर, मगर गुरुङ्ग वंशावली, काठमाडौं ।

नेउपाने, अन्जु (२०६५) पाँचखाल गा.वि.स.. का दनुवार जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक जीवनको विवेचना सोध-पत्र अप्रकाशित ।

न्यौपाने, गोविन्द (सन् २०००) नेपालको जातिय प्रश्न, सेन्टर फर डेभलपमेन्ट स्टडीज, काठमाडौं ।

नेपालको अन्तरिम संविधान २०६३, नेपाल सरकार ।

नेपाल सरकार केन्द्रिय तथ्याङ्क विभाग २०५८, राष्ट्रिय जनगणना ।

पाण्डेय, केदार प्रसाद (२०५०) मगर जातिको विशेष अध्ययन स्याङ्जा रा.वि.सं. किर्तिपुर ।

पाण्डेय, चन्द्रकान्त (२०४२) मगराँती सामाजिक आर्थिक अवस्थामा प्रवासको भुमिका त्रि.वि. पुस्तकालय, विर्धा अर्चले गा.प. किर्तिपुर काठमाडौं ।

पौडेल, रमाकान्त (२०४९) मगर जातिको जनजिवन वा संस्कृति स्याङ्जा रा.वि.सं. किर्तिपुर ।

बराल मगर, केशरजंग (२०५०) पाल्पा, तनहु र स्याङ्जाका मगरहरुको संस्कृति, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान काठमाडौं ।

विष्ट, डोरबहादुर (१९७६) पिपुल अफ नेपाल, रत्नपुस्तक भण्डार । काडमाडौं ।

विष्ट, डोर बहादुर (२०३४) सबैजातको फूलवारी, तेस्रो संस्करण, साझा प्रकाशन काठमाडौं ।

बुढा मगर, डा. हर्षबहादुर (२०५३) मगर र मग्यार पुर्ख्यौलीको खोजीमा, शहिद लखन थापा मगर श्रद्धान्जली समिति काठमाडौं ।

बुढा, डा.हर्ष बहादुर (२०५५) मास्टर मित्रसेन थापा मगर, जि.पि.ओ. ४२८ काठमाडौं ।

बुढा मगर, हर्ष बहादुर (२०५६) किराँत वंश र मगर दिपतारा अफ सेट प्रेश काठमाडौं ।

शर्मा, जनकलाल (२०५७) हाम्रो समाज एक अध्ययन साझा प्रकाशन, काठमाडौं ।

शर्मा नगेन्द्र (२०५२) नेपाली जनजीवन, साझा प्रकाशन, काठमाडौं ।

शर्मा, शरदचन्द्र (२०४५) नेपाल र यसका निवासी नेपाल सरकार संचार मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्रीस, धर्मप्रसाद (२०३८) मगराँती संस्कृतिः दुर्गा श्रीस, विराटनगर ।

श्रेष्ठ, विनोद (२०३६) पाल्पाका मगर जातीको मानव भुगोल (परियोजना प्रतिवेदन, पोखरा दिनको कार्यालय) मा.सा.शा. अ.स. त्रिभुवन विश्वविद्यालय काठमाडौं ।

श्रेष्ठ, हरिप्रासद (२०४६) नेपालको इतिहास र संस्कृति एक झलक ।

Caplan A.P. (1972) Priest and Cobblers Inter text Book, London.

Caplan Lionel (1970) Land and Social Change in east Nepal' Routledge and Kegen Paul Ltd. London.

Das, Sarad Chandra (1970) Journey to the Lhasa andcentraltibet, Manjushree publishing House New Delhi.

Fisher, James (1985) Trans Himalajan Traders University of California Press Berkely U.S.A.

Http: //nepali Janajati. com/nepal Information

Malinowski, B. (1977) 'A Sciencfic Theory of Culture' the University of North Caroline Press, Chapel Hill.

Tuker, Francis (1957) Gorkhas, the Story of the Gorkhas of Nepal, Constable and Company Ltd. London.

## अनुसूची -१

अनुसन्धानको क्रममा घरधुरी सर्वेक्षण गर्दा प्रयोग गरिने प्रश्नावलीहरु :

नाम :-　　　　　　　　गा.वि.सं. :-　　　　　　　　वडा नं. :-

जिल्ला :-　　　　　　　　अञ्चल :-

| सि.नं. | नाम | घरमुलीसँगको नाता | लिङ्ग | उमेर | वैवाहिक अवस्था | शिक्षा | पेशा | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्राथमिक | द्धितिय |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

| घरमुलीसँगको नाता | लिङ्ग | वैवाहिक अवस्था | शिक्षा | पेशा |
|---|---|---|---|---|
| ०१ बुवा | ०१ पुरुष | ०१ विवाहित | ०१ पढ्न लेख्न नजान्ने | ०१ कृषि |
| ०२ आमा | ०२ महिला | ०२ अविवाहित | ०२ पढन मात्र जान्ने | ०२ व्यापार व्यावसाय |
| ०३ श्रीमान | | ०३ विधुवा | ०३ प्राथमिक | ०३ निजी स्तरमा पेशा |
| ०४ श्रीमती | | ०४ विदुर | ०४ नि.मा.वि. | ०४ सरकारी पेशा |
| ०५ छोरा | | ०५ सम्बन्ध विचछेद | ०५ मा.वि. | ०५ ज्यालादारी श्रमिक |
| ०६ छोरी | | ०६ एक्लै | ०६ १०+२ , आई. ए. | ०६ वाह्रय मुलुकमा पेशा |
| ०७ दाईभाई | | | ०७ वि.ए.वा सो भन्दा माथि | ०७ अन्य |
| ०८ बहारी | | | | |
| ०९ नाती/नातिनी | | | | |
| १०अन्य | | | | |

तपाईको परिवारको वार्षिक अनुपमानित आम्दानी विवरण :-

| सि.नं. | आम्दानीको स्रोत | जम्मा आम्दानी रु. |
|---|---|---|
| १ | कृषि | |
| २ | नोकरी | |
| ३ | व्यापार व्यावसाय | |
| ४ | पशुपालन | |
| ५ | अन्य | |
| जम्मा | | |

| सि.नं. | खर्चको शिर्षक | जम्मा खर्च रु. |
|---|---|---|
| १ | खाना | |
| २ | आवास | |
| ३ | लत्ताकपडा | |
| ४ | शिक्षा | |
| ५ | स्वास्थ्य | |
| ६ | चाडपर्व | |
| ७ | अन्य | |
| | जम्मा रु. | |

क) सामाजिक/ साकृतिक पक्षको जातिय वर्णनको विरण तयार पार्न प्रयोग गरिने प्रश्नावलीहरु :-

१. तपाईको परिवारमा कसको स्थान ठुलो हुन्छ ?

क) महिला ख) पुरुष

२. किन ठुलो हुन्छ ?

क) सामाजिक मान्यताको कारणले ख) पैसा कमाउने हुनाले

ग) चलिआएको परम्परा घ) अन्य

३. तपाई कुन धर्म मान्नुहुन्छ ?

क) हिन्दु ख) बौद्ध

ग) क्रिश्चियन घ) अन्य

४. तपाईको जातिमा कुन कुन चाडपर्वहरु मनाइन्छ ?

क) दशै ख) तिहार ग) होली

घ) माघेसक्रान्ती ङ) अन्य

५. तपाईहरुको आफ्नै परम्रागत चाडपर्वहरु पनि छन् ?

क) छन् ख) छैनन्

६. छन भने के के छन् ?

क) ख) ग)

७. तपाईहरुको जातिमा थर विभाजन छ कि छैन ?

क) छ ख) छैन्

८. घर विभाजन छ भने कति ओटा र कुन कुन थरहरु छन् ?

क) ख) ग)

९. तपाईहरुको गोत्र हुन्छ कि हुदैन ?

क) हुन्छ ख) हुदैन

१०. भएमा तपाईको गोत्र कुन हो ?

क) ख)

११) तपाईहरु मानिस विरामी पर्दा कहाँ लैजानु हुन्छ ?

क) धामीझाक्रिको घरमा ख) अस्पतालमा

१२) तपाईहरुको जातिमा जन्मदेखि मृत्युसम्म के के संस्कारहरु सम्पन्न गने चलन छ ?

क) न्वारान ख) छैटि ग) छेवर

घ) पास्नी ङ) अन्य

१३. तपाईहरुले संस्कारको बाट सम्पन्न गराउनुहुन्छ ?

क) ब्राहमण ख) आफ्नै जातिको पुरेत

ग) भाञ्ज घ) अन्य

१४. तपाईको जातिमा कस्तो विवाह प्रथा कायम छ ?

क) मागी ख) जारी ग) चोरी घ) अन्य

१५) मामाचेली फुपुचेला विवाह गर्ने चलन छ कि छैन ?

क) छ ख) छैन

१६) अन्तर जातिय विवाह गर्ने चलन छ कि छैन ?

क) छ ख) छैन

१७) छ, भने कुन कुन जातियसँग विवाह गर्ने चलन छ ?

क) ख)

१८) बहुविवाह र विधुवा विवाहको चलन छ कि छैन् ?

क) ख) छैन

१९) तपाईको जातिले प्रयोग गर्ने कपडाहरु के के हुन् ?

महिलाः- क) ख) ग) घ)

पुरुष :- क) ख) ग) घ)

२०) तपाईहरु कुन कुन देविदेवताहरुको पुजा आजा गर्नुहुन्छ ?

क) ख) ग) घ)

२१) पुजाआजाका अवसरमा कस्को उपस्थिति महत्वपुर्ण हुन्छ ?

क) दिदीबहिनी ख) भाञ्जा भाञ्जी

ग) ज्वाई घ) अन्य

२२) तपाईहरुको जातिमा नाचिने नाचहरु के के हुन् ?

क) सोरठी ख) घाटु ग) कोह्रा

घ) सालैजो ङ) अन्य

२३) तपाईहरुको जतिमा विभिन्न उत्सव तथा मेलापर्वमा विषेश रुपले गाईने गीतहरु के के हुन् ?

क) ख) ग)

२४) तपाईहरुको गीत, नृत्यको अवसरमा कस्ता बाजाहरु प्रयोग गर्नुहुन्छ ?

क) पञ्चैवाजा ख) मादल ग) मुरली घ) अन्य

२५) तपाईको आफ्नो कति जग्गा जमिन छ ?

खेत :-

बारी :-

२६) तपाई आफ्नो जग्गामा मात्र खेती गर्नुहुन्छ कि अरुको पनि कमाउनु हुनछ ?

क) आफ्नो मात्र ख) अरुको पनि

२७) तपाईले गर्ने कृषि कार्यबाट तपाईको परिवारलाई कति समय खान पुग्दछ ?

क) ०-३ महिना ख) ३-६ महिना ग) ६-९ महिना

घ) ९-१२ महिना ङ) पुगरे पनि बच्दछ

२८) तपाई कुन कुन पशुपन्छीहर पाल्नु भएको छ ?

क) गाई गोरु ख) भैसी राँगा ग) खसी बाख्रा घ) कुखुरा

ङ) हाँस च) सुगुर वंगुर छ) अन्य

२९) तपाईहरुको सामाजिक, समांस्कृतिक सुधारहरु सम्बन्धी केहि सुझाव र टिप्पणीहरु छन् कि ?

| सुझावहरु | टिप्पणीहरु |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

**ख) मगर जातिको सामाजिक, सांस्कृतिक पक्षमा आएको परिवर्तनको बारेमा सोधिने प्रश्नावलीहरु :-**

१) तपाई कुन भाषा बोल्नु हुन्छ ?

क) नेपाली ख) मगर

२) मगर भाषा बोल्ने भए परिवारका सबै सदस्यहरु मगर भाषा बोल्नुहुन्छ ?

क) छ ख)

३) तपाईहरुको भाषामा अहिले परिवर्तन भएको छ कि छैन ?

क) छ ख) छैन

४) छ भने के कस्तो परिवर्तन भएको छ ?

क) ख)

५) तपाईहरुको भेष भुषामा परिवर्तन भएको छ कि छैन् ?

क) छ                    ख) छैन्

६) छ भने के कस्तो परिवर्तन भएको छ ?

७) तपाईहरुको परम्परागत खानपानमा परिवर्तन भएको छ कि छैन् ?

क) छ                    ख) छैन

८) छ भने के कस्तो परिवर्तनहरु भएका छन् ?

९) तपाईहरुको चाडपर्व मनाउने शैलीमा परिवर्तन भएको छ ?

१०) छ भने के कस्तो परिवर्तन भएको छ ?

११) करिव ५ वर्ष अधि र अहिलेको अवस्थामा तपाईहरुको चाल चलनहरुमा परिवर्तन भएको छ कि छैन् ?

१२) परिवर्तन भएको छ भने के के परिवर्तनहरु भएको छन् ?

१३) तपाईहरुको विवाह प्रणालीमा पनि परिवर्तन भएको छ ?

क) छ                    ख) छैन

१४) छ भने के के परिवर्तन भएका छन् ?

१५) तपाईहरुको जातिमा धार्मिक मान्यतामा परिवर्तन भएको छ कि छैन्?

क) छ                    ख) छैन

१६) छ, भने कस्तो परिवर्तन भएको छ ?

१७) शिक्षा सम्बन्धि धारणामा परिवर्तन भएको छ कि छैन ?

१८) छ भने कस्तो परिवर्तन पाउनु भएको छ ?

१९) तपाईहरुको सांस्कृतिक पक्षलाई जोगाउनु के कस्तो कार्य गर्नु पर्ला ?

| सुझावहरु | टिप्पणीहरु |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |

**ग) असल-अभ्यास सम्बन्धि प्रश्नवलीहरुः**

१) तपाईको जातिको चाडपर्व मान्ने क्रमको राम्रा अभ्यासहरु के के छन् ?

२) जन्म संस्कारका असल अभ्यासहरु के के हुन् ?

३) मृत्यु संस्कारका तपाईलाई राम्रो लाग्ने कुराहरु के के हुन् ?

४) खेतीपाती गर्ने क्रमका असल कुराहरु के कस्ता छन् ?

५) घर निर्माण गर्ने क्रमका असल अभ्यासहरु छन् कि ?

६) पुजाआजा समबनिध तपाईलाई राम्रो लाग्ने पक्ष कुन हो ?

७) विवाहको राम्रो पक्ष के हो ?

८) अन्य जातिसागको समबन्धमा तपाईहरुको के ही राम्रा पक्षहरु छन् कि ? छन् भने के के हुन् ?

९) तपाईहरुको जातिमा मात्र भएका असल कुराहरु छन् भने :

१.
२.
३.
४.
५.

## अनुसूची - २

**मुख्य सुचना दातासँग अनर्तवार्ता लिदा प्रयोग गरिने अर्न्तवार्ता सूची :**

**क) समाजका बुढापाका मगरहरुसाग लिइने अनर्तवार्ता सूची**

१. मगरहरुको उत्पती

२. मगरहरुको इतिहास

३. मगरहरुको अन्य जातिसँगको सम्बन्ध

४. जिवन पद्धतीहरु

५. सामाजिक, सांस्कृतिक अवस्था र देखिएका परिवर्तन

६. मगरहरुको विवाह पद्धति, चाडपर्व, धर्म संस्कार भेषभुषा, लवाइ खवाइ र यसमा आएको परिवर्तन

७. मगरहरुमा भएका राम्रा पक्षहरु

८. मगरहरुमा भएका नराम्रा पक्षहरु

९. मगरहरुको सामाजिक, सांस्कृतिक परिवर्तनबाट देखिएका परिणामहरु

**ख) समाजका बुद्धिजिवि, शिक्षक,कर्मचारीहरुसाग लिइने अनतवार्ता सूचीः**

१. समाजमा मगरहरुको अवस्था र प्रभाव

२. मगरहरुको शिक्षा, स्वास्थ्य, राजनितिमा पहुँच

३. मगवरहरुको सामाजिक, सांस्कृतिक अवस्था

४. नयाँ पुस्तामा देखिएका परिवर्तनहरु

५. समाजमा महिलाको अवस्था

६. मगर समुदायका सकारात्मक पक्षहरु

७. मगर समुदायका नसकारात्मक पक्षहरु

८. मगरहरुको पेशा, व्यावसायमा देखिएका परिवर्तनहरु

९. मगर समुदायमा देखिने स्वास्थ्य समस्याहरु

१०. पहिले र अहिलेका मगर समुदायका सामाजिक सांस्कृतिक परिवर्तनहरु

११. परिवर्तन पछिको अवस्था र प्रभाव

१२. मगरहरुको अन्य जातिसँगको सम्बन्ध